वर्ष २० | अंक ९१ | काठमाडौं | बुधवार, १० पुस २०८१ | Wednesday, 25 December 2024 | पृष्ठ ८ | मूल्य रू. १०

ISSN No. 2822-1702

@abhiyannationaldaily
@aarthik_abhiyan

ग्राहक प्रति

www.abhiyandaily.com

# आर्थिक अभियान

हरेक दृष्टि, आर्थिक कोण

राष्ट्रिय दैनिक




महालक्ष्मी विकास बैंकद्वारा विभिन्न सहयोग कार्यक्रम सम्पन्न २

शेयर पूँजी कटौतीको अवधारणा ४

गहुँखेती गर्न रासायनिक मल अभाव ५

माथिल्लो तामाकोशी जलविद्युत् आयोजनाबाट उत्पादन शुरु ८







### सिमेन्ट र डन्डीको मूल्यवृद्धिप्रति निर्माण व्यवसायीको आपत्ति

# मूल्यवृद्धि नरोकिए सम्पूर्ण निर्माण कार्य रोक्ने चेतावनी

प्रशान्त खड्का

काठमाडौं

निर्माण व्यवसायीले सिमेन्ट र डन्डीको बढ्दो मूल्यवृद्धि कायमै रहे सम्पूर्ण निर्माण कार्य रोक्ने चेतावनी दिएका छन् । विगत १ महीनामा पटकपटक गरी सिमेन्ट प्रतिबोरा २०० रुपैयाँभन्दा धेरै र डन्डी प्रतिकिलो १५ रुपैयाँले महँगिएको उल्लेख गर्दै निर्माण व्यवसायीहरूको छाता संगठन नेपाल निर्माण व्यवसायी महासंघले मूल्यवृद्धि निरन्तर भइरहे सम्पूर्ण निर्माण कार्य रोक्ने चेतावनी दिएको हो ।

महासंघले आफ्ना सदस्यलाई मंगलवार पत्राचार गर्दै आआफ्ना चालू आयोजनाहरूमा मूल्यवृद्धि भएको अनुपातमा दाबीका लागि सम्बद्ध निकायमा यथाशीघ्र पत्राचार गर्न भनेको छ । मूल्यवृद्धि निरन्तर भइरहे सम्पूर्ण निर्माण कार्य रोक्न बाध्य हुने बेहोरासमेतको पत्राचार सम्बद्ध आयोजनाहरूमा गर्न पनि सदस्यहरूलाई आग्रह गरिएको छ । महासंघले सिमेन्ट र डन्डी उत्पादकहरूले ठोस कारणविनै कार्टेलिङ गरी मूल्य बढाएको दाबी गरेको छ ।

मङ्सिर २६ गते सिमेन्ट उद्योगी र निर्माण व्यवसायीबीच सिमेन्टको अधिकतम तोक्ने सहमति भएको भएको उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले बताएको थियो । उद्योगमन्त्री दामोदार भण्डारीले बढाइएको मूल्य केही घटाउन सिमेन्ट उद्योगीलाई आग्रह गरेका थिए ।

महासंघका अध्यक्ष रवि सिंहले सिमेन्ट र डन्डीको अस्वाभाविक रुपमा मूल्यवृद्धि हुँदा निर्माण कार्य गर्न आफूहरूलाई समस्या भइरहेको बताए । उनका अनुसार निर्माण सम्झौता हुने बेलाको जिल्ला दररेट एउटा हुने र अहिले मूल्य बढ्दा आफ्नो लागत बढ्ने भएकाले सरकारले मूल्यवृद्धिले पारेको असर सम्बोधन गर्नुपर्ने माग निर्माण व्यवसायीले गरेका हुन् ।

'अहिले बढेको बजार मूल्यअनुसारको दररेट पुनः तोक्ने व्यवस्था गर्नुपर्छ । अहिलेको समस्याका कारण कुनै पनि आयोजनाहरू सम्पन्न हुन सक्दैनन् । त्यसकारण सिमेन्ट र डन्डीको मूल्यवृद्धिको अनुपातमा दाबी गर्न नपाए हामी सम्पूर्ण निर्माण कार्य रोक्न बाध्य हुनेछौं,' उनले आर्थिक अभियानसँग भने ।




- सिमेन्ट प्रतिबोरा २०० रुपैयाँभन्दा धेरै र डन्डी प्रतिकेजी १५ रुपैयाँले महँगिएको गुनासो
- चालू आयोजनाहरूमा मूल्यवृद्धि भएको अनुपातमा भुक्तानी दाबी गर्न सदस्यहरूलाई निर्माण व्यवसायी महासंघको आग्रह
- सिमेन्ट उद्योगी भन्छन्- अहिले मूल्य घटाउने सम्भावना छैन
- सिमेन्टको मूल्यवृद्धिले दीर्घकालीन आयोजनामा खासै फरक नपर्ने सडक विभागको भनाइ

यसअघि गत मङ्सिर २६ गते निर्माण व्यवसायी महासंघ र सिमेन्ट उत्पादक संघबीच उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयमा भएको छलफलमा सिमेन्टको मूल्य घटाउने सहमति भएको पनि उनले दाबी गरे ।

उक्त छलफलमा काठमाडौं उपत्यकामा ओपीसी सिमेन्ट प्रतिबोरा ७०० र पीपीसी सिमेन्ट ६०० रुपैयाँमा उपलब्ध गराउने प्रतिबद्धता सिमेन्ट व्यवसायीले गरेको पनि उनको दाबी छ ।

» बाँकी पृष्ठ ५ मा

# कामका लागि विदेश जानेको संख्यामा कीर्तिमान

## एकै महीनामा झन्डै ८४ हजारले देश छाडे

विजय दमासे

काठमाडौं

मुलुकभित्र लगानीको वातावरण अझ राम्रो बनेको र रोजगारी सृजनासमेत उल्लेख्य बढेको सरकारले दाबी गरिरहेका बेला कामको खोजीमा विदेश जानेको संख्याले कीर्तिमान बनाएको छ ।

वैदेशिक रोजगार विभागको तथ्यांकअनुसार एकै महीनामा रोजगारीका लागि झन्डै ८४ हजार नेपालीले देश छाडेका छन् । रोजगारीका लागि एकै महीनामा यति धेरै नेपाली विदेशिएको यो पहिलो घटना भएको सरकारी अधिकारीहरूले बताएका छन् । वैदेशिक रोजगार विभागका निर्देशक लोकनाथ भुसालले गत मङ्सिरमा रोजगारीका लागि देश छाड्नेको संख्या हालसम्मकै उच्च रहेको बताए ।

वैदेशिक रोजगारीको इतिहासमा मङ्सिरअघि गतवर्ष भदौमा सबैभन्दा बढी ७६ हजार ४०३ जना नेपालीले कामका लागि देश छाडेको सरकारी तथ्यांक छ ।

उनका अनुसार यूरोपमा भन्दा खाडी मुलुकमै नेपालीहरू वैदेशिक रोजगारीका लागि गएका छन् । विभागको तथ्यांक हेर्ने हो भने मङ्सिरमा सरकारसँग अनुमति लिएर ८३ हजार ९३३ नेपाली कामको खोजीमा संसारका विभिन्न ९६ देश गएको देखिन्छ । मङ्सिरमा व्यक्तिगत र संस्थागत गरी ७० हजार ५०० पुरुष र १३ हजार ४३३ महिला श्रमस्वीकृति लिएर विदेश गएका छन् ।

गतवर्ष मङ्सिरमा ७१ हजार २७६ नेपाली वैदेशिक रोजगारीमा गएका थिए । गतवर्षको तुलनामा यस वर्ष १२ हजारभन्दा धेरै नेपाली वैदेशिक रोजगारीमा गएको सरकारी तथ्यांकले देखाउँछ । तीमध्ये ८५ प्रतिशतभन्दा बढी खाडीका देश गएको विभागको तथ्यांक छ ।

यस वर्ष मङ्सिरमा मात्र संयुक्त अरब इमिरेट्स (यूएई) जान २४ हजार ७६९ नेपाली नयाँ तथा पुनः श्रमस्वीकृति लिएका छन् । साउदी अरब जान दोस्रो धेरै १८ हजार ११५ जनाले श्रमस्वीकृति लिएका छन् ।

कतार जान १४ हजार ८४४ जनाले श्रमस्वीकृति लिएका छन् । अर्को रोजगार गन्तव्य मलेशिया जानेको संख्या भने घट्दो क्रममा रहेको देखिन्छ । मलेशियाले विदेशी कामदारको संख्यामा कोटा तोकेपछि त्यता जाने नेपालीको संख्या घट्न थालेको हो । गत मङ्सिरमा ४ हजार ४६९ नेपालीले मलेशिया जान श्रमस्वीकृति लिएको देखिएको छ ।



तस्वीर : रासस

**यही पुस १ गते त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलमा देखिएको भीड । यो भीडमा हवाई मार्गबाट विदेशिने र तिनलाई बिदाइ गर्न आउने व्यक्तिहरू छन् ।**

खाडी राष्ट्रमा बंगलादेशी र पाकिस्तानी कामदारलाई कडाइ गरिएका कारण धेरै नेपाली ती देश जाने बाटो खुलेको नेपाल वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष राजेन्द्र भण्डारीले बताए ।

गत साउनमा यूएईले बंगालदेशी कामदारका लागि भिसा लिन कडाइ गरेको थियो । केही बंगलादेशी कामदारले प्रदर्शन गरेपछि भिसामा कडाइ गरिएको अन्तरराष्ट्रिय सञ्चारमाध्यमहरूले बताएका छन् । त्यसैगरी यूएई, साउदी अरबलगायत विभिन्न देशले पाकिस्तानीलाई भिसामा कडाइ गरेका समाचार पनि हालै आएका छन् । खासगरी, पाकिस्तानीले भिखारी भएर माग्दै हिँडेका कारण कडाइ गरिएको समाचार आएको छ ।

धेरैजसो नेपाली कामदार निर्माण क्षेत्रमा गइरहेको भण्डारीले बताए । चालू आर्थिक वर्ष (आव) को मङ्सिरसम्म वैदेशिक रोजगारीमा जानेको संख्या ३ लाख १७ हजार पुगेको देखिन्छ । गत आवको ५ महीनामा २ लाख ७८ हजार नेपाली वैदेशिक रोजगारीमा गएका थिए । नेपालीहरू वैदेशिक रोजगारीमा जाने क्रम उल्लेख्य बढेसँगै मुलुकमा विप्रेषण आउने क्रमसमेत ह्वात्तै बढेको छ ।

» बाँकी पृष्ठ ५ मा

### कुन महीनामा कतिले देश छाडे ?

| महीना | संख्या |
|---|---|
| साउन | ५५,५७५ |
| भदौ | ५०,८८४ |
| असोज | ५६,२३४ |
| कात्तिक | ७०,९९० |
| मङ्सिर | ८३,९३३ |

स्रोत : वैदेशिक रोजगार विभाग

# बीमालेख नवीकरण गर्ने क्रम बढ्यो

अभियान संवाददाता

काठमाडौं


आर्थिक गतिविधिमा सुधारसँगै बीमा कम्पनीहरूको बीमालेख नवीकरणमा पनि सुधार देखिन थालेको छ । नेपाल बीमा प्राधिकरणका अनुसार चालू आर्थिक वर्ष (आव) २०८१/८२ को मङ्सिरसम्ममा लघुबाहेकका १४ ओटा जीवन बीमा कम्पनीले प्रथम बीमा शुल्कबाट १२ अर्ब ४७ करोड रुपैयाँ संकलन गर्दा नवीकरणबाट ५२ अर्ब ८ करोड १९ लाख रुपैयाँ उठाएका छन् ।

गत आव २०८०/८१ को मङ्सिरसम्ममा प्रथम बीमाशुल्क १० अर्ब ९७ करोड ३२ लाख रुपैयाँ संकलन हुदाँ नवीकरणबाट ५० अर्ब ७७ करोड ३८ लाख रुपैयाँ उठेको थियो ।


चालू आवको असोजसम्ममा बीमा कम्पनीहरूको प्रथम बीमाशुल्क संकलन २१ दशमलव ४६ प्रतिशतले वृद्धि हुँदा नवीकरण बीमाशुल्क ३ दशमलव ४ प्रतिशतले घटेको थियो । कात्तिकबाट कम्पनीहरूको प्रथम बीमाशुल्कसँगै नवीकरण बीमाशुल्क वृद्धि पनि सकारात्मक भएको हो । यसअघि कम्पनीहरूको बीमालेख नवीकरण नहुँदा व्यवसायमा प्रभाव पर्दै आएको थियो । आर्थिक गतिविधिमा केही सुधार देखिएपछि बीमा कम्पनीको व्यवसायमा पनि त्यसको प्रभाव पर्ने जीवन बीमक संघ नेपालका अध्यक्ष पोषकराज पौडेलले बताए । बैंक, वित्तीय संस्थाको कर्जा प्रवाह बढ्न थालेको, आयात-निर्यात बढेको र यसले आर्थिक गतिविधि बढाउने र बीमा कम्पनीहरूको व्यवसाय पनि बढ्ने उनले बताए ।

मङ्सिरसम्ममा जीवन बीमा कम्पनीहरूले कुल ६५ अर्ब ७४ करोड १८ लाख रुपैयाँ बीमाशुल्क आर्जन गरेका छन् । अघिल्लो आवमा यसै अवधिमा कम्पनीहरूले ६१ अर्ब ७४ करोड ७१ लाख रुपैयाँ कुल बीमाशुल्क आर्जन गरेकोमा यस वर्ष ६ दशमलव ४७ प्रतिशतले बढेको प्राधिकरणले बताएको छ ।

» बाँकी पृष्ठ ५ मा




स्रोत : नेपाल बीमा प्राधिकरण




# ऋणपत्र निष्कासन स्वीकृति १ वर्षदेखि रोकियो

प्रजिता बुढाथोकी

काठमाडौं

नेपाल धितोपत्र बोर्डले १ वर्षदेखि ऋणपत्र निष्कासनका लागि स्वीकृति प्रक्रिया अघि बढाएको छैन । पछिल्लो समय २०८० पुस २ गते नेपाल इन्भेष्टमेण्ट मेगा बैंकलाई बोर्डले ४ अर्ब ४ करोड रुपैयाँ बराबरको ४० लाख ४० हजार कित्ता ऋणपत्र निष्कासनका लागि अनुमति दिएको थियो । त्यसपछि कुनै पनि कम्पनीले ऋणपत्र निष्कासनका लागि अनुमति पाएका छैनन् ।


बोर्डमा हाल १० कम्पनीले २ करोड ८८ लाख कित्ता ऋणपत्र निष्कासनका लागि आवेदन पेश गरेका छन् । प्राइम बैंकले ३० लाख कित्ता, एन.आई.सी. एशिया बैंकले ५० लाख कित्ता, शाइन रेसुंगा डेभलपमेन्ट बैंकले १० लाख कित्ता, नेपाल इन्फ्रास्ट्रक्चर बैंकले ५० लाख कित्ता, राष्ट्रिय वाणिज्य बैंकले २५ लाख कित्ता, नबिल बैंकले ३० लाख कित्ता, सिटिजन्स बैंकले ३० लाख कित्ता, नेपाल एसबिआई बैंकले ३० लाख कित्ता, आइसिएफसि फाइनान्सले ३ लाख कित्ता र एभरेष्ट बैंकले ३० लाख कित्ता ऋणपत्र निष्कासनका लागि बोर्डमा आवेदन दर्ता गराएका छन् ।

» बाँकी पृष्ठ ५ मा

| कम्पनीको नाम | निष्कासन गर्न लागेको ऋणपत्र कित्ता | निवेदन दिएको मिति |
|---|---|---|
| राष्ट्रिय वाणिज्य बैंक (७ वर्षे अवधि, ८ प्रतिशत ब्याजदर) | २,५००,००० | २०७९ भदौ १४ गते |
| सिटिजन्स बैंक (१० वर्षे अवधि, ८.५ प्रतिशत ब्याजदर) | ३,०००,००० | २०८० माघ १२ गते |
| नेपाल एसबिआई बैंक (१० वर्षे अवधि, ७ प्रतिशत ब्याजदर ) | ३,०००,००० | २०८१ जेठ २ गते |
| नबिल बैंक (८ वर्षे अवधि, ८ प्रतिशत ब्याजदर ) | ३,०००,००० | २०८१ असार १४ गते |
| आइसिएफसि फाइनान्स (७ वर्षे अवधि, ९ प्रतिशत ब्याजदर) | ३००,००० | २०८१ असार १८ गते |
| एभरेष्ट बैंक (१० वर्षे अवधि, ७.५ प्रतिशत ब्याजदर) | ३,०००,००० | २०८१ असार २० गते |
| प्राइम बैंक (१० वर्षे अवधि, ८ प्रतिशत ब्याजदर ) | ३,०००,००० | २०८१ साउन २ गते |
| एन.आई.सी. एशिया बैंक (१० वर्षे अवधि, ८ प्रतिशत ब्याजदर) | ५,०००,००० | २०८१ असोज ७ गते |
| शाइन रेसुंगा डेभलपमेन्ट बैंक (१० वर्षे अवधि, ८ प्रतिशत ब्याजदर) | १,०००,००० | २०८१ असोज १४ गते |
| नेपाल इन्फ्रास्ट्रक्चर बैंक (७ वर्षे अवधि, ६ प्रतिशत ब्याजदर) | ५,०००,००० | २०८१ असोज १४ गते |
| जम्मा | २८,८००,००० | |

स्रोत : नेपाल धितोपत्र बोर्ड



काठमाडौंको थापाथलीमा फुटपाथ निर्माण स्थलमा पर्खाल बनाउँदै कामदार ।

*तस्वीर : सुनिल शर्मा/आर्थिक अभियान*

## नागरिक लगानी कोष र म्याग्दी हाइड्रोबीच शेयर प्रत्याभूति सम्झौता



काठमाडौं (अस) । नागरिक लगानी कोष र म्याग्दी हाइड्रोपावर लिमिटेडबीच शेयर प्रत्याभूति गर्ने सम्झौता भएको छ । सम्झौतामा कोषका कार्यकारी निर्देशक पर्वतकुमार कार्की र हाइड्रोपावरका अध्यक्ष भरतप्रसाद नेपालले आइतवार हस्ताक्षर गरेका छन् । हाइड्रोले प्रतिशेयर १०० रुपैयाँका दरले ४७ लाख ४५ हजार कित्ता वापतको ४७ करोड ४५ लाख रुपैयाँ बराबरको शेयर निष्कासन गर्न कोषसँग प्रत्याभूति सम्झौता गरेको हो । सम्झौताको अवधि हस्ताक्षर भएको मितिले ६ महीनासम्म रहने बताइएको छ ।

## महालक्ष्मी विकास बैंकद्वारा विभिन्न सहयोग कार्यक्रम सम्पन्न

काठमाडौं (अस) । महालक्ष्मी विकास बैंकको लालबन्दी शाखाले रोटरी क्लब अफ ठमेल काठमाडौं र रोटऱ्याक्ट क्लब अफ थेम्स इन्टरनेशनल कलेजको संयुक्त पहलमा गरिएको परियोजना 'परियोजना न्यानो' अन्तर्गत सर्लाहीको इश्वरपुर नगरपालिका-२ का सीमान्तकृत मुसहर समुदायलाई न्यानो डस्ना, ब्ल्यांकेट र कपडाका लागि आर्थिक सहयोग गरेको छ ।



त्यसै गरी बैंकको राजापुर शाखाले मङ्सिर २२ देखि २९ गतेसम्म सञ्चालनमा आएको धार्मिक सप्ताह श्रीमद् भागवत ज्ञान महायज्ञमा अमर शहिद बहुमुखी क्याम्पससँगको सहकार्यमा फोहोर संकलन तथा क्याम्पस रोड र क्याम्पस परिसरभित्र सरसफाइ गर्न तथा फोहोरमैला व्यवस्थापन गर्न डस्टबिन वितरण गरेको छ ।

राजदेवी सांगीतिक समूह कलैया बाराले कलैया उपमहानगरपालिका-१ स्थित राजदेवी माता मन्दिरको प्राङ्गणमा आयोजना गरेको रक्तदान कार्यक्रममा आवश्यक पर्ने फलफूल, जुस, साउण्ड सिष्टम, मिठाई लगायतका सामग्री खरीद गर्न बैंकले आर्थिक सहयोग गरेको बताइएको छ । बैंकले गर्दै आएका यस्ता संस्थागत सामाजिक उत्तरदायित्व कार्यबाट समग्र आर्थिक तथा सामाजिक विकासमा टेवा पुग्ने विश्वास बैंकको छ । बैंकले हालै ग्राहकलाई अत्याधुनिक, सुरक्षित तथा सहज डिजिटल बैंकिङ सुविधा उपलब्ध गराउने बैंकको नीति बमोजिम मोबाइल एप्लिकेसनलाई परिष्कृत गर्दै 'महालक्ष्मी स्मार्ट साथी' सञ्चालनमा ल्याएको बताइएको छ ।

## दराजको '१.१ न्यू इयर मेगा सेल'

काठमाडौं (अस) । नेपालकै अग्रणी ई-कमर्स प्लेटफर्म दराजले नजिकिँदै गरेको नयाँ वर्षको स्वागतार्थ १.१ न्यू इयर मेगा सेलको आयोजना गर्ने भएको छ । १.१ न्यू इयर मेगा सेल, आज (पुस १०) देखि पुस २१ सम्म चल्ने बताइएको छ । यस मेगा सेलमार्फत नयाँ वर्षको भव्य स्वागत गर्न कम्पनीले ग्राहकलाई निःशुल्क डेलिभरी, ७० प्रतिशतसम्म छूटसहितको विशेष फ्ल्याश सेल डिल र रू. २ करोड बराबरको भौचरसमेत उपलब्ध गराउने बताएको छ ।

मेगा सेलमार्फत कम्पनीले खेलकुद तथा आउटडोर, फर्निचर तथा होम डेकोर, महिला लुगा तथा जुत्ता, अडियो तथा मोबाइलका सामान, स्वास्थ्य तथा सौन्दर्य सामग्री लगायत विभिन्न श्रेणीमा रू. ४ हजारसम्मका छूट प्राप्त गर्न मिल्ने भौचर उपलब्ध गराउने बताइएको छ ।

मेगा सेल छूटमा मात्र सिमित नभएको र यसमार्फत ग्राहकले नयाँ उत्पादन, क्लियरेन्स सेल, विभिन्न ब्रान्डको हट डिलमार्फत ६० प्रतिशतसम्म छूटका साथै बजेट बाइज अन्तर्गत रू. ६९९, ९९९ र १ हजार ९९९ भित्रको विशेष अफरको फाइदा उठाउन सक्ने बताइएको छ ।

त्यस्तै पुस ११ गते एभरेस्ट बैंकका डेबिट कार्ड प्रयोगकर्ताले १० प्रतिशत वा रू. ५०० र क्रेडिट कार्ड प्रयोगकर्ताले १५ प्रतिशत वा रू. ७५० सम्मको छूट पाउने बताइएको छ । अफर अन्तर्गत पुस १२ गते एनएमबि बैंकको डेबिट र क्रेडिट कार्ड प्रयोग गर्दा १० प्रतिशत वा रू. ५०० सम्म र पुस १३ मा हिमालयन बैंकको डेबिट कार्ड प्रयोगकर्ताले १० प्रतिशत वा रू. ५०० तथा क्रेडिट कार्ड प्रयोगकर्ताले १५ प्रतिशत वा रू. ५०० सम्मको छूट पाउने बताइएको छ ।

## नामीको 'अ जोइफुल क्रिसमस एट भाटभटेनी विथ नामी' अफर

काठमाडौं (अस) । क्रिसमसको अवसरमा नामीले ग्राहकलाई भाटभटेनी सुपर मार्केटमा सप्राइज उपहार प्रदान गर्ने भएको छ । डिसेम्बर २३ देखि २५ सम्म काठमाडौं उपत्यकाका भाटभटेनी स्टोरमा ग्राहकले सान्ता क्लसलाई भेट्ने, सर्प्राइज उपहार प्राप्त गर्ने र बिग ह्याच विथ फाइभ स्टार लक्जरी नामीको टेस्ट ड्राइभ गर्ने मौका पाउने बताइएको छ ।




डिसेम्बर २३ मा शुरू भएको यो 'अ जोइफुल क्रिसमस एट भाटभटेनी विथ नामी' अफर काठमाडौं उपत्यकाभित्र भक्तपुर, कोटेश्वर, सानागाउँ र टोखाका भाटभटेनी सुपर मार्केटमा डिसेम्बर २५ सम्म चल्ने बताइएको छ । काठमाडौं उपत्यका बाहिर प्रमुख शहर वीरगञ्ज, विराटनगर, चितवन, पोखरा र बुटवलका भाटभटेनीमा समेत ग्राहकले नामीको अनुभव लिन पाउने बताइएको छ ।

## सिटिजन्स बैंकका ग्राहकलाई इजी डेन्टलमा छूट

काठमाडौं (अस) । सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड र काठमाडौंको महांकालस्थित इजी डेन्टल प्रालिबीच बैंकका ग्राहकलाई छूट दिनेसम्बन्धी समझदारी भएको छ । सो समझदारीपत्रमा हस्ताक्षरपश्चात् बैंकका कार्डवाहक र मोबाइल बैंकिङ प्रयोगकर्ताले इजी डेन्टलका सेवामा १५ प्रतिशतसम्म छूट पाउनेछन् । यस सहकार्यबाट बैंकका ग्राहक लाभान्वित हुनुका साथै नगद कारोबारबाट डिजिटल कारोबारतर्फ उत्प्रेरित हुने विश्वास बैंकको छ ।

बैंकले डिजिटल माध्यमको प्रयोग बढाउन र ग्राहकलाई डिजिटल भुक्तानीमा प्रोत्साहन गर्न समय समयमा ग्राहकमैत्री सुविधा सञ्चालनमा ल्याउँदै आएको छ । डिजिटल कारोबार गर्दा पाइने छूट सम्बन्धी विस्तृत विवरण बैंकको वेबसाइटमा प्राप्त गर्न सकिने बताइएको छ ।




हालै मात्र विश्वकै प्रतिष्ठित अवार्ड 'बैंक अफ द इयर २०२४' को उपाधि प्राप्त गरेको बैंकले केही समयअघि मात्र फोनपेसँगको सहकार्यमा नेपालमै पहिलोपटक 'सिटिजन्स फोनपे क्रेडिट कार्ड' सञ्चालनमा ल्याएको बताइएको छ । साथै मोबाइल बैंकिङ एपमार्फत नै शेयर आवेदन र सीआरएन नम्बर सेवा लिन सकिने सुविधा पनि ल्याएको बताइएको छ ।

## धरानमा आजदेखि 'सूर्य नेपाल इस्टर्न ओपन' हुँदै

काठमाडौं (अस) । 'सूर्य नेपाल गल्फ टुर २०२४-२५' को तेस्रो प्रतियोगिता 'सूर्य नेपाल इस्टर्न ओपन' आज (बुधवार)देखि धरान गल्फ क्लबमा शुरू हुँदै छ । सूर्य नेपालद्वारा प्रायोजित ५४ होलको यो प्रतियोगिता तीन दिनसम्म सञ्चालन हुने बताइएको छ । प्रतियोगिताको कुल पुरस्कार राशी रू. ८ लाख ८२ हजार रहेको बताइएको छ ।

विजेताले रू. १ लाख ५० हजार, दोस्रो हुनेले रू. १ लाख, तेस्रो हुनेले रू. ७५ हजार प्राप्त गर्ने बताइएको छ । शीर्ष २१ स्थानमा आउने खेलाडीले पनि पुरस्कार राशी जित्ने बताइएको छ । प्रतियोगितामा २९ प्रोफेशनल गल्फ खेलाडी र २६ एमेच्योर खेलाडी (५ वा सोभन्दा कम हेयान्डिक्याप भएका) खेलाडी सहभागी हुने बताइएको छ । प्रतियोगिताका प्रमुख दावेदारमध्ये



भुवन नगरकोटी, दिनेश प्रजापति, जयराम श्रेष्ठ, निरज तामाङ, सञ्जय लामा र धन थापा छन् ।

३६ होलको खेलपछि कट लागू गरिने प्रतियोगिताको शीर्ष २१ प्रोफेशनल र एमेच्योर खेलाडीहरू अन्तिम १८ होलको चरणमा प्रवेश गर्ने बताइएको छ ।

## नेपाल एसबिआई बैंक लिमिटेडको लुम्बिनी प्रदेश कार्यालय स्थानान्तरण

काठमाडौं (अस) । नेपाल एसबिआई बैंकले नेपालगञ्ज उपमहानगरपालिका-२ सुर्खेत रोड, नेपालगञ्जस्थित लुम्बिनी प्रदेश कार्यालय सिद्धार्थनगर नगरपालिका-८, नारायणपथ भैरहवामा स्थानान्तरण गरेको छ । प्रदेश कार्यालयको उद्घाटन बैंकका प्रबन्ध निर्देशक तथा प्रमुख कार्यकारी अधिकृत दीपककुमार देले बैंकका प्रबन्ध निर्देशक तथा प्रमुख कार्यकारी अधिकृत (नियुक्त) रामकुमार तिवारी, प्रमुख सञ्चालन अधिकृत विकास आनन्द, प्रमुख व्यवसाय प्रवर्द्धन अधिकृत रितेश अर्याल र बैंकका अन्य वरिष्ठ पदाधिकारीको उपस्थितिमा गरेका थिए ।



हाल यस बैंकले १०० शाखा, २२ एक्स्टेन्सन काउन्टर, १९ शाखारहित बैंकिङ, सात प्रादेशिक कार्यालय, एक कर्पोरेट अफिस, १२२ एटिएमबाट आन्तरिक तथा विश्वव्यापी नेटवर्कमार्फत सेवा प्रदान गर्दै आएको छ ।

## 'बजाज फाइनान्स मेला २०२४' हुँदै

काठमाडौं (अस) । नेपालका लागि बजाज मोटरसाइकलको आधिकारिक विक्रेता हंसराज हुलासचन्द एण्ड कम्पनी प्रालिले पुस १० देखि १६ गतेसम्म नक्सालस्थित बाइकर्स क्याफेमा विशेष 'बजाज फाइनान्स मेला २०२४' आयोजना गर्न लागेको छ । यो मेलाले ग्राहकलाई बजाज मोटरसाइकल खरीद गर्न थप सहज बनाउने उद्देश्य राखेको बताइएको छ ।

फाइनान्स मेलामा सेवा शुल्क शून्य रहने र अन्य कुनै अतिरिक्त शुल्क नहुने कम्पनीले बताएको छ । त्यसैगरी ९ दशमलव ९९ प्रतिशत ब्याजदरमा फाइनान्स सुविधा, ३६ महीनासम्मको लचिलो किस्ताबन्दी योजना र १ घण्टाभित्रै ऋण स्वीकृत हुनेजस्ता विशेष सुविधा पनि उपलब्ध हुने बताइएको छ । प्रत्येक खरीदमा ग्राहकले निःशुल्क एक्सेसरीसमेत प्राप्त गर्नेछन् ।

बजाज मोटरसाइकलका कार्यकारी निर्देशक अभिमन्यु गोल्छाले ग्राहकको सहजता र खुशीलाई प्राथमिकतामा राख्दै कम्पनीले फाइनान्स मेला २०२४ ल्याएको बताए । बजाज मोटरसाइकलका ग्राहकका लागि फाइनान्स मेला एक सुनौलो अवसर हुने उनको भनाइ छ । कार्यक्रममा सहभागी भई यी विशेष अफरको लाभ उठाउन ग्राहकलाई कम्पनीले आग्रह गरेको छ ।

## 'इन्ड्राइभ स्टार्टअप आइसिटी अवार्ड २०२४'को विजेता

काठमाडौं (अस) । क्रिमसन टेक प्रालि इन्ड्राइभ स्टार्टअप आइसिटी अवार्ड २०२४ को विजेता बनेको छ । क्रिमसन टेक इन्ड्राइभ आइसिटी अवार्ड २०२४ अन्तर्गत इन्ड्राइभ स्टार्टअप आइसिटी अवार्डको विजेता बनेको हो । आइसिटी अवार्डसँग शीर्ष प्रायोजकको रूपमा सहकार्य गर्न पाउँदा गौरवान्वित भएको इन्ड्राइभले जानकारी दिएको छ । आइसिटी अवार्डले सन् २०१६ देखि सूचना तथा सञ्चार प्रविधिको क्षेत्रमा काम गर्दै आएका स्टार्टअप, व्यक्ति र संस्थालाई प्रोत्साहन तथा सम्मान गर्दै आएको बताइएको छ ।

इन्ड्राइभका एसिया प्यासिफिक कम्युनिकेसन्स लिड पवित नन्दा आनन्दले इन्ड्राइभले आईसीटी क्षेत्रमा स्टार्टअपका लागि पहिचान र सशक्तीकरणको महत्त्व बुझ्ने र अन्तरराष्ट्रिय मञ्चमा उनीहरूका




उपलब्धीलाई प्रकाश पार्ने कार्यक्रममा योगदान दिन पाउँदा गर्व महसूस गरेको बताइन् । आईसीटी अवार्ड २०२४ का अध्यक्ष राजन लम्सालले प्रविधिको उन्नतिप्रतिको इन्ड्राइभको प्रतिबद्धता, आईसीटी सेक्टरमा नवीन स्टार्टअपलाई पहिचान तथा उत्थान गर्ने लक्ष्य र आईसीटीको लक्ष्य पूर्णरूपमा मेल खाने बताए ।

## तमोर नदीस्थित लुमुघाट मोटरेबल पुल पुनर्निर्माण थालियो

तेह्रथुम । तमोर नदीस्थित तेह्रथुम-पाँचथर जोड्ने लुमुघाट मोटरेबल पुलको पुनर्निर्माण शुरू भएको छ । म्याङलुङ नगरपालिकाका प्रमुख सञ्जयकुमार तुम्बाहाङ्फेले करीब १३ वर्षपछि लुमुघाट मोटरेबल पुलको पुनर्निर्माण थालिएको जानकारी दिए ।

सडक विभाग मातहतको पुल सेक्टरको रू. १७ करोड लागतमा उक्त पुल निर्माण गर्ने ठेक्का पाएको थियो । निर्माण कम्पनीले २०६८ असार २६ गते तीन वर्षभित्र निर्माण सम्पन्न गर्नेगरी सम्झौता गरेको थियो । निर्माण कम्पनीले काम नगरी पुल अलपत्र छाडेको थियो ।

अधुरो छाडेको काम तेह्रथुम र पाँचथरका जनप्रतिनिधि, स्थानीय प्रशासन र सरोकारवालाको दबाबपछि निर्माण कम्पनीले पुनः शुरू गरेको नगरप्रमुख तुम्बाहाङ्फेको भनाइ छ । पुल जग निर्माण गर्ने क्रममा १० मिटर गहिराइमा ढुंगा भेटिएपछि पुनः 'सोयल टेष्ट' गरेर 'रिडिजाइन' गर्ने विषयमा विवाद भएपछि पुल निर्माण रोकिएको थियो । गत मङ्सिर २० गते भौतिक पूर्वाधार मन्त्रालयमा बसेको सर्वपक्षीय बैठकमा पुरानै डिजाइनमा पुल बनाउने सहमति भएपछि निर्माण कार्यले निरन्तरता पाएको हो ।

सबै पक्षको सहयोग रहे आउने असारसम्ममा पुल निर्माणको काम सम्पन्न गरिसक्ने निर्माण कम्पनीका साइड इन्चार्ज विजय लामिछानेले बताए । पाँचथरको कुम्मायक गाउँपालिका र तेह्रथुमको म्याङलुङ नगरपालिकालाई जोड्ने उक्त मोटरेबल पुल निर्माण सम्पन्न भएपछि दुई जिल्लाको सदरमुकाम सबैभन्दा छोटो दूरीमा जोडिनेछन् । *रासस*

**शाइन रेसुङ्गा डेभलपमेण्ट बैंक लिमिटेड**

**केन्द्रीय कार्यालय**: बुटवल-११, कालिकानगर, रुपन्देही, फोन: ०७१-४१५५०२/४१५५०३
E-mail: info@srdb.com.np, URL: www.srdb.com.np

**सोह्रौं वार्षिक साधारण सभा सम्बन्धी सूचना**

(प्रथम पटक प्रकाशित मिति २०८१/०८/२४ गते कारोबार दैनिक)

शाइन रेसुङ्गा डेभलपमेण्ट बैंक लिमिटेडको मिति २०८१ मंसिर २३ गते बसेको सञ्चालक समितिको ३०२औं बैठकको निर्णय बमोजिम सोह्रौं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा देहायका विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी एवं उपस्थितीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, समय र स्थान :**
**मिति** : २०८१ पौष १९ गते, शुक्रबार (तद्नुसार जनवरी ३, २०२५) ।
**समय** : बिहान ११ : ०० बजे ।
**स्थान** : ड्रिमल्याण्ड गोल्ड रिसोर्ट एण्ड होटल प्रा.लि., मणिग्राम, रुपन्देही ।

**छलफलका विषयहरु:**

**क. साधारण प्रस्तावहरु:**
१. आ.व. २०८०/०८१ को सञ्चालक समितिको बार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहित २०८१ साल आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण, सोही मितिमा समाप्त आ.व. २०८०/०८१ को नाफा वा नोक्सान विवरण, नगद प्रवाह लगायतका वित्तीय विवरणहरु छलफल गरी पारित गर्ने ।
३. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम वितरणयोग्य सञ्चित मुनाफाबाट चुक्ता पूँजीको ५ (पांच) प्रतिशतले हुने रकम रु. २३,६६,८४,५४८/०० (अक्षरेपी तेईस करोड छैसठ्ठी लाख चौरासी हजार पाँच सय अठ्चालीस मात्र) बराबरको नगद लाभांश (लाभांशमा लाग्ने कर सहित) वितरण गर्न स्वीकृत गर्ने ।
४. आर्थिक वर्ष २०८१/०८२ को लेखापरिक्षण गर्न लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।
५. सञ्चालक समितिमा संस्थापक शेयरधनीहरुको तर्फवाट प्रतिनिधित्व गर्ने ३ जना र सर्वसाधारण शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने ३ जना सञ्चालकहरुको निर्वाचन गर्ने ।

**ख. विशेष प्रस्तावहरु:**
१. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम वितरणयोग्य सञ्चित मुनाफावाट चुक्ता पूँजीको ३ (तीन) प्रतिशतले हुन आउने रकम रु. १४,२०,१०,७२९/०० (अक्षरेपी चौध करोड बीस लाख दश हजार सात सय उनान्तीस मात्र) बोनश शेयर वितरण गर्न स्वीकृत गर्ने र सोही बमोजिम जारी तथा चुक्ता पूँजी बृद्धि गरी प्रबन्धपत्रको संम्वन्धित दफा संशोधन गर्ने ।
२. शाइन रेसुङ्गा डेभलपमेण्ट बैंक लिमिटेड र अन्य बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (Merger) तथा प्राप्ती/समाहित (Acquisition) हुने प्रयोजनका लागि उपयुक्त बैंक तथा वित्तीय संस्थाको पहिचान गर्ने, सहमती पत्र (Memorandum of Understanding) मा हस्ताक्षर गर्ने सोको आधारमा सैद्धान्तिक स्वीकृतिका लागि नेपाल राष्ट्र बैंकमा निवेदन दिने, सम्पत्ति तथा दायित्वको मूल्याङ्कन (Due Diligence Audit) गर्न परामर्शदाता, मूल्याङ्कनकर्ता, लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने तथा उक्त कार्यसंग सम्बन्धित अन्य आवश्यक कार्यहरु गर्नका लागि सञ्चालक समितिलाई अख्तियारी दिने ।
३. प्रबन्धपत्र तथा नियमावली संशोधन गर्ने सम्बन्धमा नियमनकारी निकायबाट फेरबदल गर्न निर्देशन भएमा आवश्यकता अनुसार सोमा थपघट, परिमार्जन, संशोधन तथा सच्याउनका लागि सञ्चालक समिति वा समितिले तोकेको व्यक्तिलाई अख्तियारी प्रदान गर्ने ।

**ग. विविध ।**

**सञ्चालक समितिको आज्ञाले**
कम्पनी सचिव

**नोट:**
१. वार्षिक साधारण सभा सम्बन्धी विस्तृत जानकारीको लागि मिति २०८१/०८/२४ गतेको कारोबार दैनिकमा प्रकाशित सूचना हेर्नुहुन अनुरोध गरिन्छ ।
२. सञ्चालकहरुको निर्वाचन कार्यक्रम सम्बन्धी सूचना बैंकको वेबसाइटः www.srdb.com.np मा हेर्नुहुन अनुरोध गरिन्छ । साथै, उक्त सूचना बैंकको केन्द्रीय कार्यालय, बुटवल-११, रुपन्देही, प्रमुख निर्वाचन अधिकृतको कार्यालयको सूचना पाटीमा समेत टाँस गरिएको व्यहोरा अनुरोध छ ।

**हार्दिक श्रद्धाञ्जली**



जन्म
वि.सं. २०१२ मंसिर १२ गते

स्वर्गारोहण
वि.सं.२०८१ मंसिर २८ गते

**स्व.पूर्ण बहादुर घर्ति**

यस एशियन लाईफ इन्स्योरेन्स कम्पनी लि., कोहलपुर शाखा कार्यालय अन्तर्गतको शमशेरगंज उपशाखा कार्यालयमा कार्यरत कर्मचारी श्री प्रमिला घर्तिका पुजनिय बुवा (ससुरा) पूर्ण बहादुर घर्तिको देहावसान भएको आज १३ औं दिनको पूण्यतिथिमा दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै, यस दुःखद घडीमा शोक सन्तप्त परिवार प्रति हार्दिक समबेदना प्रकट गर्दछौं ।

**एशियन लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेड परिवार**

ASIAN Life Insurance Company
एशियन लाईफ इन्स्योरेन्स कं. लि.

**निक्षेपउपर हकदावीगर्ने सम्बन्धी १५ दिने सूचना**

तपसिलमा उल्लिखित यस बैंकका खातावालको मृत्यु भएको हुादा निजहरुको नाममा यस बैंकको तीनधारा शाखाकार्यालयको खातामा रहेको रकम पाउँ भनी मृतकका देहायकाहकवालाले आवश्यक कागजात सहितयस बैंकका सम्बन्धित शाखामा निवेदन दिनुभएको हुँदा उक्तखातावालको नाममा रहेको निक्षेपमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिमको अग्र प्राथमिकतामा अन्य कुनै हकदार भएको भएत्यस्ता हकदारले यो सूचना प्रकाशित भएको मितिले **१५ (पन्ध्र) दिन**भित्र स-प्रमाण यस बैंकमा हकदावी गर्न यो सूचना प्रकाशित गरिएको छ । म्यादभित्र हकदावी गर्न नआएमा निवेदकको निवेदन बमोजिम भई जाने जानकारी गराइन्छ ।

| सि.नं | मृतकखातावालको नाम | ठेगाना | खाता नं. | शाखा | मृत्यु भएको मिति | हकदाबीगर्ने/निवेदकको नाम, ठेगाना र (मृतकसंगको नाता) |
|---|---|---|---|---|---|---|
| १. | **अम्बिका श्रेष्ठ**<br>बाबु : खड्ग बहादुर प्रधान<br>बाजे : लमबोधर प्रधान | बाग्मती प्रदेश, काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका वडा नं. ०९, बत्तीसपुतली | बचत खाता नं. ०११००१०९५४६०१ | तीनधारा शाखा | २०८१/०४/०३ | बाग्मती प्रदेश, काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका वडा नं. ०९, बत्तीसपुतली बस्ने संगीता श्रेष्ठ (छोरी) |

NABIL BANK®
प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं फोन नं. ०१-५९७१८७१

कम्पनीले यस विवरणपत्र मार्फत आफ्नो जारी पूँजी रु ७५,००,००,०००।- (अक्षरेपी पचहत्तर करोड मात्र) को ३० प्रतिशत अर्थात रु.२२,५०,००,०००।- (अक्षरेपी बाईस करोड पचास लाख मात्र) रकम बराबरको प्रति कित्ता अंकित मूल्य रु.१००।- दरको २२,५०,००० कित्ता साधारण शेयरको १० प्रतिशतले हुने २,२५,००० कित्ता शेयर बराबरको रकम रु.२,२५,००,०००।- (अक्षरेपी दुई करोड पच्चीस लाख मात्र) नेपाल सरकारको सम्बन्धित निकायको श्रम स्वीकृति लिई बैदेशिक रोजगारीमा रहि रहेका नेपाली नागरिकहरुको लागि, ५ प्रतिशतले हुने १,१२,५०० कित्ता शेयर बराबरको रकम रु.१,१२,५०,०००।- (अक्षरेपी एक करोड बाह्र लाख पचास हजार मात्र) सामुहिक लगानी कोषको लागि प्रथम चरणमा बाँडफाँड गरी, ३ प्रतिशतले हुने ६७,५०० कित्ता शेयर बराबरको रकम रु.६७,५०,०००।- (अक्षरेपी सतसठ्ठी लाख पचास हजार मात्र) कम्पनीमा कार्यरत कर्मचारीहरुको लागि सुरक्षित गरी बाँकी रहने १८,४५,००० कित्ता शेयर बराबरको रकम रु.१८,४५,००,०००।- (अक्षरेपी अठार करोड पैतालिस लाख मात्र) सर्वसाधारणहरुमा प्रारम्भिक सार्वजनिक निष्काशन गरिएको ।

कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित भई बीमा ऐन, २०७९ बमोजिम संचालित

# गार्डियन माइक्रो लाइफ इन्स्योरेन्स लिमिटेड
# GUARDIAN MICRO LIFE INSURANCE LIMITED

रजिष्टर्ड ठेगाना:- विराटनगर महानगरपालिका, मुनालपथ, मोरङ्ग, नेपाल
फोन नं.: ९७७-०२१-५९०९०२, वेबसाइट: www.gmli.com.np | इमेल: info@gmli.com.np

# आह्वान-पत्र

**यो विवरण-पत्र नभई केवल आह्वान-पत्र मात्र हो ।**

| सर्वसाधारण तर्फको साधारण शेयरको बिक्री खुला अवधि: | |
|---|---|
| निष्काशन खुल्ला मिति: | २०८१/०९/२१ गतेदेखि |
| निष्काशन बन्द मिति (छिटोमा): | २०८१/०९/२४ गते (बैंकिङ्ग समय पश्चात्) सम्म |
| निष्काशन बन्द मिति (ढिलोमा): | २०८१/१०/०६ गते (बैंकिङ्ग समय पश्चात्) सम्म |

**दरखास्त दिनुपर्ने न्युनतम कित्ता: १० कित्ता**

**दरखास्त दिन पाउने अधिकतम कित्ता: १,००,००० कित्ता**

**दरखास्त साथ प्रति साधारण शेयर अंकित मूल्य रु. १००/- का दरले शतप्रतिशत भुक्तानी माग गरिएको**

**लगानीकर्ताले धितोपत्रको सार्वजनिक निष्काशनमा लिखित वा विद्युतीय माध्यमबाट आवेदन दिंदा अनिवार्य रुपमा उक्त निष्काशनको लागि तयार गरेको विवरणपत्र पढी आफ्नो स्वःविवेकले दरखास्त दिनु हुन अनुरोध गर्दछौं ।**

**क्रेडिट रेटिङ्ग सम्बन्धी व्यवस्था:** यस विवरणपत्र अनुसार सार्वजनिक रुपमा निष्काशन गर्न लागिएको साधारण शेयरको लागि "क्रेडिट रेटिङ्ग नियमावली, २०६८" को नियम ३ मा भएको व्यवस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त केयर रेटिङ्ग संस्था श्री केयर रेटिङ्ग नेपाल लिमिटेड, पुतलीसडक, काठमाडौंबाट क्रेडिट रेटिङ्ग गराई मिति २०८१/०४/२३ गते "[CARE-NP-BB-(is)] (Double B Minus)" प्रमाणपत्र प्राप्त गरेको छ । "[CARE-NP-BB-]" ले (Issue with the rating are considered to offer moderate risk of default regarding timely servicing of financial obligations ) भन्ने जनाउँदछ । यो रेटिङ्गको अवधि ग्रेडिङ्ग प्राप्त भएको मितिले एक बर्ष अर्थात २०८२/०४/२१ गतेसम्म बहाल रहने छ । केयर रेटिङ्गस् नेपाल लि. ले CARE-NP AAA (IS) देखि CARE-NP D(IS) प्वाइन्ट रेटिङ्ग प्रदान गर्दछ । जसमा CARE-NP AAA (IS) ले बलियो आधार जनाउँदछ भने CARE-NP D(IS) ले कमजोर आधारहरु जनाउँछ । CARE-NP BBB देखि CARE-NP BB(Is) ले औसत आधारहरु जनाउँदछ । "CARE-NP B(Is), CARE-NP C(Is), "CARE-NP D(Is) ले औषत भन्दा कम आधारहरु जनाउँदछ ।

**कम्पनीको नेटवर्थ, प्रति शेयर आम्दानी र सञ्चित नाफा/नोक्सानसँग सम्बन्धित वास्तविक तथा प्रक्षेपित संक्षिप्त विवरण:**

| विवरण | वास्तविक | | अपरिष्कृत | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|
| | ०७८/०७९ | ०७९/०८० | ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ |
| प्रति शेयर नेटवर्थ (रु.) | - | १००।३४ | १००।५९ | १०१।२६ | १०२।५७ | १०४।११ |
| प्रति शेयर आम्दानी (रु.) | - | ०।३४ | ०।२५ | ०।८५ | १।३० | १।५४ |
| संचित नाफा/(नोक्सान) (रु. हजारमा) | - | १,५८३।५५ | २,७५०।४७ | ८,४१४।४४ | १७,११७।७५ | २७,४२४।१९ |

नेपाल धितोपत्र बोर्डबाट विवरणपत्र स्वीकृत भएको मिति: २०८१/०८/०७ कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरणपत्र दर्ता भएको मिति: २०८१/०८/०७ नेपाल बीमा प्राधिकरणको कार्यालयमा विवरणपत्र दर्ता भएको मिति: २०८१/०८/०९ ।

**(१) संस्थाको नाम:** गार्डियन माइक्रो लाइफ इन्स्योरेन्स लिमिटेड (GUARDIAN MICRO LIFE INSURANCE LIMITED)

**(२) कुन ऐन अन्तर्गत स्थापित भएको सो कुरा:**

यस गार्डियन माइक्रो लाइफ इन्स्योरेन्स लिमिटेड कम्पनी ऐन, २०६३ बमोजिम नेपाल सरकार, कम्पनी रजिष्ट्रारको कार्यालयमा पब्लिक लिमिटेडको रुपमा मिति २०७९/०९/११ गते दर्ता भई बीमा ऐन, २०७९ बमोजिम मिती २०७९/१२/२७ मा लघु जीवन बिमा व्यवसाय गर्ने इजाजत पत्र प्राप्त भएको हो ।

**(३) संस्थाको रजिष्टर्ड ठेगाना:**

यस कम्पनीको रजिष्टर्ड कार्यालय मोरङ्ग जिल्ला, विराटनगर महानगरपालिका, मुनालपथमा रहेको छ । आवश्यकता अनुसार कम्पनी ऐन, २०६३ बमोजिम रजिष्टर्ड कार्यालय स्थानान्तरण गर्न सकिनेछ ।

**(४) कारोवार गर्ने मुख्य स्थान:**

यस कम्पनीको कारोबार गर्ने मुख्य स्थान कम्पनीको रजिष्टर्ड कार्यालय कोशी प्रदेश, मोरङ्ग जिल्ला विराटनगर महानगरपालिका मुनालपथमा रहेको छ । आवश्यकता अनुसार नेपाल बीमा प्राधिकरणको स्वीकृति लिई नेपाल राज्यभर तथा विदेशमा आफ्नो शाखा, उपशाखा तथा सम्पर्क कार्यालय खोली लघु जीवन बीमा सम्बन्धी कारोबार गर्न सक्नेछ । यस कम्पनीले आ. व. ०८०/८१ मा देहाय बमोजिमका स्थानहरुमा १ प्रदेश, ३ शाखा, १८ उपशाखा, १ एक्स्टेन्सन काउण्टर र केन्द्रीय कार्यालय समेत गरी २४ स्थानबाट आफ्नो लघु जीवन बीमा सम्बन्धी कारोबार गर्दै आइरहेको छ ।

**क. केन्द्रीय कार्यालय**

| क्र.स. | कार्यालयको नाम | कार्यालय रहेको स्थान | प्रदेश | स्थापना मिति |
|---|---|---|---|---|
| १ | केन्द्रीय कार्यालय | मोरङ्ग जिल्ला विराटनगर महानगरपालिका वडा नं. ७, | कोशी | २०८०/०१/०१ |

**ख. प्रदेश कार्यालय**

| क्र.स. | कार्यालयको नाम | कार्यालय रहेको स्थान | प्रदेश | स्थापना मिति |
|---|---|---|---|---|
| १ | बाग्मती प्रदेश कार्यालय | का.म.न.पा.३० सानोगौचरण | बाग्मती | २०८०/०१/०५ |

**ग.शाखा कार्यालय**

| क्र.स. | शाखा कार्यालयको नाम | कार्यालय रहेको स्थान | प्रदेश | स्थापना मिति |
|---|---|---|---|---|
| १ | भरतपुर | भ.म.न.पा.१० हाकिमचोक | बाग्मती | २०८०/०५/२० |
| २ | नेपालगञ्ज | नेपालगञ्ज उ.म.न.पा.२ पुष्पलालचोक | लुम्बिनी | २०८०/०५/२० |
| ३ | जीतपुर | जीतपुर उ.म.न.पा वडा नं ७ सिमरा, बारा | मधेश | २०८०/१२/०१ |

**घ. उप शाखा कार्यालय**

| क्र.स. | उप शाखा कार्यालयको नाम | कार्यालय रहेको स्थान | प्रदेश | स्थापना मिति |
|---|---|---|---|---|
| १ | चन्द्रगढी | भद्रपुर न.पा. वडा न. ८ झापा | कोशी | २०८०/०५/२० |
| २ | उर्लाबारी | उर्लाबारी न.पा. वडा नं. ५ मोरंग | कोशी | २०८०/०५/१८ |
| ३ | धनकुटा | धनकुटा न.पा वडा नं. ७ धनकुटा | कोशी | २०८०/०५/२० |
| ४ | संखुवासभा | खादबारी न.पा वडा न.१ बुद्धचोक | कोशी | २०८०/०६/१५ |
| ५ | भोजपुर | भोजपुर न.पा वडा न. १ | कोशी | २०८०/०७/०१ |
| ६ | सिराह | लाहान न.पा वडा नं. १ | मधेश | २०८०/०५/१५ |
| ७ | मिचैया | मिर्चैया न.पा वडा न. ६ | मधेश | २०८०/०६/३० |
| ८ | चन्द्रपुर | चन्द्रपुर न.पा वडा नं. ४ रौतहट | मधेश | २०८०/११/२८ |
| ९ | नुवाकोट | बिदुर न.पा वडा नं. २ बट्टार | बाग्मती | २०८०/०६/२५ |
| १० | बाग्लुङ्ग | बाग्लुङ्ग न.पा वडा नं. २ | गण्डकी | २०८०/०६/१८ |
| ११ | स्याङ्गजा | पुतलीवजार न.पा. वडा नं.१ | गण्डकी | २०८०/०६/१८ |
| १२ | गोरखा | गोरखा न.पा. वडा नं. ६ हरमटारी | गण्डकी | २०८०/०७/०३ |
| १३ | बुटवल | बु.उ.म.न.पा वडा न. ८ रुपन्देही | लुम्बिनी | २०८०/०६/१५ |
| १४ | दाङ्ग | घोराही न.पा. वडा नं १५ दाङ्ग | लुम्बिनी | २०८०/०५/२३ |
| १५ | प्युठान | प्युठान न.पा. वडा नं ४ | लुम्बिनी | २०८०/०५/२० |
| १६ | रोल्पा | मिझिट -७ | लुम्बिनी | २०८०/०५/२० |
| १७ | जुम्ला | जुम्ला | कर्णाली | २०८१/०१/०१ |
| १८ | कञ्चनपुर | महेन्द्रनगर न.पा वडा नं ४ | सु.प. | २०८०/०५/१८ |

**ङ. एक्सटेनसन काउण्टर**

| क्र.स. | एक्स्टेनसन काउण्टर | कार्यालय रहेको स्थान | प्रदेश | स्थापना मिति |
|---|---|---|---|---|
| १ | कपन | का.म.न.पा वडा नं. ६ कपन, काठमाण्डौ | बाग्मती | २०८०/१२/०५ |

**(५) संगठित संस्थाको स्थापनाकालदेखि हालसम्मको संक्षिप्त इतिहास र संगठित संस्थाको मूख्य उद्देश्यहरु:**

यस गार्डियन माइक्रो लाइफ इन्स्योरेन्स लिमिटेड नेपाल सरकार, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७९ पौष ११ गते दर्ता भएको हो । बीमा ऐन, २०७९ तथा बीमा विनियमावली, २०४९ अनुसार मिति २०७९ चैत्र २७ गते नेपाल बीमा प्राधिकरणबाट लघु बीमा सम्बन्धी कारोबार गर्न स्वीकृति प्राप्त गरी लघु जीवन बीमा कम्पनीको हैसियतले मिति २०८० असार २२ गते देखि लघु जीवन बीमा सम्बन्धी कारोबार सञ्चालन गर्दै आइरहेको छ । **"सुरक्षा सबैको अधिकार"** भन्ने उदेश्यका साथ स्थापित गार्डियन माइक्रो लाइफ इन्स्योरेन्स नेपालको पहिलो पुर्ण डिजिटल प्रविधिबाट बीमालेख जारी गर्ने लघुजीवन बीमा कम्पनी हो । यस संस्थाको लक्ष्य भनेको अति जोखिममा रहेका न्युन आय भएका सिमान्तकृत वर्गका व्यक्तिलाई बीमा सेवा प्रदान गर्ने तथा बीमाको सहज पहुँच दिलाउनु रहेकोछ । लघु जीवन बीमाको माध्यमबाट गरिवी निवारणमा समेत उल्लेख्य योगदान गर्नेछ । न्युन आय भएका सिमान्तकृत वर्गका व्यक्ति समुदायमा रहेको आर्थिक जोखिमहरू व्यवस्थापन गर्न र अप्रत्याशित घटनाहरू विरुद्ध आफ्नो भविष्य सुरक्षित गर्न सक्छन् ।

गरिबीको रेखामुनी रहेका, न्युन आय, सिमान्तकृत साथै बीमाको पहुँचमा नरहेका नागरिकलाई उनिहरुको आवश्यकता अनुरुप जीवन बीमासेवा उपलब्ध गराउनु नै कम्पनीको मुख्य उद्देश्य हो । कम्पनीले बीमालाई प्रविधि मैत्री, सहज र सजिलो तरीकाले मोबाइल एपबाट नै बीमालेख खरिद गर्न सक्ने व्यवस्था गरेको छ ।

**कम्पनीको प्रबन्धपत्रको दफा ४ अनुसार कम्पनीको मूख्य उद्देश्यहरु देहाय बमोजिम रहेको छ:**

(क) प्रचलित बीमा सम्बन्धी कानुनको अधिनमा रही विभिन्न प्रकारका लघु जीवन बीमा व्यवसाय गर्ने, गराउने र दिगो एवं सरल रुपमा लघु जीवन बीमा सेवा उपलब्ध गराउने ।
(ख) दैनिक तथा आकश्मिक दुर्घटना घटेको कारणले हुने मृत्यु, शारीरिक चोट पटक आदिको लागि लघु जीवन बीमा गर्ने गराउने ।
(ग) मृत्यु लाभका साथै महिला तथा पुरुषको सावधिक म्यादी तथा नेपाल बीमा प्राधिकरणले तोकी दिएको लघु जीवन बीमा गर्ने गराउने ।
(घ) स्वदेशी बिदेशी बीमक, पुनर्बीमक व्यवसायीहरुसँग सहकार्य गरी । राष्ट्रिय तथा अन्तराष्ट्रियस्तरमा सबै किसिमका लघु जीवन बीमा, सह लघु जिवन बीमा तथा पुनर्बीमा गर्ने गराउने ।
(ङ) जीवन लघु बीमा व्यवसायको सिलसिलामा स्वदेशमा बीमक, पुनर्बीमक, दलाल, बीमा अभिकर्ता आदि नियुक्ति गर्ने गराउने ।
(च) दुर्गम, ग्रामिण तथा शहरी क्षेत्रको सीमान्तकृत तथा न्यून आय भएका समुदायलाई लक्षित गरी लघु जीवन बीमा सेवाको प्रवाह गर्ने ।
(छ) लघु जीवन बीमा सेवाका सेवाग्राहीको रुपमा न्यून आय भएका परिवारको पहिचानका लागि स्पष्ट मापदण्ड तयार गरी सहुलियत दरमा लघु जीवन बीमा सेवा प्रवाह गर्ने व्यवस्थालाई सुदृढ पार्ने ।
(ज) गरिबी निवारण सम्बन्धी विभिन्न कार्यक्रम र परियोजनाहरुलाई लघु जीवन बीमासँग आबद्ध गरी समन्वयात्मक रुपमा कार्यक्रम संचालन गर्ने ।
(झ) लघु उद्यमशीलताको विकास गर्नका लागि स्थापित निकायहरुसँग समन्वय गरी लक्षित वर्गको जीवनमा पर्ने जोखिम सुरक्षण गर्ने गरी बीमालेख जारी गर्ने ।
(ञ) विभिन्न जोखिम समूहको बीमा, पुनर्बीमा तथा बीमा दाबी भुक्तानी व्यवस्था मिलाउन गठन हुने लघु बीमा पुल (सामूहिकीकरण) को स्थापना तथा व्यवस्थापन गर्ने गराउने ।
(ट) लघु बीमा वा पुनर्बीमा सम्बन्धमा स्वदेशी विदेशी बीमा कम्पनी, व्यक्तिसँग सम्झौता गर्ने, त्यस्तो सम्झौतामा सहभागी बन्ने । बीमालेखहरु हस्तान्तरण गर्ने । आफूले पनि सो अनुसार गर्ने गराउने ।
(ठ) आफूले ग्रहण गरेको बीमा व्यवसाय अन्तर्गत उत्पन्न भएका दाबी एवं व्यवस्थापन गरेका बीमा कोष अन्तर्गत उत्पन्न हुने दाबी भुक्तानी सम्बन्धी कार्य गर्ने ।
(ड) स्थानीय स्तरमा विद्यमान सामुदायिक संस्था, बचत तथा ऋण सहकारी, लघुवित्त कारोबारमा संलग्न संस्थाहरुसँग आबद्ध जनतालाई समेट्ने गरी लघु बीमाका बीमालेख बिक्री गर्ने ।
(ढ) स्थानीय तहमा लघु बीमाको पहुँच बढाउनुका साथै त्यस्तो नागरिकहरुमा बीमाको माध्यमबाट जीवनको सुरक्षण गर्ने प्रचलनको विकास गर्ने ।

**(१०) संगठित संस्थाको उच्च व्यवस्थापकीय तहका अधिकृत कर्मचारीहरु सम्बन्धी विवरण :**

२. लघु जीवन बीमा सेवा न्यून आय भएका गरिब, पिछडिएका तथा सिमान्तकृत समुदायलाई लक्षित भएकोले बजारमा यसको प्रतिष्पर्धा न्यून रहेको साथै लघु जीवन बीमा कम्पनीले जारी गर्ने बीमालेखको न्यून बीमाङ्क रकम तोकिएकोले जोखिमको भार कम रहने ।
३. यस कम्पनीले डिजिटल माध्यमबाट बीमा सम्बन्धी सेवाहरु प्रदान गर्ने भएकाले बजारमा सजिलै आफू रहेको स्थान बाटनै चाहेको बखत बीमालेख लिन सकिने हुनाले दूरदराजमा रहेका बीमा सेवाबाट बञ्चित सेवाग्राहीहरुले बीमा खरिद गरी बीमाको पहुँचमा बृद्धि हुने ।
४. बीमा सेवा क्षेत्रसँग सम्बन्धित निम्न जोखिमहरु रहन सक्दछन् जसलाई कम्पनीको व्यवस्थापनले समय सापेक्ष व्यवस्थापन गर्नुपर्दछ :
४.१. देशको राजनैतिक तथा आर्थिक अवस्थामा आउने उतार चढावबाट हुन सक्ने जोखिमहरु ।
४.२. दैविक प्रकोप, विभिन्न रोगहरुको महामारीबाट उत्पन्न हुन सक्ने जोखिमहरु ।
४.३. बैदेशिक रोजगारीमा देखा पर्ने विभिन्न समस्याका कारण उत्पन्न हुन सक्ने जोखिमहरु ।
४.४. बीमा प्रतिस्पर्धी बजारबाट उत्पन्न हुन सक्ने जोखिमहरु ।

**(घ) आयोजना सम्पन्न हुन ढिलाई हुने सम्भावना र त्यसबाट हुने मूल्य अभिवृद्धि (cost overrun) को जोखिम:** लघु जीवन बीमा सेवा प्रदायक रहेकाले लागु नहुने ।

**(ङ) विदेशी विनिमयको जोखिम:** देशको वैदेशिक व्यापार नीतिमा हुन सक्ने परिवर्तन तथा विदेशी मुद्राको विनिमय दरमा घटबढ भई उत्पन्न हुन सक्ने सम्भावित जोखिमहरु । विदेशी विनिमय कारोबार गर्दा विनिमय दरमा हुने परिवर्तनबाट हुनसक्ने जोखिमहरुलाई व्यवस्थापन गर्न बजारमा उपलब्ध भएसम्मका वित्तीय उपकरणहरु प्रयोग गरी जोखिम न्यूनीकरण गरिनेछ । यद्यपी लघु जीवन बीमा सेवा प्रदायक भएकाले तथा पुनर्बीमा सम्बन्धी सम्झौता नेपाली पुनबीमकहरु सँग मात्र गरिएकाले विदेशी विनिमयको जोखिम नरहेको ।

**(च) कानूनी प्रकृयाहरु तथा ईजाजत प्राप्त गर्नु पर्ने सो बाट पर्न सक्ने अवरोधहरु:** लागू नहुने ।

**(छ) क्षेत्रीयकरण र विश्वव्यापीकरण (Globalization) का कारणबाट उत्पन्न हुन सक्ने जोखिम:**
नेपालका अधिकांश जनसंख्याहरु बैदेशिक रोजगारीमा रहेकाले क्षेत्रीय स्तर तथा अन्तर्राष्ट्रिय बजारमा हुन सक्ने परिवर्तनले बीमा सेवा लगायत अन्य क्षेत्रहरुमा वित्तीय जोखिमको असर पर्न सक्छ ।

**(ज) सरकारी नीति तथा नियमहरुमा हुने परिवर्तन तथा विश्वव्यापी रुपमा हुने नीतिगत परिवर्तनबाट हुने जोखिम:**
- नेपाल सरकार तथा नेपाल बीमा प्राधिकरणबाट नीति नियममा हुने परिवर्तनबाट श्रृजना हुन सक्ने जोखिमहरु ।
- देशको मौद्रिक नीति लगायत नेपाल बीमा प्राधिकरणबाट जारी गर्ने नियम निर्देशनहरुको अप्रत्याशित परिवर्तनबाट श्रृजना हुने सम्भावित जोखिमहरु ।

**(झ) सञ्चालन इतिहासको अभाव:** कम्पनी रजिष्ट्रारको कार्यलयमा मिति २०७९/०९/११ गते विधिवत दर्ता गरी मिति २०७९/१२/२७ मा नेपाल बीमा प्राधिकरणबाट इजाजतपत्र लिई मिति २०८०/०३/२२ गतेदेखि आफ्नो व्यवसायिक सेवा प्रारम्भ गरेको हुदा कम्पनीको इतिहास छोटो भएता पनि कम्पनीमा कार्यरत जनसक्ती विगत लामो समय बीमा क्षेत्रमा नै कार्यरत रहेको र नेपाल सरकार तथा नेपाल बीमा प्राधिकरणको अध्ययन अनुसन्धानबाट लघु जीवन बीमा कम्पनीको आवश्यकता देखि इजाजतपत्र दिएको हुंदा संञ्चालन इतिहासको अभावका कारण जोखिम न्युन रहेको छ ।

**(ञ) प्रविधिको परिवर्तनबाट हुने सक्ने जोखिम:**
१. कम्पनीले हाल डिजिटल माध्यमबाट बीमा सेवा प्रारम्भ गरेकाले न्यून जोखिम रहेको छ । समयसँगै भविष्यमा प्रविधिको परिवर्तन अनुरुप जोखिमलाई न्यूनिकरण गर्न नँया प्रविधिहरुको अवलम्बन गरिनेछ ।
२. प्रविधि सम्बन्धी परिवर्तनबाट कम्पनीको सञ्चालन तथा कारोबार प्रणालीमा अप्रत्याशित जोखिम रहनु स्वभाविक नै हो । कम्पनीले प्रयोग गर्ने सफ्टवेयरमा प्रविधिको परिवर्तनबाट आउन सक्ने जोखिम व्यवस्थापनको लागि तथ्याङ्कहरुको सुरक्षार्थ Data Backup मा विशेष सतर्कता अपनाईएको छ र त्यसबाट जोखिमलाई न्यूनीकरण गर्न कम्पनी सक्षम रहेको छ ।

**(ट) अन्य :**
- देशको राजनैतिक अस्थिरताबाट आउन सक्ने जोखिमहरु ।
- देशको आर्थिक अवस्थामा आउने उतार चढावबाट हुन सक्ने जोखिमहरु ।

**सम्भावित आर्थिक जोखिमहरुलाई न्यूनीकरण गर्न व्यवस्थापनले निम्न उपायहरु अवलम्वन गर्दै जानेछ:**
- वित्तीय साधनको समुचित व्यवस्थापनका लागि सम्पत्ति/दायित्व व्यवस्थापनमा विशेष ध्यान दिई अधिक प्रतिफलजन्य वित्तीय उपकरणहरुको पहिचानका लागि लगानी उपसमितिको भूमिका विस्तारित गर्ने ।
- निश्चित हद भन्दा माथिको बीमाङ्क रकम स्वदेशी तथा विदेशी पुनर्बीमा कम्पनीहरुसँग पुनर्बीमा गरी बीमा व्यवसायमा अन्तर्निहित जोखिमको व्यवस्थापन गर्ने ।
- ग्राहक पहिचान सम्बन्धी व्यवस्थालाई थप प्रभावकारी बनाउँदै सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी निर्देशनको पूर्ण परिपालना गरी यस सम्बन्धी जोखिमको व्यवस्थापन गर्ने ।
- नेपाल बीमा प्राधिकरणद्वारा जारी लगानी निर्देशिका, संस्थागत सुशासन, सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी निर्देशनहरुको पूर्ण परिपालना गरी अन्तर्निहित जोखिम पहिचान गरी सोको व्यवस्थापन गर्ने ।
- कम्पनीको सूचना प्रविधि तथा जोखिम व्यवस्थापन नीति अनुरुप कम्पनीको सूचना प्रविधि प्रणालीलाई चुस्त र अद्यावधिक बनाई राख्ने ।
- आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाई प्रभावकारी लेखा परीक्षणको माध्यमबाट संस्थागत सुशासनका मान्यताहरु सुनिश्चित गर्ने ।
- उचित जोखिम मूल्याङ्कन गरी कुशल जोखिम व्यवस्थापन गर्ने ।

| | | | |
|---|---|---|---|
| ४ | महाविपत्ती पुनर्बीमा | रु. पाँच करोड सम्मको कम्पनीले व्यहोर्ने र सो भन्दा बढी रु. दश करोडसम्म पुर्नबीमा कम्पनीले व्यहोर्नेछ । | पुनर्बीमक हिमालयन रि सँग मिति १४/०८/२०८० मा (1st January to 31st December 2024) को लागि महाविपत्ती पुनर्बीमा सम्झौता गरी नेपाल बीमा प्राधिकरणबाट जारी बीमकको पुनर्बीमा निर्देशिका, २०८० अनुरुप पुनर्बीमा गरिएको छ । |

**धितोपत्रको मूल्य परिवर्तन सम्बन्धी जोखिम:**
रु. १००/- प्रति शेयरको दरले निष्काशन गरिएको मूल्यले सूचीकरण पश्चात् नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा हुने कारोबार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुनसक्ने परिवर्तनको जोखिम रहेको छ ।

**(१६) धितोपत्रको बाँडफाँड, फिर्ता भुक्तानी तथा सूचीकरण सम्बन्धी व्यवस्था:**

**(अ) अत्याधिक माग वा न्यून माग भएको अवस्थामा बाँडफाँडको प्रक्रिया:**
**सर्वसाधारण शेयरधनीहरुको सम्बन्धमा:** यस विवरणपत्र मार्फत जारी गरिएको साधारण शेयर खरीदका लागि आवेदनकर्ताहरुबाट अत्याधिक माग भई आएको अवस्थामा प्राप्त भएका आवेदनहरुलाई धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ निर्देशिकामा भएको व्यवस्था अनुसार साधारण शेयरहरु बाँडफाँड गरिनेछ । त्यसैगरी निष्काशन गरिएको अवधि भरमा समेत सर्वसाधारणहरुबाट न्यून माग भई आएको अवस्थामा बाँकी रहेको शेयर प्रत्याभूतिकर्ताबाट प्रत्याभूति सम्झौतामा उल्लेख भएको शर्त बमोजिम खरीद हुनेछ ।

**(आ) अत्याधिक माग भएको वा बाँडफाँड नभएको अवस्थामा फिर्ता भुक्तानी सम्बन्धी व्यवस्था:**
शेयर बापतको आवेदन लिने कार्य धितोपत्र खरीद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३ मा भएको व्यवस्था बमोजिम आस्वामा सहभागी सदस्य बैंक तथा वित्तीय संस्थाहरुबाट हुनेछ । उक्त निर्देशिकाको व्यवस्था बमोजिम आवेदकको खातामा नै आवेदन रकम रोक्का राखिने भएकोले शेयरको अत्याधिक माग भई प्रत्येक आवेदकले माग गरे बमोजिमको शेयर बाँडफाँट गर्न नसकिने अवस्थामा निजलाई बाँडफाँट भएको शेयर वापतको रकम मात्र माग गरी बाँकी रकम सोही खातामा कानुन बमोजिम आस्वामा सहभागी सदस्य बैंक तथा वित्तीय संस्थाहरुबाट नै रोक्का फुकुवा हुने व्यवस्था मिलाईनेछ ।

**(इ) निवेदन साथ प्राप्त रकमको फिर्ता भुक्तानीमा ढिलाई भएमा दिइने ब्याजदर:**
"धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४" ले निर्धारित गरेको समयभित्र शेयरको बाँडफाँट पत्र तथा रकम फिर्ता भुक्तानी दिन नसकिएमा शेयरको बिक्री बन्द भएको मितिदेखि रकम फिर्ता भुक्तानी दिन शुरु गरेको अघिल्लो दिनसम्मको सरकारी ऋणपत्रको प्रचलित अन्तिम ब्याजदरको आधारमा हुन आउने ब्याज सहित हिसाब गरी रकम फिर्ता भुक्तानी गरिने व्यवस्था रहेकोमा यस निष्काशनमा धितोपत्र खरीद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३ ले गरेको व्यवस्था बमोजिम आवेदन माग गर्नुपर्ने हुन्छ र आवेदककै बैंक खातामा रकम रोक्का हुने व्यवस्था रहेको ।

**(ई) धितोपत्र बाँडफाँड तथा प्रमाणपत्र जारी सम्बन्धी प्रक्रिया र समयावधि :**
निष्काशन गरिने साधारण शेयर "धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४" मा भएको व्यवस्था अनुसार साधारण शेयरको बाँडफाँट गरी सूचीकरण भए पश्चात् "धितोपत्र केन्द्रिय निक्षेप सेवा नियमावली, २०६७" को नियम २४ को उपनियम ७ बमोजिम सम्बन्धित शेयरधनीको हितग्राही खातामा अभौतिक रुपमा शेयर जम्मा गरिनेछ ।

**(उ) धितोपत्र सूचीकरण भैसकेको भए, त्यस्तो धितोपत्र सूचीकरण गरिएको धितोपत्र बजारको नाम र धितोपत्र कारोवार शुरु हुनको लागि संगठित संस्थाले पूरा गर्नु पर्ने शर्तहरु सम्बन्धी विवरण:**
निष्काशन गर्ने साधारण शेयर हाल सूचिकरण भैसकेको छैन ।

**(ऊ) धितोपत्र सूचीकरण भैनसकेको भए, संगठित संस्थाले निष्काशन तथा बिक्री गरिने धितोपत्रहरु प्रचलित ऐन, नियम अनुसार सहज खरीद बिक्री वा विनिमय हुन सक्ने गराउनको लागि गरिने व्यवस्था सम्बन्धी विवरण:** निष्काशन गरिने साधारण शेयर धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ मा भएको व्यवस्था अनुसार सर्वसाधारणलाई शेयर निष्काशन गरी बाँडफाँड गरे पश्चात् कम्पनी आफै वा कम्पनीबाट नियुक्त शेयर रजिष्ट्रार मार्फत सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा धितोपत्र दर्ता तथा नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा प्रचलित सूचिकरण सम्बन्धी व्यवस्था अनुसार सूचिकरण गराई बाँडफाँडमा परेका आवेदकहरुको हितग्राही खातामा बाँडफाँडमा परेको शेयर जम्मा गरी शेयर खरीद बिक्रीको व्यवस्था मिलाईनेछ ।

**(१७) आवेदन दिंदा पालना गर्नुपर्ने शर्त बन्देजहरु जस्तै एक भन्दा बढी दरखास्त दिन नपाइने, लगानीकर्ताको पहिचानको लागि नागरिकता/जन्मदर्ताको प्रमाणित प्रमाणपत्रको प्रतिलिपि पेश गर्न पर्ने वा धितोपत्र दलाल व्यवसायीले दिएको ग्राहक परिचय पत्र र सम्बन्धित व्यवसायीको नाम खुलाउनुपर्ने र बैंक खाता मार्फत कारोबार गरिनुपर्ने जस्ता पक्षहरु :**

**सर्वसाधारणको हकमा:**
१. कुनै पनि नेपाली नागरिकले यस विवरणपत्र अनुसार जारी गरिने शेयर खरीद गर्न आवेदन दिन सक्नेछन् ।
२. आस्वा प्रणाली अन्तर्गतको आवेदन दिंदा भर्नुपर्ने अनुसूची ४ को सम्पूर्ण विवरणहरु स्पष्ट रुपमा खुलाउनु पर्नेछ ।
   क. धितोपत्र निष्कासषनकर्ता कम्पनीको नाम ।
   ख. आवेदकको नाम, थर, ठेगाना, नागरिकता नं., दस्तखत, सम्पर्क फोन नं., इमेल ठेगाना ।
   ग. नावालक र विक्षिप्त व्यक्तिको हकमा संरक्षकको नाम, थर र नाता ।
   घ. खरिद गर्न चाहेको धितोपत्रको संख्या (अंक र अक्षरमा) ।
   ङ. खरिद गर्न चाहेको धितोपत्र वापतको रकम (अंक र अक्षरमा) ।
   च. आवेदकको खाता रहेको बैंकको नाम, ठेगाना, खाता नं. र खाताको किसिम ।
   छ. आवेदकको हितग्राही (DEMAT) खाता नम्बर ।
३. आवेदकहरुले आवेदन दिंदा आस्वा सदस्य बैंकहरुमा रहेको आवेदन वापतको रकम रोक्का राखिने खाता अन्य कुनै प्रकारले रोक्का रहेको वा निष्क्रिय (Dormant) रहेको हुनुहुँदैन ।
४. आवेदन दिएको रकम बराबरको रकम खातामा हुनु पर्नेछ ।
५. "धितोपत्र खरीद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३" अनुरुप आस्वा(ASBA)सदस्य बैंक तथा वित्तीय संस्थाबाट आवेदन दिने आवेदकहरुका सम्बन्धित बैंक तथा वित्तीय संस्थाले नै बाँडफाँडमा नपर्ने लगानीकर्ताको धितोपत्र खरीदको आवेदन बमोजिम रोक्का राखेको खाताको रकम मात्र रोक्का फुकुवा गरिदिनेछ ।
६. एक व्यक्तिले आफूले खरिद गर्न चाहेको साधारण शेयरको लागि एक भन्दा बढी दरखास्त दिने पाइने छैन । यदि एक व्यक्तिको नाममा एक भन्दा बढी आवेदन प्राप्त हुन आएमा सम्पूर्ण दरखास्तलाई रद्द गरिनेछ ।
७. दरखास्त फाराममा गलत विवरण भरेको वा उल्लेख गर्नुपर्ने सम्पूर्ण विवरण उल्लेख नगरेको वा भरेको नपाइएमा सो दरखास्त फारामलाई रद्द गरिनेछ ।
८. धितोपत्र खरीदको लागि दरखास्त दिंदाको अवस्थामा वा दरखास्त दिईसकेपछि खरीद गरेको धितोपत्र वापतको रकम भुक्तानी नहुँदै प्रचलित कानुन बमोजिम अधिकार प्राप्त अधिकारी वा निकायबाट लगानीकर्ताको खाता रोक्का राख्ने आदेश प्राप्त भएमा निष्काशन तथा विक्री प्रबन्धकले त्यस्तो दरखास्त फारामलाई रद्द गरिने हुँदा सो कुराको जानकारी आवेदक स्वयंले बुझ्नुपर्नेछ ।
९. धितोपत्र बाँडफाँट गर्नुपूर्व अख्तियार प्राप्त निकायबाट कुनै लगानीकर्ताको खाता रोक्का राख्न आदेश वा निर्देशन प्राप्त भएमा सम्बन्धित बैंक वा वित्तीय संस्थाले त्यस्तो आदेश वा निर्देशन अनुसार सम्बन्धित लगानीकर्ताको खाता रोक्का गरी त्यसको जानकारी तुरुन्त निष्काशन तथा बिक्री प्रबन्धकलाई दिनुपर्नेछ ।
१०. शेयरको बाँडफाँड गरी सूचिकरण भए पश्चात् बाँडफाँडमा परेका आवेदकहरुलाई बाँडफाँडमा परेको शेयर निजहरुको हितग्राही खातामा जम्मा गर्ने व्यवस्था गरिने भएकाले सम्पूर्ण आवेदकहरुले अनिवार्य रुपमा आफ्नो हितग्राही खाता नम्बर आवेदन फाराममा उल्लेख गर्नुपर्नेछ ।
११. रितपूर्वक प्राप्त नभएको दरखास्त तथा आवेदन फाराममा उल्लेख भएको हितग्राही खाता नम्बर र आवेदकको नाम सिडिएससीको अभिलेखमा फरक परेको पाईएमा सो फारामलाई शेयर बाँडफाँटमा समावेश नगरिने हुँदा आवेदन फाराममा भरेको हितग्राही खाता नम्बर आवेदक स्वयंले यकिन गर्नुपर्नेछ ।
१२. रु. ५ लाख भन्दा बढी रकमको आवेदन दिने आवेदकले अनिवार्य रुपमा आफ्नो स्थायी लेखा नम्बर (PAN) को प्रतिलिपि समेत आवेदन फारामसाथ पेश गर्नुपर्नेछ । रु. ५ लाख भन्दा बढी रकमको आवेदन दिने आवेदकहरुले आफुले आवेदन दिंदा जम्मा गरेको रकम सम्पत्ति शुद्धिकरण ऐनको बर्खिलाप हुने गरी आर्जन नगरेको भनी उद्घोषण गर्नुपर्नेछ ।

**(१८) प्रबन्धपत्र, नियमावली, प्राप्त गर्ने वा हेर्न सक्ने ठाउँ, भुक्तानी गर्ने तरिका, लिनुपर्ने न्यूनतम धितोपत्र संख्या र सो भन्दा माथि लिने भएमा कुन गुणाङ्कमा लिन सक्ने हो सो सम्बन्धी विवरण:**
१. कम्पनीको प्रबन्धपत्र तथा नियमावली कम्पनीको रजिष्टर्ड (केन्द्रीय) कार्यालय मोरङ्ग जिल्ला, विराटनगर महानगरपालिका र यस निष्काशन कार्यकालागि नियुक्त धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक श्री कुमारी क्यापिटल लिमिटेड, नागपोखरी, काठमाडौंमा कार्यालय समयभित्र सम्पर्क राखी प्राप्त गर्न सकिने छ ।
२. वैदेशिक रोजगारीमा रहेका नेपालीहरु तथा सर्वसाधारण आवेदकले कम्तीमा १० (दश) कित्ता शेयर खरीदका लागि आवेदन दिनुपर्नेछ । १० (दश) कित्ताभन्दा बढी शेयरका लागि आवेदन दिंदा १० (दश) अङ्कको गुणन संख्यामा अधिकतम १,००,००० कित्ता शेयरका लागि आवेदन दिन सक्नेछन् ।

**(१९) धितोपत्र निष्काशनबाट प्राप्त पूँजीको उपयोग:**

**(क) निष्काशनबाट प्राप्त हुने कूल रकमलाई कसरी र कुन क्षेत्रमा प्रयोग गरिने छ तत्सम्बन्धी विवरण:**
साधारण शेयर निष्काशन गरी प्राप्त हुने पूँजी कम्पनी ऐन, बीमा ऐन तथा अन्य प्रचलित कानुनको अधिनमा रही कम्पनीको व्यवसायिक प्रयोजनमा उपयोग गरिनेछ । लघु जीवन बीमाको प्रकृति बमोजिम व्यवसाय वृद्धिको अनुपातमा चुक्ता पूँजी वृद्धि भएमा कम्पनीको वित्तीय क्षमता थप सुदृढ हुनुका साथै चुक्ता पूँजी तथा जगेडा कोषलाई एउटा निश्चित अनुपातमा राख्दा कम्पनीको सोल्भेन्सी मार्जिन समेत सकारात्मक हुने भई कम्पनीको समग्र वित्तीय अवस्था सुदृढ हुने हुदाँ यस सार्वजनिक निष्काशनबाट प्राप्त रकमले उक्त अवस्था अनुकुल बनाउन मद्दत गर्दछ । यसैगरी नेपाल बीमा प्राधिकरणबाट जारी गरिएको नयाँ लगानी निर्देशिकाले विभिन्न पूर्वाधारजन्य क्षेत्रहरु तथा राष्ट्रिय प्राथमिकता प्राप्त क्षेत्रहरुमा लगानीको अवसरहरु प्रदान गरेकोले त्यस्तो क्षेत्रहरुमा लगानी विस्तारका लागि उक्त रकम उपयोगको लागि पहल गरिनेछ । साथै साधारण शेयर निष्काशन गरी प्राप्त हुने पूँजी कम्पनीको नियमित कारोबार एवं आर्थिक कारोबारहरु विस्तार एवं वृद्धि गर्न उपयोग गरिनेछ, जुन देहाय अनुसार उल्लेख गरिएको छ :

| क्र. सं. | निष्काशनबाट प्राप्त रकमको उपयोगको विवरण | रकम (रु.) |
|---|---|---|
| १. | बैंक तथा वित्तीय संस्थाद्वारा जारी मुद्दती निक्षेप | २२,३०,००,०००/- |
| २. | शाखा विस्तार तथा भौतिक पूर्वाधारको अभिवृद्धि | २०,००,०००/- |
| | जम्मा | २२,५०,००,०००/- |

नोट: बिमा प्राधिकरणले मिती २०७९/०८/२० गते जारी गरेको लघु जीवन बिमाको लगानी निर्देशिकमा भएको व्यवस्था बमोजिम लगानी गरिएको ।

**(२०) विवरणपत्र तथा दरखास्त फाराम प्राप्त गर्ने र बुझाउने स्थान:**

| क्र.सं. | विवरणपत्र प्राप्त गर्ने स्थानको नाम र ठेगाना |
|---|---|
| १ | कुमारी क्यापिटल लिमिटेड, नागपोखरी, काठमाडौं र वेबसाइट www.kumaricapital.com |
| २ | गार्डियन माइक्रो लाइफ इन्स्योरेन्स लिमिटेड, विराटनगर, मुनालपथ, मोरङ्ग र वेबसाइट : www.gmli.com.np |
| ३ | नेपाल धितोपत्र बोर्डबाट स्वीकृत विवरणपत्र निष्काशन तथा बिक्री प्रबन्धक, निष्काशनकर्ता कम्पनीको साथै नेपाल धितोपत्र बोर्डको वेबसाइट: www.sebon.gov.np बाट समेत हेर्न सकिनेछ । |

| क्र.सं. | दरखास्त फाराम प्राप्त गर्ने र बुझाउने स्थान: |
|---|---|
| १. | सर्वसाधारणहरुका लागि नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त गरेका सम्पूर्ण आस्बा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरु र तिनका तोकिएका शाखा कार्यालयहरु तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट निर्माण गरिएको सफ्टवेयर "मेरो शेयर" अनलाइन प्रयोग गरी सि-आस्बा (C-ASBA) प्रणाली मार्फत आवेदन दिन सकिनेछ । |

**(२१) निष्काशन बैंक (Banker to the issue) सम्बन्धी व्यवस्था**

यस सार्वजनिक निष्काशनको लागि देहायका बैंकलाई निष्काशन बैंक (Banker to the Issue) को रुपमा नियुक्त गरिएको छ ।

| क्र.सं. | निष्काशन बैंकको नाम, ठेगाना | खाताको नाम | खाता नम्बर |
|---|---|---|---|
| १. | कुमारी बैंक लिमिटेड, लालदरवार, काठमाण्डौ | KCL-Guardian IPO | 1290098407200057 |

साथै, आवश्यकता अनुसार निष्काशन बन्द भएको मितिले ३ (तीन) दिन भित्र बोर्डलाई जानकारी दिई अन्य बैंकहरुलाई समेत यस शेयर निष्काशनको लागि निष्काशन बैंकको रुपमा नियुक्त गर्न सकिनेछ ।

**(२२) धितोपत्र बिक्री खुल्ला अवधि:**

यस विवरणपत्र मार्फत दोश्रो चरणमा सर्वसाधारणको लागि आवेदन लिने कार्य कम्तीमा चार कार्य दिनको लागि खुला गरिनेछ । सो अवधि भित्र निष्काशन गरिएको सबै धितोपत्र बिक्री नभएमा संस्थागत लगानीकर्ताले समेत आबेदन गर्न पाउने गरी दोश्रो चरणमा दरखास्त खुला भएको मितिले वढीमा १५ दिनका लागि धितोपत्रको दरखास्त खुला रहनेछ ।

**(२३) गुनासो सुन्ने र समाधान गर्ने प्रकृया:**

यस सार्वजनिक निष्काशन सम्बन्धमा लगानीकर्ताहरुको गुनासो सुन्न र सो को समाधानको लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको कार्यालय कुमारी क्यापिटल लिमिटेड, नागपोखरी, नक्साल, काठमाडौंमा एक विशेष कक्षको व्यवस्था गरिएको छ । लगानीकर्ताको गुनासो सुन्ने र समाधानको लागि प्रमुख-मर्चेण्ट बैंकिङ्ग श्री सबिन बुढाथोकी (सम्पर्क नं: ५९७००८२ - एक्स्टेन्सन २०३) लाई तोकिएको छ ।

**धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक:**

**कुमारी क्यापिटल लिमिटेड**
**KUMARI CAPITAL LIMITED**
Invest for your future

दुर्गा भवन, नागपोखरी-१, नक्साल, काठमाडौं
फोन: ०१-५९७००८२
Email: info@kumaricapital.com
Website: www.kumaricapital.com

मानिसहरूको वृद्धि र विकास नेतृत्वको सबैभन्दा उच्च चिनारी हो ।

**- हार्वे एस. फायरस्टोन**

सम्पादकीय

# स्वदेशी उत्पादनको अनिवार्यता

**सार्वजनिक खरीद नियमावली २०६४ मा १५ प्रतिशतसम्म महँगो भए पनि स्वदेशी वस्तु खरीद गर्न सकिने व्यवस्था भए पनि अनिवार्य नगरिएकाले त्यसको कार्यान्वयन भएको छैन । यस्तोमा सरकारले सार्वजनिक निकायमा स्वदेशी वस्तुको प्रयोग गर्नेसम्बन्धी निर्देशिका २०८१ पारित गरेर सरकारी निकायले विभिन्न वस्तु किन्दा स्वदेशी नै किन्नुपर्ने व्यवस्था गरेको छ । यस्तै निर्देशिका २०७१ मा पनि पारित भएको थियो तर त्यसमा अनिवार्य नभनेकाले कार्यान्वयन भएन । नयाँ निर्देशिकाले भने अनिवार्य गर्नुका साथै प्रोत्साहनका कार्यक्रम समेत राखेकाले यो कार्यान्वयन हुन सक्ला । स्वदेशी उत्पादनको प्रवर्द्धन गर्नु राम्रो हो तर यसरी संरक्षणवादी नीति लिँदा पर्ने असरबारे भने ध्यान जानु आवश्यक छ ।**

**सरकारले बारम्बार सरकारी उद्योगलाई संरक्षण गर्नका लागि पहल गरेको छ । लामो समयदेखि बन्द रहेको हेटौंडा कपडा उद्योग चलाउन नेपाली सेनालाई दिनेबारे पनि सरकारले गत वर्ष सेनासँग छलफल गरेको थियो । अहिले स्वदेशी उत्पादनको प्रवर्द्धनका लागि ४६ ओटा स्वदेशी उत्पादन प्रयोग गराउन निर्देशिका ल्याएको छ । नेपाली उत्पादनले प्रतिस्पर्धा गर्न नसक्दा विदेशी उत्पादनले बजार कब्जा गरेको छ । यस्तोमा स्वदेशी उत्पादनलाई प्रोत्साहन गर्न आवश्यक मात्र होइन अनिवार्य पनि हुन्छ । तर, प्रोत्साहन गर्दा प्रतिस्पर्धालाई बेवास्ता भने गर्नु हुँदैन । १५ प्रतिशतसम्म महँगो भए पनि स्वदेशी वस्तु नै प्रयोग गर्नुपर्ने नियम बनाइएको छ । पक्कै पनि यसले स्वदेशी उद्योगलाई प्रोत्साहन गर्न सक्छ । तर, नेपालमा नियमन र अनुगमन निकै कमजोरी हुँदा यसमा पनि गलत अभ्यास नहोला भन्न सकिँदैन । स्वदेशी भन्दै विदेशी उत्पादन बेच्ने, लोगोमात्रै नेपाली राख्ने अथवा मेड इन नेपालको स्टीकर टाँसेर विदेशी उत्पादन नै सरकारी निकायलाई विक्री गर्न थालियो भने त्यसले स्वदेशी उद्योगलाई झन् मारमा पार्न सक्छ ।**

**यस्तो प्रवृत्ति बढेमा सरकारलाई दुई ढंगले घाटा हुन्छ ।**

**केही समयका लागि मात्रै संरक्षणात्मक नीति उपयुक्त हुन्छ, खासमा प्रतिस्पर्धा नै औद्योगिक विकासको मुख्य आधार हो भन्ने बिर्सनु हुँदैन ।**

**एक त किन्नका लागि सरकारको लागत बढ्छ भने अकोतिर आयातित वस्तुमा लाग्ने करबाट आउने राजस्व गुम्छ । कुनै पनि मुलुकको ठूलो क्रेता भनेको सरकार हो । त्यस कारण उसले आफू मातहतका सबै कार्यालयमा स्वदेशी उत्पादन प्रयोग गर्दा स्वदेशी वस्तुको माग र खपत वृद्धि हुन्छ । यसले गर्दा स्वदेशी उद्योगहरूले आफ्नो उत्पादन बढाउँछन् । यसबाट रोजगारी वृद्धि पनि हुन्छ । साथै राज्यको कर संकलन पनि बढ्न सक्छ । त्यसैले स्वदेशी उत्पादन खरीद गर्ने सरकारको यो निर्णय नेपाली उद्योगीका लागि ठूलो अवसर हो ।**

**यो निर्देशिकामार्फत वार्षिक खरीद अनुपात र परिमाणको आधारमा स्वदेशी वस्तुको अधिकतम प्रयोग गर्ने तीनवटै सरकारी सार्वजनिक निकायलाई उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले प्रत्येक वर्ष पुरस्कार र प्रमाणपत्र प्रदान गरी पुरस्कृत गर्ने व्यवस्था गरेको छ । प्रचलित कानूनअनुसार आन्तरिक तथा अन्तिम लेखापरीक्षण गर्दा सार्वजनिक निकायले यो निर्देशिकाअनुसार स्वदेशी वस्तुको खरीद गरे वा नगरेकोसमेत हेरी त्यस्तो निकायले उक्त आर्थिक वर्षमा गरेको कूल खरिदको तुलनामा स्वदेशी वस्तुको खरिदको अनुपात लेखापरीक्षण प्रतिवेदनमा उल्लेख गर्नुपर्ने व्यवस्था गरिएको छ ।**

**तर, सरकारका सबै निर्णय सही ढंगले लागू भएका छैनन् । उदाहरणका लागि सरकारले नेपाली हातेकागजमा नागरिकता प्रमाणपत्र छाप्ने निर्णय गरेको थियो । तर, अहिलेसम्म त्यसको कार्यान्वयनको अत्तोपत्तो छैन । सरकारले गरेको निर्णय सरकारलाई नै थाहा नहुने अवस्थासमेत छ । त्यसैले यस्तो निर्णय गर्दा व्यावहारिकता हेरिनु आवश्यक छ ।**

**नेपालको सार्वजनिक खरीद प्रक्रियामा निकै छिद्र छन् । त्यही कारण यस्ता निर्णय कार्यान्वयनमा गलत अभ्यास हाबी हुने गरेको छ । त्यसैले स्वदेशी उत्पादन प्रयोग गर्दा सरकारले उत्पादक कम्पनीले कतिलाई रोजगारी दिएको छ, कति प्रतिशत मूल्यअभिवृद्धि गरेको छ, स्वदेशी कच्चा पदार्थ र सीपको कति प्रयोग भएको छ जस्ता पक्षलाई बढी ध्यान दिनुपर्छ । त्यस्तै उद्योगहरूले भोगेका समस्याको समाधान यस्तो सहुलियतभन्दा बढी महत्त्वपूर्ण हुन्छ । त्यसैले केही समयका लागि मात्रै यस्तो संरक्षणात्मक नीति उपयुक्त हुन्छ, खासमा प्रतिस्पर्धा नै औद्योगिक विकासको मुख्य आधार हो भन्ने बिर्सनु हुँदैन ।**

आर्थिक अभियान

१० वर्षअघिको आर्थिक अभियानबाट

## पेट बोतल उद्योगमा ८ अर्ब लगानी

नेपालमा हाल सञ्चालनमा रहेका पेट बोटल (प्लास्टिकका बोतल) उद्योगमा करीब ८ अर्ब रुपैयाँ लगानी रहेको छ । पछिल्लो समय पेट बोतलको प्रयोगमा भएको वृद्धिले यस्ता उद्योगमा लगानी बढ्न थालेको पेट प्रडक्ट एण्ड प्लोजर उत्पादक संघका अध्यक्ष भरत आचार्यले अभियानलाई बताए । 'उद्योगमैत्री वातावरण र पेट बोतलको माग बढ्दै गएकाले यो उद्योगमा लगानी बढेको छ,' उनले भने, 'अझै लगानी थपिने सम्भावना छ ।' हाल नेपालमा ३६ वटा पेट बोतल उद्योग सञ्चालनमा छन् । यस्ता पेट बोतल उद्योग स्थापना गर्न न्यूनतम ४ करोड रुपैयाँ लगानी आवश्यक पर्छ । शिशाजन्य बोतलको तुलनामा हलुका र सहज स्थानान्तरण गर्न सकिने हुँदा पेट बोतलको आकर्षण बढेको हो । विशेषतः चकलेट, मिनरल ड्रिङकिङ वाटर, औषधि तथा विभिन्न पेय पदार्थमा पेट बोतल प्रयोग हुने गर्छ । यस्तो बोतलको बजार मूल्य ४ रुपैयाँदेखि ३० रुपैयाँसम्म पर्छ । ठोस तथा तरल दुवै किसिमका उत्पादन राख्न सकिने भएकाले पेट बोतलको आयात पनि बढ्न थालेको उद्योगीहरू बताउँछन् ।

**वर्ष ८, अंक ७९, शुक्रवार २२ मङ्सिर, २०६९**

# शेयर पूँजी कटौतीको अवधारणा

## चुक्ता भइसकेको पूँजी घटाउन मिल्छ ?



**कुनै पनि कम्पनीले कुनै पनि तरीकाबाट पूँजी घटाउँदा अपनाउनुपर्ने कार्यविधि एकै हुन्छ । ऐनको दफा ५७(१) अनुसार कम्पनीले साधारणसभामा विशेष प्रस्ताव पारित गरी अदालतको स्वीकृति लिई पूँजी घटाउन सक्छ ।**

**- ज्योति दाहाल**

कम्पनीले चुक्ता भएको पूँजी पनि घटाउन सक्छ । जारी भएको तर, चुक्ता नभएको पूँजी घटाउन जति सजिलो हुन्छ चुक्ता भएको पूँजी घटाउन त्यति सजिलो छैन । यो विषय शेयरधनीको हितसँग जोडिएको एक जटिल पक्ष हो । चुक्ता पूँजी भनेको कम्पनीले शेयरधनीबाट प्राप्त गरिसकेको पूँजी हो । कम्पनीको घाटा बढ्दै गएमा वा प्रतिशेयर आम्दानी अत्यन्तै न्यून भएमा पूँजी घटाउने कार्यलाई कम्पनीको आन्तरिक पुनः संरचना भनिन्छ ।

पुनःसंरचना भनेको सम्पत्ति र दायित्वको पुनर्मूल्यांकन गरी घाटा कम गर्न वा शून्य बनाउन पूँजी घटाउने कार्य हो । कम्पनीले आफ्नो शेयर आफै किनेर (बाइब्याक) र जफतमार्फत पनि घटाउन सक्छ । बाइब्याकका लागि कम्पनीसँग पर्याप्त नगद सञ्चिति हुनुपर्छ । जफत भन्नाले अङ्कित मूल्यको आंशिक रकम मात्र चुक्ता भएको शेयरको बाँकी रकम माग गरिन्छ । यस्तो रकम नबुझाएमा चुक्ता भएको रकम बराबरको शेयर कायम गरी बाँकी शेयर खोसिन्छ । हिमालयन डिस्टिलरी लिमिटेडको मुद्दामा सर्वोच्च अदालतले कानूनी प्रक्रिया पूरा नगरी जफत गर्न नपाइने फैसला गरेको थियो ।

जफतलाई पूँजी घटाएको नमानिने व्यवस्था कम्पनी ऐनले गरेको छ । नेपालको सन्दर्भमा जफत गर्न सकिने सम्भावना कम छ । किनभने नेपालमा शुरूमै पूर्ण चुक्ता मूल्यको शेयर जारी गर्ने अभ्यास छ । कम्पनीले चुक्ता पूँजी घटाउन तोकिएका कानूनी प्रक्रिया पूरा गर्नुपर्छ । कम्पनी ऐन, २०६३ ले पूँजी घटाउने प्रक्रिया निर्धारण गरेको छ ।

### विभिन्न किसिमका पूँजी

कम्पनीका अधिकृत, जारी र चुक्ता गरि मूलतः ३ किसिमका पूँजी हुन्छन् । अधिकृत पूँजी भनेको पूँजीको माथिल्लो हद हो । जारी पूँजी भनेको अधिकृतमध्येबाट कति रकम शेयरधनीसँग माग्ने भन्ने हो । चुक्ता पूँजी भनेको शेयरधनीले कम्पनीलाई भुक्तान गरेको पूँजी हो । उदाहरणका लागि कुनै कम्पनीको अधिकृत पूँजी १ अर्ब, जारी पूँजी ५० करोड र चुक्ता पूँजी ३० करोड रुपैयाँ हुनसक्छ । यहाँ पूँजीको माथिल्लो हद १ अर्ब रुपैयाँ हो । 'रजिस्टर्ड क्यापिटल' पनि भनिने यस्तो पूँजी आवश्यकताअनुसार साधारणसभाबाट बढाउन सकिन्छ ।

अधिकृतमध्येबाट ५० करोड रुपैयाँ जारी गरिन्छ । यसको अर्थ यति रकम शेयरधनीबाट भुक्तान माग गरिन्छ । जारी गरिए पनि शेयरधनीबाट पूरै रकम माग गरिँदैन जति गरिन्छ, त्यति रकमलाई चुक्ता पूँजी भनिन्छ । जारी पूँजीलाई अधिकृत पूँजीको हदसम्म साधारणसभाबाट विशेष प्रस्ताव पारित गरी बढाउन सकिन्छ । तर, अधिकृत पूँजीभन्दा माथि बढाउन सकिँदैन । अधिकृत र जारी पूँजी एकैपटक पनि बढाउन सकिन्छ । माथिको उदाहरणमा ३० करोड रुपैयाँ चुक्ता भएको छ । कम्पनी कानुनले जारी र चुक्ता पूँजी घटाउन सक्ने अधिकार दिएको हुन्छ । के कस्तो अवस्थामा पूँजी घटाउन सकिन्छ भन्ने विषय ऐनमा उल्लेख छ ।

### पूँजी घटाउने विधि

पूँजी घटाउने वा बढाउने कार्यलाई कम्पनीको आन्तरिक मामला मानिन्छ । कम्पनीमा स्वपूँजी (शेयरधनीको रकम) र साहू पूँजी (वित्तीय संस्था वा व्यक्तिले दिएको ऋण) गरी दुई किसिमको पूँजी हुन्छ । शेयरधनी नाफा र घाटामा बराबर हिस्सेदार हुन्छन् भने साहूलाई नाफा र घाटासँग कुनै मतलब हुँदैन । साहूको रकमको पूर्ण सुरक्षा हुन्छ भन्दा सामान्यतया फरक पर्दैन ।

तर, शेयरधनीले जुनसुकै अवस्था अर्थात् घाटानाफा बेहोर्नुपर्छ । त्यसैले शेयरधनीको नाफा सुनिश्चित हुँदैन । यो कम्पनीको व्यावसायिक अवसर, सरकारी/नियामकीय नीति, देशको आन्तरिक अर्थतन्त्र र विश्वव्यापी अर्थतन्त्रमा निर्भर हुन्छ । कम्पनीले आन्तरिक पुनः संचनाअन्तर्गत पूँजी घटाउन सक्छ । पूँजी घटाउने विषयको तालुकी कानून कम्पनी ऐन, २०६३ हो । ऐनको दफा ५७(२) मा पूँजी घटाउने व्यवस्था छ ।

उक्त दफामा भएको व्यवस्थाअनुसार (१) किस्ता माग गरिएको शेयरको रकम चुक्ता नभएको अवस्थामा जति रकम चुक्ता भएको छ त्यति मात्र पूँजी कायम गरी, (२) चुक्ता भइसकेको पूँजी फिर्ता गरी, (३) कम्पनीलाई ठूलो नोक्सानी वा दैवी प्रकोप परेमा शेयरको अङ्कित मूल्य घटाई कम्पनीले पूँजी घटाउन सक्छ । दामासाहीमा परेको कम्पनीले पूँजी घटाउन सक्दैन ।

### पूँजी घटाउने केही उदाहरण

पहिलो बुँदाको उदाहरणार्थ मानौं आकाशगङ्गा एन्ड कम्पनीले १ सय रुपैयाँ अङ्कित मूल्यमा १० हजार कित्ता शेयर जारी गरेर ४ किस्तामा रकम भुक्तान वा चुक्ता हुनेगरी १० लाख रुपैयाँ पूँजी संकलन गर्ने योजना बनाएको थियो । पहिलो दुई किस्ताबापत ५० रुपैयाँ चुक्ता भई आधा ५० रुपैयाँ रकम तिर्न बाँकी थियो । यसै बीचमा कम्पनीले अङ्कित मूल्य यथावत् राखी शेयर पूँजी कटौती गर्ने निर्णय गऱ्यो भने चुक्ता पूँजी ५ लाख रुपैयाँ कायम हुन्छ । दोस्रो बुँदाको उदाहरणार्थ मानौं माथिको उदाहरणमा झैं १ सय रुपैयाँ अङ्कित मूल्यको १० लाख रुपैयाँ पूँजी चुक्ता भएको थियो । कम्पनीले पूँजीअनुसारको व्यापार वा उद्योगको क्षमता बढ्न नसक्ने अवस्था आएमा कम्पनीले पूँजी घटाउने निर्णय लिन्छ । मानौं यस कम्पनीले ५ लाख रुपैयाँ पूँजी कायम गर्ने निर्णय गरेर शेयरधनीले चुक्ता गरेको आधा रकम फिर्ता गर्छ । यसमा अङ्कित मूल्य यथावत् रहन्छ कम्पनीको चुक्ता पूँजी ५ लाख कायम हुन्छ ।

**कम्पनीको पूँजी बढाउन र घटाउन दुवै सकिन्छ । यसमा प्रक्रियागत भिन्नता मात्र छ । पूँजी घटाउने कार्य कम्पनी र शेयरधनी दुवैको हितमा गरिन्छ । निरन्तरको पूँजी वृद्धिले कम्पनी र शेयरधनी दुवैको हित गर्दैन । संसारमा पूँजी वृद्धि र कटौती दुवैलाई साथसाथै लगेको देखिन्छ । यो पनि एउटा कर्पोरेट एक्शन हो ।**

तेस्रो बुँदाको उदाहरणार्थ मानौं माथिको उदाहरणमा झैं १ सय रुपैयाँ अङ्कित मूल्यको १० लाख रुपैयाँ पूँजी चुक्ता भएको थियो । कम्पनी सञ्चालनको क्रममा उद्योगमा आगलागी भएर ठूलो क्षति भएपछि नोक्सानी बेहोर्नुपऱ्यो । यस्तो अवस्थामा दायित्व व्यवस्थापन र उद्योगलाई स्थिर बनाउने उद्देश्यले कम्पनीले शेयरको अङ्कित मूल्यलाई ५० रुपैयाँमा झार्ने निर्णय गर्छ । यसो गर्दा शेयरधनीको शेयरसंख्या यथावत् रहन्छ तर, लगानी रकम घट्छ । कम्पनीको पूँजी घटेर ५ लाख रुपैयाँ कायम हुन्छ ।

### पूँजी घटाउने कार्यविधि

पूँजी घटाउने विषयको मुख्य साझेदार शेयरधनी र साहू हुन् । शेयरधनी भनेका कम्पनीका लगानीकर्ता भएका कारण नाफा-नोक्सान दुवैमा समानरूपमा सहभागी हुनुपर्छ । कम्पनीको व्यवसाय सधैं एकनास हुँदैन । कतिपय अवस्थामा कम्पनी विघटन (खारेजी) मा पनि जानसक्छ । मुख्य साझेदार भए पनि यिनको अधिकार प्राथमिकता क्रममा सबैभन्दा पछि आउँछ । साहू प्राथमिकता क्रमको स्थानमा शेयरधनीभन्दा पहिले पर्छन् । साहु नाफा-नोक्सानमा सहभागी हुँदैनन् । नाफा होस् वा घाटा ब्याज र पूँजी (ऋण) फिर्तामा मात्र सहभागी हुन्छन् । कम्पनी खारेजीमा जाँदा पनि यिनकै भुक्तान पालो पहिले आउँछ । त्यस्तै, पूँजी घटाउने सन्दर्भमा पनि यिनको हित संरक्षण हुन्छ कि हुँदैन भन्ने कुरा प्राथमिकतामा पर्छ । त्यसैले पूँजी घटाउँदा साहूको हित सुनिश्चित गर्नुपर्छ ।

कुनै पनि कम्पनीले कुनै पनि तरीकाबाट पूँजी घटाउँदा अपनाउनुपर्ने कार्यविधि एकै हुन्छ, फरक-फरक हुँदैन । ऐनको दफा ५७(१) अनुसार कम्पनीले साधारण सभामा विशेष प्रस्ताव पारित गरी अदालतको स्वीकृति लिई पूँजी घटाउन सक्छ । नेपालमा कम्पनी मामलाको सुनुवाइ गर्ने विशेष प्रकृतिको अदालत नभएकाले नेपाल सरकारले सर्वोच्च अदालतको सहमति लिई नेपाल राजपत्रमा सूचना निकालेर तोकिदिएको अदालतको वाणिज्य इजलाशमा सुनुवाइ हुन्छ । भारतमा कम्पनी मामलाको सुनुवाइ गर्न विशेष प्रकृतिको 'नेशनल कम्पनी ल ट्राइबुनल' र 'नेशनल कम्पनी ल अपिलियट ट्राइबुनल' छ ।

कम्पनीको सभाले पूँजी घटाउने प्रस्ताव पारित गरेपछि (१) स्वीकृतिका लागि अदालतमा निवेदन, (२) सुनुवाइ हुनुभन्दा पहिले मिति र स्थान खुलाई कम्तीमा तीनपटक राष्ट्रियस्तरको दैनिक पत्रिकामा सार्वजनिक सूचना प्रकाशन, (३) सुनुवाइ हुँदा कम्पनीको सञ्चालक वा कम्पनी सचिवले अदालतले मागेबमोजिम कम्पनीको साहु भए निजहरूको नाम, ठेगाना तथा निजहरू प्रत्येकलाई बुझाउनुपर्ने ऋणको रकमसमेत खुलाई पेश गर्नुपर्छ । साहूको सूची पेश गर्दा कुनै छुट भएको रहेछ र त्यस्तो छुट वा गल्ती रोक्न पर्याप्त होशियारी अपनाइएको थियो भन्ने कुरा अदालतले स्वीकृति दिनुअघि नै अदालतलाई जानकारी गराई प्रमाणित गर्नुपर्छ । हेलचेक्र्याइँ वा बदनियत गरेको देखिएमा सञ्चालक वा पदाधिकारीलाई सजाय हुने व्यवस्था छ । पूँजी घटाउने कुरामा साहुको सहमति भए वा नभए पनि साहूले दाबी गरेको ऋण वा दाबीको पूरै रकम कम्पनीले सकार गरेमा वा नगरेमा पनि त्यस्तो रकम चुक्ता गर्न आवश्यक रकम व्यवस्था गर्न स्वीकार गरी पूरा रकम निश्चित मितिभित्र चुक्ता गर्ने कबुलियत गरी आवश्यक व्यवस्था मिलाएको अवस्थामा पूँजी घटाउन अदालतले आदेश दिन सक्नेछ ।

### शेयरधनीको दायित्व

पूँजी घटाउने कार्य सामान्यतया असाधारण वा विशेष घटना हो र यो रणनीतिक कारणका रूपमा उपयोग गरिन्छ । पूँजी घटाउँदा शेयरधनीलाई कुनै प्रतिफल दिइन्न । पूँजी घटाउने अर्को विधि बाइब्याक पनि हो । बाइब्याक गर्दा र गरेपछि दुवै अवस्थामा शेयरधनी लाभान्वित हुन्छन् भने पूँजी घटाउने कार्यमा शेयरधनीले तत्काल गुमाउनुपर्छ । पूँजी घटाएका कारण भविष्यमा लाभान्वित हुनसक्छन् ।

आन्तरिक व्यवसायिक पुनः संरचना गर्न र टाट पल्टिनबाट कम्पनीलाई जोगाउन पूँजी घटाउने गरिन्छ । अदालतले शेयर पूँजी घटाउन स्वीकृति दिएकोमा शेयरधनीले लिएको वा लिन कबुल गरेको शेयरको अङ्कित मूल्यभन्दा बढी रकम तिर्न बाध्य हुँदैन । कुनै शेयरको सम्बन्धमा त्यस्तो शेयरको निर्धारित मूल्यबाट शेयरबापत भुक्तान गरिएको वास्तविक रकम वा भुक्तानी गरिएको भनी मानिएको रकम घटाउँदा हुन आउने रकमभन्दा बढीको रकम बुझाउन शेयरधनी बाध्य नहुने व्यवस्था छ । तर, पूँजी घटाउने प्रस्तावमा दाबी विरोध गर्ने साहुको सूची अदालतमा पेश गर्दा कुनै साहूको नाम छुटेको रहेछ र पूँजी घटाउने स्वीकृति प्राप्त भएपछि त्यस्तो साहूको ऋण तिर्न कम्पनी अक्षम भएको अवस्थामा उक्त रकम तिर्न कम्पनीका शेयरधनी बाध्य हुनुपर्छ । कुनै साहुको आफ्नै गल्ती वा हेलचेक्र्याइँबाट अदालतमा पेश गरिएको सूचीमा त्यस्तो साहूको नाम वा कुनै दाबी छुट्न गएकोमा त्यस्तो रकम बुझाउन शेयरधनी बाध्य नहुने व्यवस्था छ ।

### पूँजी घटाएका केही घटना

पूँजी घटाउन कम्पनी आफैले सक्दैन । कम्पनी (सञ्चालक समिति) ले साधारणसभामा प्रस्ताव लाने मात्र हो । यस्ता प्रस्ताव सभाले स्वीकार वा अस्वीकार गर्नसक्छ । सभाको यो विशिष्ट अधिकार हो । अन्य धेरै कुरामा सभाले पारित गरेपछि सञ्चालक समितिले निर्णय कार्यान्वयन आफैले गर्छ तर, पूँजी घटाउने विषयमा भने अदालतको समेत अनुमति लिनुपर्छ । अदालतले यस्ता निर्णय कार्यान्वयन गर्न वा नगर्न आदेश दिन सक्छ । सामान्यतया साहूको हित रक्षा हुने देखेमा अदालतले निर्णय कार्यन्वयन गर्न स्वीकृति दिन्छ । साहूको अहित हुने अवस्थामा यस्ता निर्णय कार्यान्वयन नगर्न आदेश दिन्छ । कहिलेकाहीँ शेयरधनीको हित नहुने देखेमा पनि कार्यान्वयन नगर्न आदेश दिनसक्छ । भारतको मध्यप्रदेश उच्च अदालतले इन्डियन नेशनल प्रेस (इन्दौर) लिमिटेड (१९८९) को मुद्दामा कम्पनीको सञ्चित घाटा बढेकोले पूँजी २० लाख ५० हजार ६ सय रुपैयाँबाट घटाएर २ लाख ५ हजार ६० रुपैयाँ कायम राख्ने कम्पनीको प्रस्तावलाई स्वीकृति दिएको थियो ।

भारतमा नेशनल कम्पनी ल ट्राइबुनल, कोची बेञ्चले जोस्को ज्वेलर्स प्राइभेट लिमिटेडलाई कुनै पनि शेयरधनीको आपत्ति नभएकाले चुक्ता पूँजी १ अर्ब २० करोडबाट घटाएर १ करोड रुपैयाँ कायम गर्न स्वीकृति दिएको थियो । स्यान्डविक एशिया लिमिटेड विरुद्ध भारतकुमार पदमसीको मुद्दामा बहुमतले शेयर पूँजी घटाउने प्रस्तावको पक्षमा मतदान गरेको अवस्थामा रोक्नु हुँदैन भन्ने आदेश दिएको थियो ।

एलप्रो इन्टरनेशनल लिमिटेडको मुद्दामा बम्बई हाइकोर्टले बहुमत शेयरधनीको स्वीकृति प्राप्त भएमा जुनसुकै तरीकाले पूँजी घटाउन सक्ने आदेश दिएको थियो । नेपालमा पनि नेपाल पुनर्बिमा कम्पनी लिमिटेडले जारी पूँजी १५ अर्बबाट १० अर्ब रुपैयाँ कायम गरेको थियो । अदालतले पूँजी घटाउन अनुमति नदिएका उदाहरण पनि छन् । एउटा उदाहरणका रूपमा फिलिप्स इन्डिया लिमिटेडलाई लिन सकिन्छ । कोलकातास्थित नेशनल कम्पनी ल ट्राइब्युनलले उक्त कम्पनीका अल्पसंख्यक शेयरधनीको शेयर खरीद गर्ने उद्देश्य लिएर गरिएको पूँजी घटाउने प्रस्तावलाई कम्पनी कानूनविपरीत भन्दै अस्वीकृत गरेको थियो ।

निष्कर्षमा, कम्पनीको पूँजी बढाउन र घटाउन दुवै सकिन्छ । यसमा प्रक्रियागत भिन्नता मात्र छ । पूँजी घटाउने कार्य कम्पनी र शेयरधनी दुवैको हितमा गरिन्छ । निरन्तरको पूँजी वृद्धिले कम्पनी र शेयरधनी दुवैको हित गर्दैन । संसारमा पूँजी वृद्धि र कटौती दुवैलाई साथसाथै लगेको देखिन्छ । यो पनि एउटा कर्पोरेट एक्शन हो । नेपालमा विडम्बना नै छ हरेक वर्ष पूँजी मात्र बढ्छ र बढाउँछन् । जति पूँजी बढाए पनि पुग्यो भन्ने कतै सुनिँदैन, बरु पूँजी नै पुगेन भनेको मात्र सुनिन्छ ।

नेपालका नियामक (नेपाल राष्ट्र बैंक र नेपाल बीमा प्राधिकरण) पनि पूँजी बढाऊ मात्र भनिरहेका छन् । नियामकले पूँजी बढाउने हो कि व्यावसायिक मापदण्ड र स्तर तोक्ने हो बुझ्न सकिएको छैन । कम्पनी सञ्चालकका लागि नियामकको आदेश 'बाँदरलाई लिस्नो' जत्तिकै भएको छ ।

कतिखेर पूँजी बढाइहालौं भनेर अहोरात्र सोचिरहेका बेला नियामकको आदेशमाथि 'किन बढाउने भन्ने प्रश्न नगरी' विजयोत्सव मनाउन थाल्छन् । नियामकको आदेश र सञ्चालकको विजयोत्सवले कम्पनीलाई पूँजीको अनावश्यक भार थाम्न गाह्रो परेको छ, तैपनि कम्पनी सञ्चालक अझ पूँजी पुगेको छैन हकप्रद जारी गर्न पाऊँ भन्दै रोईकराई गरिरहेका छन् ।

यसरी रोईकराई गर्नेमा बैंक रहेका छन् । बैंकबाहेकका कम्पनीले अनेक बहानामा पूँजी थप्दै गएका छन् । यसरी निरन्तर थप्दै गएको कम्पनीको पूँजी 'वाटर्ड' भइसकेको छ । पूँजीभन्दा सञ्चिति बढाउनुपर्ने आजको आवश्यकता हो । जति पूँजी बढ्दै जान्छ जोखिम पनि उति नै बढ्दै जान्छ । पूँजी थप्नु समाधान हैन समस्या हो, यसले भविष्यमा 'टू बिग टू फेल' को सम्भावनालाई टार्न सकिन्न । पूँजी बढाउने मात्र होइन, घटाउने अभ्यासमा कम्पनी लाग्नुपर्ने देखिन्छ ।

*लेखक कर्पोरेट अधिवक्ता एवं धितोपत्रसम्बन्धी अध्येता हुन् ।*

पाठक पत्र

## शेयरबजारको उल्टो यात्रा

नेपालको शेयरबजार उल्टो यात्रामा छ । विश्वभरि नै ब्याजदर ओरालो लाग्दा शेयरबजार उकालो लागेको पाइन्छ । नेपालमा भने अहिले गतवर्षको दाँजोमा निक्षेपको ब्याजदर एकतिहाइले घटिसकेको छ । बैंकमा पैसा फालाफाल छ । तिनले शेयर धितोमा प्रवाह गरेको कर्जा पनि बढेको छ जसको पैसा प्रायः शेयरबजारमै जान्छ भनिन्छ । अनि अहिले धमाधम कम्पनीहरूले लाभांश घोषणा गरिरहेका छन् र कतिपयले वितरणसमेत गरिरहेका छन् । यस्तो बेला शेयरबजार भने ओरालो लागेको छ । यो उल्टो यात्राको कारण के होला ?

नेपालको शेयरबजारमा कारोबारीहरू हाबी छन् । दीर्घकालीन लगानीकर्ता खासै देखिँदैनन् । त्यसैले जुन कम्पनीको शेयर थोरै छ त्यसमा लगानीकर्ता झुम्मिएका छन् । कम्पनी घाटामा छ तर त्यही कम्पनीको शेयर मूल्य निकै माथि छ । २५ प्रतिशत मुनाफा दिने कम्पनीको भन्दा पत्रु कम्पनीको मूल्य चौबर बढी छ । कम्पनीको भविष्य पनि केही छैन । लगानीको नयाँ क्षेत्र रोजेकाले पछि राम्रो हुन्छ भन्ने आशामा पनि लगानी गरिन्छ । तर, त्यस्तो पनि देखिँदैन । यस्तो बजारमा लहैलहैमा लागेर उचालिएर लगानी गर्नेहरू फस्ने सम्भावना उच्च हुन्छ । त्यसले बजारप्रति नै नकारात्मक भाव पैदा गर्छ । शेयरबजारलाई जुवाघर भन्ने पनि यस्तैले हो । जुवा खेलेजसरी विनारणनीति, विनाअध्ययन लगानी गर्ने र हल्लाको कुरा पत्याउने हो भने शेयरबजारमा झुक्किएर कमाइएला, एकदुईपटक कमाइएला तर अन्त्यमा गुमाउने सम्भावना नै उच्च हुन्छ ।

त्यसैले नेपालमा शेयरबजार उल्टो गतिमा छ । अहिले त पुराना लगानीकर्ता बिस्तारै बाहिरिँदै छन् । ठूला भनिएका लगानीकर्ता पनि निष्क्रिय देखिएका छन् । बजार निकै तल आइसकेको छ । तर, शेयरबजार उड्छ उड्छ भनेर सामाजिक सञ्जालमा हल्ला जति नै भए पनि ओरालो लाग्न छाडेको छैन । अर्थतन्त्र संकटमा छ । त्यसो हुँदा लगानीका क्षेत्र साँघुरिएका छन् । यस्तोमा शेयरबजारप्रति विश्वास भए लगानी हुने हो । तर, लगानीकर्तामा शेयरबजारप्रति नै विश्वास घटेको देखिन्छ । त्यही भएर यस्तो भएको हो । आत्मविश्वास नबढेसम्म अर्थतन्त्र र शेयरबजार उकालो लाग्न कठिन देखिन्छ ।

*मनोज चालिसे*
*नयाँबस्ती, बौद्ध, काठमाडौं ।*

## नेवानि किन बन्द नगर्ने ?

नेपाल वायुसेवा निगमले आन्तरिक उडान गर्न नसकेको समाचार सुन्दा अचम्म लाग्यो । निजी कम्पनीले मारामार उडान गर्दा नेवानिको एउटा पनि उडान छैन । विमान नभएकाले उडान नभएको रे । विमान भए मर्मत र अन्य नाममा विमान नउडाए । नभए विमानै छैन भन्ने । चिनियाँ जहाज पनि घाटा भयो भनेर ग्राउन्डेड छ । आन्तरिक उडान गर्न नसक्ने हो कर्मचारीलाई बिदा गरेर यसलाई अन्तरराष्ट्रिय उडानमा मात्र किन सीमित नगर्ने ? हजार बाह्र सय कर्मचारी किन पाल्ने ? आउट सोर्सिङ गरेर थोरै कर्मचारीबाट अन्य वायुसेवाले राम्रो आम्दानी गरिरहँदा निगमचाहिँ कर्मचारीको खर्चले थलिएको छ ।

अन्तरराष्ट्रिय उडानमा पनि समस्या छ । कहिल्यै समयमा उड्दैन । कति बेला सेवा बन्द हुने हो केही अत्तोपत्तो छैन । सबै ठी भयो भने कर्मचारीले हडताल गरेर भए पनि सेवा बन्द गर्छन् । अर्थात् वायुसेवा निगमलाई माया गर्ने कर्मचारी छैनन् । सबै यसलाई लुट्न मात्र तयार छन् । यस्तो निगमलाई किन बचाइराख्ने ? किन सरकारले पाल्ने ? बन्द गर्ने वा अन्य कम्पनीलाई जिम्मा दिने हो भने राम्रो हुन्छ ।

*मनोज दुवाडी*
*नयाँबजार, काठमाडौं ।*



तस्वीर : रासस

**कालीमाटी फलफूल तथा तरकारी बजारमा व्यापारीले बिक्रीका लागि राखेका तरुल । यहाँ तरुलको मूल्य प्रतिकिलो ४० देखि ८० रुपैयाँसम्म रहेको व्यापारी बताउँछन् ।**

# चीनबाट १ खर्ब २४ अर्बको सामान आयात

रसुवा । नेपालको उत्तरी नाका रसुवागढीबाट चालू आर्थिक वर्ष (आव)को साउनदेखि मङ्सिर मसान्तसम्मको अवधिमा आयात भएका मालसामानको मूल्य सार्वजनिक गरिएको छ । मङ्सिर मसान्तसम्ममा कुल रू. १ खर्ब २४ अर्ब ४२ करोड रुपैयाँबराबरको तयारी कपडा, विद्युतीय सामग्री, विद्युतीय सवारीसाधन, जुत्ता, चप्पल, लसुन, स्याउ, ओखर जस्ता वस्तु आयात भएको रसुवा भन्सार कार्यालय, टिमुरेका प्रमुख भन्सार अधिकृत तुल्सीप्रसाद भट्टराईले जानकारी दिए ।

ऊनी गलैंचा, तयारी कपडा, जडीबुटी, अगरबत्तीसमेत गरी रू. १५ करोडबराबरको निर्यात भएको कार्यालय प्रमुख भट्टराईले बताए । आयात भएका सामानबाट १२ अर्ब ४७ करोड रुपैयाँ राजस्व संकलन भएको कार्यालयको भनाइ छ । आयात भएका मालसामान बोकेर भन्सार हातामा प्रवेश गरिसकेका करीब २०० कन्टेनरको धमाधम मूल्यांकन कार्य अगाडि बढेको उनले बताए ।

केरुङबाट आयात भएका सामग्री बोकेका ट्रक सीधै भन्सार हातामा आउने गरेका छन् । तिनको परीक्षण एवं जाँचपास गरिँदै आएको भन्सार कार्यालयले जनाएको छ ।



मितेरी पुल नजिक रसुवागढीमा निर्माणाधीन एकीकृत भन्सार भवन ठेकेदार कम्पनीबाट काममा ढिलाइ हुँदै गएको छ । भवन विभागमार्फत ७ वर्षअघि निर्माण शुरू भएको भवन निर्माण सुस्त छ । चीन सरकारको सहयोगमा टिमुरेमा निर्माणाधीन अर्को छुट्टै भन्सार कार्यालय भवन भने करीब ८० प्रतिशत पूरा भइसकेको प्राविधिकले बताएका छन् ।

चीनबाट आयात भएका सवारीसाधन व्यवस्थित पार्किङ नहुँदा घामपानी र शीतका कारण बाहिरी भाग बिग्रने सम्भावना देखिएको छ । त्यस्ता सवारीसाधन लामो समयको पार्किङपछि काठमाडौंलगायत शहरमा पुऱ्याएर बिक्री गर्दा चाँडै रङ उप्किने समस्या रहेको व्यवसायीको गुनासो छ । *रासस*

**बाँकी पृष्ठ १ बाट ...**

### मूल्यवृद्धि नरोकिए ...

तर, उक्त सहमतिलाई बेवास्ता गर्दै सिमेन्ट उद्योगीले अहिले ओपीसीको प्रतिबोरा ७०५ र पीपीसीको ६८० रुपैयाँ मूल्य तोकेको सिंहले बताए । साथै सिमेन्ट उद्योगीले अहिले उत्पादनसमेत घटाएर अभाव सृजना गरेर मूल्यवृद्धि गर्ने बहाना बनाएको उनले बताए ।

नेपाल सिमेन्ट उत्पादक संघका अध्यक्ष रघुनन्दन मारूले भने अहिले मूल्य बढेको नभई घटेको मूल्य समायोजन गरिएको बताए ।

'सिमेन्टको मूल्य गतवर्षको भन्दा कम छ । सिमेन्टको मूल्य बढेको नभई समायोजन मात्र गरिएको हो । आर्थिक गतिविधि कम हुँदा सिमेन्ट उद्योगहरू घाटामा छन् । अहिले हामी मूल्य घटाउने भन्दा पनि कसरी उद्योगलाई चलायमान बनाउने भन्ने विषयमा केन्द्रित छौं,' मारूले भने, 'मूल्य घटाउने सम्भावना छैन । यद्यपि सिमेन्ट उद्योगले यसबारे आफै निर्णय लिन भने सक्नेछन् ।'

सडक विभागका महानिर्देशक रामहरि पोखरेलले निर्माण व्यवसायीले भनेजस्तो सिमेन्टको मूल्यवृद्धिले दीर्घकालीन आयोजनाहरूमा खासै फरक नपर्ने बताए ।

उनका अनुसार १ वर्षभित्र सक्नुपर्ने आयोजनामा केही असर पर्ने भए पनि १ वर्षभन्दा बढी समयमा सक्नुपर्ने आयोजनाको हकमा नेपाल राष्ट्र बैंकले जारी गर्ने मूल्यवृद्धिको सूचकअनुसार व्यवसायीलाई मूल्यवृद्धिको अनुपातमै रकम दाबी गर्न पाउने सुविधा दिने गरिएको छ ।

### कामका लागि ...

चालू आवको पहिलो ४ महीनामा ५ खर्ब २१ अर्ब ६३ करोड रुपैयाँ रेमिटचान्स भित्रिएको छ । गतवर्षको तुलना यस अवधिमा ९ दशमलव १ प्रतिशतले विप्रेषण बढेको राष्ट्र बैंकको ताजा तथ्यांकले देखाउँछ । गतवर्षको पहिलो चौमासमा विप्रेषण आप्रवाह २२ दशमलव ५ प्रतिशतले बढेको थियो । यिनै देशबाट नेपालमा ७० प्रतिशतभन्दा बढी विप्रेषण भित्रिने गरेको विभागका अधिकारी बताउँछन् । 'विप्रेषणको ठूलो अंश खाडी मुलुकबाट आइरहेको छ,' नेपाल राष्ट्र बैंकका एक उच्च अधिकारीले भने ।

वैदेशिक रोजगारविज्ञ गणेश गुरुङ मुलुकभित्र बढ्दो राजनीतिक किचलो, निराशा र लगानीको वातावरण अझै पनि नबन्दा दिन प्रतिदिन विदेशिनेको संख्या ठूलो मात्रामा बढेको बताउँछन् । उनका अनुसार काम गर्न सक्ने ठूलो जनशक्ति राज्यले दिन प्रतिदिन गुमाइरहेको छ । युवा जनशक्तिलाई स्वदेशमै राख्न सरकारले ठूला योजना ल्याएर कार्यान्वयन गर्न जरुरी रहेको उनले बताए ।

छरिएर रहेका रोजगारीसम्बन्धी कार्यक्रमलाई समेत एकीकृत गराई राज्यले रोजगारी दिलाउनुपर्ने उनले बताए । वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषणसमेत अनुत्पादक क्षेत्रमा ठूलो मात्रामा खर्च भइरहेको र त्यसलाई रोकेर उत्पादनमूलक क्षेत्रमा लगाउन जरुरी रहेको गुरुङको भनाइ छ ।

### बीमालेख नवीकरण ...

मङ्सिरसम्ममा सबैभन्दा बढी नेपाल लाइफ इन्स्योरेन्सले १८ अर्ब ७६ करोड रुपैयाँ बीमाशुल्क संकलन गरेको छ । गत आवको यसै अवधिको तुलनामा नेपाल लाइफको बीमाशुल्क संकलन करीब १२ प्रतिशतले वृद्धि भएको हो ।

लघुबीमाबाट ४० करोड

यसैगरी चालू आवको मङ्सिरसम्ममा लघु जीवन बीमा कम्पनीहरूले पनि ४० करोड ३४ लाख ८४ हजार रुपैयाँ बीमाशुल्क संकलन गरेका छन् । हाल गार्डियन, क्रेष्ट र लिबर्टी लघु जीवन बीमा कम्पनीहरूले लघुबीमाको कारोबार गर्दै आएका छन् । प्राधिकरणले ५० लाख रुपैयाँभन्दा कम रुपैयाँ बीमांकको बीमालेखलाई लघुबीमाको परिभाषामा समेटेको छ ।

### ऋणपत्र निष्कासन ...

यीमध्ये राष्ट्रिय वाणिज्य बैंकले २०७९ साल भदौ १४ गते र सिटिजन्स बैंकले २०८० साल माघ १२ गते बोर्डमा आवेदन दिएका थिए । यीबाहेक अन्य कम्पनीले भने २०८१ सालमा आएर आवेदन दिएको देखिन्छ । २०८० पुस २० गतेदेखि बोर्डमा अध्यक्ष पद रिक्त रहँदा सार्वजनिक निष्कासन स्वीकृति प्रक्रिया प्रभावित बनेको थियो । गत चैतमा भने अर्थ मन्त्रालयका प्रतिनिधि सदस्यले बोर्ड अध्यक्ष पद रिक्त रहेको अवस्थामा अध्यक्षसरह जिम्मेवारी पाउने व्यवस्था भएसँगै सार्वजनिक निष्कासन स्वीकृति प्रक्रिया अघि बढेको थियो । यसबीचमा प्रारम्भिक सार्वजनिक निष्कासन (आईपीओ), थप निष्कासन (एफपीओ), हकप्रद र म्युचुअल फन्डले अनुमति पाए पनि ऋणपत्रले भने अनुमति नपाएको अवस्था छ । करीब ११ महीनामा मङ्सिर १० गते बोर्डमा सन्तोषनारायण श्रेष्ठ अध्यक्ष नियुक्त भएका छन् ।

बोर्ड अध्यक्षको जिम्मेवारी पाएसँगै श्रेष्ठले विवादित नबन्ने गरी सार्वजनिक निष्कासन स्वीकृति प्रक्रिया अघि बढाउने बताएका थिए । सोहीबमोजिम आवश्यक कागजात पूर्ण रूपमा पेश गर्ने कम्पनीको हकमा सार्वजनिक निष्कासन स्वीकृति प्रक्रियालाई निरन्तरता दिएको बोर्डले बताएको छ । बोर्डका प्रवक्ता निरञ्जय घिमिरेले सबै प्रकारका सार्वजनिक निष्कासनको स्वीकृति प्रक्रियालाई निरन्तरता दिने गरी अहिले सम्बद्ध विभागले काम गरिरहेको जानकारी दिए । लामो समयदेखि आवेदन दिएका कम्पनीको हकमा नयाँ वित्तीय विवरणसहित आवश्यक कागजात माग गर्ने काम सम्बद्ध विभागबाट भइरहेको समेत उनले बताए । एक वर्षदेखि ऋणपत्र स्वीकृत नभएको विषयमा भने उनले ऋणपत्रलाई स्वीकृति नदिने बोर्डको मनसाय नभएको स्पष्ट पार्दै प्रक्रियागत रूपमा अघि बढ्दा ढिलो भएको हुनसक्ने बताए ।

पछिल्लो समय बैंक तथा वित्तीय संस्थाले निक्षेपको ब्याजदर घटाइरहँदा निश्चित अवधिका लागि स्थिर ब्याजदर कायम रहने ऋणपत्र खरीदमा लगानीकर्ताको आकर्षण बढेको देखिन्छ ।

अहिले बैंक तथा वित्तीय संस्थामा मुद्दती निक्षेपको ब्याजदर न्यूनतम ३ प्रतिशतदेखि अधिकतम ६ दशमलव ६ प्रतिशतसम्म छ । बैंक तथा वित्तीय संस्थामा निक्षेपको ब्याजदर ७ प्रतिशतभन्दा तल रहेको अवस्थामा निश्चित अवधिका लागि स्थिर रहने मुद्दती निक्षेपको ब्याजदरभन्दा बढी ब्याजदर रहेको ऋणपत्र खरीदमा लगानीकर्ता आकर्षित भएको देखिन्छ ।

प्राथमिक बजारमा ऋणपत्र निष्कासन नहुँदा दोस्रो बजारबाट ऋणपत्रको कारोबार बढ्दो क्रममा रहेको छ । नेप्सेले सार्वजनिक गरेको कात्तिक महीनाको तथ्यांक हेर्दा ४२ करोड ६३ लाख रुपैयाँभन्दा बढीको ४ लाख कित्ता ऋणपत्र दोस्रो बजारमा कारोबार भएको देखिन्छ । असोजको तुलनामा कात्तिकमा ऋणपत्रको कारोबार उल्लेख्य बढेको देखिन्छ ।

नेप्सेका अनुसार असोजमा ७ करोड ६० लाख रुपैयाँभन्दा बढीको ७१ हजार कित्ता ऋणपत्र कारोबार भएको थियो ।

बोर्डमा आवेदन दिएका १० कम्पनीमध्ये नेपाल इन्फ्रास्ट्रक्चर बैंकले ६ प्रतिशत ब्याजदरमा ऋणपत्र निष्कासन गर्न लागेको छ । यो बाहेक सबै कम्पनीको ऋणपत्रको ब्याजदर ७ प्रतिशतभन्दा बढी नै छ । आइसिएफसि फाइनान्सले सबैभन्दा बढी ९ प्रतिशत ब्याजदरमा ऋणपत्र निष्कासनका लागि अनुमति मागेको छ । आइसिएफसि फाइनान्सले ७ वर्ष अवधिका लागि उक्त ऋणपत्र निष्कासन गर्न लागेको हो ।

लगानीकर्ता डम्बरुवल्लभ घिमिरे लगानीकर्ताले दोस्रो बजारमा जस्तै प्राथमिक बजारमा पनि रोजेर धितोपत्र खरीद गर्न पाउने अवसर पाउनुपर्नेमा जोड दिन्छन् । प्राथमिक बजारमा लगानीको विकल्प रहने गरी सार्वजनिक निष्कासनका लागि स्वीकृति दिनुपर्ने सुझाव घिमिरेले दिए । प्राथमिक बजारमा लगानीकर्ता सक्रिय रहे मात्र दोस्रो बजारमा पनि लगानीकर्ताको सक्रियता बढ्ने हुँदा सार्वजनिक निष्कासनमा विविधता कायम गर्नुपर्ने उनको भनाइ छ ।

# गहुँखेती गर्न रासायनिक मल अभाव



सिरहा । सिरहाको सखुवानन्कारकट्टी गाउँपालिका-१ का बद्री यादवले रासायनिक मल अभाव हुँदा गहुँ छर्न पाएका छैनन् । कृषि सामग्री कम्पनी लिमिटेड शाखा कार्यालय लहानले गत मङ्सिरमा तीन चरणमा रासायनिक मल वितरण गरेको थियो । सरकारले उपलब्ध गराउँदै आएको सहुलियतको उक्त मल यादवले भने पाएनन् ।

यादवले धान थन्क्याएलगत्तै करीब पाँच कट्ठा जग्गामा गहुँ छर्ने तयारी गरेका थिए । गहुँ बालीका लागि खेत जोतेर तयार पारिसक्दासमेत उनले युरिया र डिएपी मल किन्न पाएनन् । सोमवार पनि उनी मल लिन लहानस्थित कृषि सामग्री कम्पनी लिमिटेडको शाखा कार्यालय पुगे । 'खेती लगाउने समय घर्किसक्यो, कतैबाट पनि मल किन्न पाइएन । यहाँ त पाइन्छ कि भनेर आएको हुँ,' कृषक यादवले भने, 'तर यहाँबाट पनि मल पाउन सम्भव भएन ।'

कृषि सामग्री कम्पनी लिमिटेडले किसानलाई प्रत्यक्ष रूपमा मल दिन नमिल्ने र यसका लागि रासायनिक मल वितरण गर्ने सहकारी धाउनुपर्ने यादवले बताए । उनी रित्तै घर फर्किए ।

यादव जस्तै सिरहाका १७ ओटै पालिकाका अधिकांश किसानले मल पाउन सकेका छैनन् । कतिपयले मल अभावमा गहुँ छर्न पाएका छैनन् । कतिपय उम्रिएको गहुँमा मल छर्न सहकारी र अन्यत्र भौंतारिइरहेका भेटिन्छन् । तर, मल सहजै पाइँदैन । भेटिए पनि चर्को मूल्य तिर्नुपर्छ । स्थानीय तहको सिफारिशअनुसार सहकारीमार्फत पाउनुपर्ने मल पनि किसानले पाउन सकेका छैनन् ।

किसानका लागि रासायनिक मल एकदमै न्यून मात्रामा प्राप्त भएको लहान नगरपालिका-२ का वडाध्यक्ष सियाराम यादवले बताए । मागको करीब एक तिहाइ रासायनिक मल उपलब्ध भएकाले अहिले हाहाकार भएको उनले जानकारी दिए । किसानलाई दिइने मलको कोटा बढाउन वडाध्यक्ष यादवले सरकारसँग माग गरे ।

भारत तथा तेस्रो मुलुकबाट सरकारले ल्याएको रासायनिक मल कृषि सामग्री कम्पनी लिमिटेड र साल्ट ट्रेडिङ कर्पोरेशनले कृषि सहकारी संस्थामार्फत किसानलाई अनुदानमा उपलब्ध गराउँदै आएका छन् । स्थानीय तहमा त्यहाँका उपप्रमुख तथा उपाध्यक्षको नेतृत्वमा मलखाद आपूर्ति समितिको सिफारिशमा कृषि सहकारी डिलरबाट किसानलाई रासायनिक मल वितरण हुँदै आएको छ ।

सिरहामा १७ ओटै पालिकामा गरी १२० कृषि सहकारी डिलर छन् । ती डिलरबाटै किसानलाई रासायनिक मल वितरण गरिँदै आएको कृषि सामग्री कम्पनी लिमिटेडको शाखा कार्यालय लहानका प्रमुख दीपराज पौडेलले बताए । उनका अनुसार सरकारले नै न्यून मात्रामा उपलब्ध गराएकाले अहिले मल अभाव भएको हो ।

सिरहामा ६ हजार ४०० हेक्टर खेतीयोग्य जमिन छ । त्यसमध्ये झन्डै ७५ प्रतिशतमा गहुँ खेती हुने गर्छ । यसका लागि कम्तीमा ४ हजारदेखि ४ हजार ५०० मेट्रिक टन डिएपी मल र ३ हजार मेट्रिक टन युरिया मल आवश्यक पर्ने प्रमुख पौडेलले बताए । कार्यालयले मङ्सिरमा तीन चरणमा गरी १ हजार २७२ मेट्रिक टन मात्र डिएपी मल वितरण गरेको उनले जानकारी दिए । पहिलो चरणमा ८७२ मेट्रिक टन डिएपी र हजार मेट्रिक टन युरिया, दोस्रो चरणमा ३०० मेट्रिक टन डिएपी र त्यत्ति नै मात्रामा युरिया तथा तेस्रो चरणमा सय मेट्रिक टन डिएपी र सोही मात्रामा युरिया वितरण गरिएको थियो ।

प्रमुख पौडेलले अझै ८५० मेट्रिक टन डिएपी मल आयात गरिने बताए । यहाँबाट वितरण गरिने डिएपी मलको प्रतिबोरा २ हजार २७२ रुपैयाँ ५० पैसा, युरियाको प्रतिबोरा ८२२ रुपैयाँ ५० पैसा र पोटासको प्रतिबोरा १ हजार ५७२ रुपैयाँ मूल्य तोकिएको छ । धान, मकै, गहुँजस्ता प्रमुख खाद्यान्न बाली लगाउने मौसममा सधैं रासायनिक मल अभाव हुँदा देशको अर्थतन्त्रमा समेत प्रतिकूल प्रभाव पारिरहेको छ । *रासस*

# रेल्वेको ट्र्याकले सावरसुप खेती अन्योलमा

पथरी (मोरङ) । जिल्लाको पथरी शनिश्चरे-१ का भीमसेनी सुब्बाले पाँच वर्ष पहिले सगरमाथा कृषि फार्म स्थापना गरी सावरसुप खेती शुरू गरे । पूर्व-पश्चिम रेलमार्गअन्तर्गतको जग्गामा फार्म परेपछि खेतीको भविष्यबारे उनी द्विविधामा छन् ।

सुब्बाका अनुसार सावरसुप क्यान्सरविरोधी तत्व भएको वनस्पति हो । आफूले फार्म सञ्चालन गर्दै आएको एक बिघा जमिन रेलमार्गमा पर्ने भएपछि निराशा छाएको र दोधारमा परेको उनको भनाइ छ ।

पाँच वर्षअघि बैंकबाट ऋण लिएर १० कट्ठा जग्गामा फार्म सञ्चालन गरेको बताउने सुब्बाले रेलमार्ग फार्ममा परेपछि सबै बैंकिङ प्रक्रिया बन्द भएको जानकारी दिए । 'फार्मअन्तर्गतको जमिन रेलमार्गमा परेपछि फार्म रुग्ण भएको छ । अहिले पूर्व काँकडभिट्टाबाट पश्चिम कञ्चनपुरसम्म रेलमार्गको काम भएको छैन, जग्गा फुकुवा पनि भएको छैन,' उनले भने, 'यसले गर्दा खेतीको विकल्प वा व्यवस्थापन कसरी गर्ने भन्नेमा अन्योल छ ।'

सुब्बाले ६ वर्षअघि कुखुरा, माछा, सुँगुर, काजु, फलफूल र अर्ग्यानिक सागसब्जी उत्पादन शुरू गरेका थिए । १८ वर्षको उमेरमा भारतीय सेनामा भर्ती भएका सुब्बा १८ वर्षपछि स्वदेशमै कृषि कर्म गर्ने रहर जागेको बताउँछन् । भारतीय सेनामा हुँदा भएको आम्दानी र शीपबाट आफूलाई कृषिमा लाग्न प्रेरणा मिलेको उनले बताए ।

'शान्तिसेना जाँदा अफ्रिकामा देखेको सावरसुपको फल उत्पादन गर्न धेरै संघर्ष गर्नुपऱ्यो । आफन्तको सहयोगमा अमेरिकाबाट बीउ मगाएर खेती शुरू गरेँ । अहिले बैंकिङ प्रक्रिया बन्द हुनु, रेलमार्गका कारण जग्गा फुकुवा नहुनुलगायत कारणले ऋणको भार मात्र थपिएको छ,' सुब्बाले भने ।



अमेरिकाबाट १ हजार २०० डलरमा बीउ मगाएका सुब्बाले शुरूमा ४५ ओटा बिरुवा उमारेको बताए । १० कट्ठा जमिनमा शुरू गरेको खेती अहिले एक बिघामा फैलिएको उनले जानकारी दिए । सावरसुपको फल प्रतिकिलो २ हजार २०० रुपैयाँसम्मा नेपाली बजारमा बिक्री हुँदै आएको सुब्बाले जानकारी दिए ।

उनका अनुसार व्यावसायिक खेती गर्ने उद्देश्यले अमेरिकाबाट दाना बीउ ल्याएर उमारेको बिरुवाले उत्पादन दिन थालेको छ । फार्ममा रेल्वेको ट्र्याक परेपछि आफ्नो सपना अधुरै रहने हो कि भन्ने चिन्ताले सताउन थालेको उनको भनाइ छ । सुब्बाले भने, 'आफ्नो उर्वर जीवन भारतीय सेनामा बित्यो, सबै सम्पत्ति फार्ममा छ । बैंकले ऋण लिने प्रक्रिया बन्द गरेपछि अहिले समस्यामा छु ।'

सावरसुप नेपालमा नौलो र फरक किसिमको वनस्पति हो । 'एन्टी क्यान्सर' बिरुवाका रूपमा चिनिएको उक्त वनस्पति विदेशमा बढी उपयोग गरिन्छ । नेपालमा यसको महत्त्वबारे थाहा नभएकाले यसको महत्त्व बुझाउनका लागि पनि व्यावसायिक खेती शुरू गरेको सुब्बा बताउँछन् ।

सावरसुपको पात र फल खानाले विभिन्न रोग प्रतिरोधात्मक क्षमता बढ्ने बताइन्छ । पछिल्लो समय यसको फल क्यान्सरका बिरामीले रोकथामका लागि खाने गरेको बताउँदै सुब्बाले थपे, 'यसबारे जानकारी दिन प्रचारप्रसार गर्नुपर्छ ।'

बीउबाट ४५ बिरुवा उमारेका सुब्बाले अहिले आधुनिक प्रविधिमार्फत १५० बिरुवा बनाएको जानकारी दिए । उनका अनुसार पाँच विभिन्न स्वादमा पाइने सावरसुपको पात पनि चियामा प्रयोग हुन्छ । 'एयर ल्यायरिङ' र 'ग्राफ्टिङ' प्रविधि अपनाएर बिरुवा उत्पादन गरेको जानकारी दिँदै उनले बिरुवा बिक्री भने नगरेको बताए ।

'आफ्नै बारीमा बिरुवा हुर्काएर अझ व्यावसायिक बन्ने प्रयासमा सुब्बा लाग्नुभएको छ,' पथरी शनिश्चरे-१ का वडाध्यक्ष नैना राईले बताइन् । केही बिरुवा वडालाई निःशुल्क वितरण गरेको पनि सुब्बाले जानकारी दिए । भविष्यमा बिरुवा बिक्री गर्ने योजना रहेको उनले बताए ।

क्यान्सरबाट थुप्रै नेपाली पीडित बनिरहेको अवस्थामा यो फलको सेवनबाट क्यान्सर रोग नियन्त्रणमा सहयोग पुग्ने विभिन्न अध्ययनले देखाएको सुब्बाले बताए । पछिल्लो समय सावरसुपबारे थाहा पाएर फार्ममा बिरुवा, पात र फल किन्न मानिसहरू आउन थालेको उनले जानकारी दिए । नयाँ खेती शुरू गरेकाले स्थानीय तथा संघीय सरकारसँग खेती व्यवस्थापनको विकल्पसहित आर्थिक, प्राविधिक सहयोग गर्न उनले अनुरोध गरे ।

'नेपाली बजारमा यो नयाँ किसिमको फल भएकाले यसलाई तराईका क्षेत्रमा विस्तार गर्न सके र यसको थप अध्ययन गरी महत्त्वबारे सबैलाई जानकारी दिन सके यसप्रति अन्य कृषकको पनि आकर्षण बढ्ने थियो,' उनले भने, 'यसका लागि कृषि ज्ञान केन्द्र, स्थानीय तथा संघीय सरकार, अन्य सरोकार भएका निकायले सहयोग र समन्वय गर्नुपर्छ ।' *रासस*

# वायुसेवा निगमको आन्तरिक उडान ठप्प

काठमाडौं । राष्ट्रिय ध्वजावाहक नेपाल वायुसेवा निगम (नेपाल एयरलाइन्स) को आन्तरिक उडान ठप्प भएको छ । उडानमा रहेको एक मात्रै ट्विनअटर विमान पनि ग्राउन्डेड भएपछि निगमको आन्तरिक उडान पूर्ण रूपमा ठप्प भएको हो । निगमसँग आन्तरिक उडान भर्ने दुई थान ट्विनअटर विमान छन् । तीमध्ये एउटा गत जेठदेखि ग्राउन्डेड छ । अर्को पनि हालै ग्राउन्डेड भएको छ । प्राविधिक समस्या आएकाले आइतवारदेखि आन्तरिक उडान हुन नसकेको निगमका प्रवक्ता रमेश पौडेलले बताए । उनले ताकेता गरेर सकेसम्म चाँडै विमान उडान सेवा सञ्चालन गरिने बताए । 'प्राविधिक समस्या आएकाले केही समयलाई विमान ग्राउन्डेड भएको हो,' उनले भने, 'समस्या समाधानका लागि आवश्यक प्रक्रिया शुरू भइसकेको छ । *रासस*

**स्थाई ठेगना थाह नभएको हेमन्त राई ९८५१००१९४६ लाई आफ्नो सामान बुझि लिन आउने सम्बन्धमा जारी भएको ३५ दिने सूचना**

तपाईले बहालमा लिनुभएको का.म.न.पा वडा नं.३२ जडिबुटी स्थीत घरको भाडा रकम नतिरि सम्पर्क बिहिन हुनु भएकोले का.म.न.पा वडा नं.३२ को रोहबरमा उक्त कोठा मिति २०८१ साल बैसाख १३ मा खाली गर्दा मुचुल्कामा उल्लेखीत सामानहरु म घरधनीको जिम्मामा छाडेको हुँदा यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र तपाईले तिर्नुपर्ने भाडा रकम तिरी उक्त सामानहरु उठाई लैजानुहोला अन्यथा उक्त सामानहरुको म घरधनी जिम्मेवार नहुने व्यहोरा जनकारी गरीन्छ ।

**घरधनी**
**गंगा श्रेष्ठ**
**९८४१९३७५३१**

# धितोमा रहेको चल अचल सम्पत्ति लिलाम डाँक बढाबढद्वारा लिलाम बिक्री गरिने बारे दोस्रो पटकको सार्वजनिक सूचना

(सूचना प्रकाशित मितिः२०८१/०९/१० गते)

तपसील बमोजिमका कर्जा ग्राहकहरुले यस बैंकबाट देहाय बमोजिम कर्जा/सुविधाहरुको बैंकलाई बुझाउनु पर्ने साँवा, व्याज, हर्जाना तथा अन्य लेना रकम बुझाउन पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता, कर्जा बुझाउने बारे २१(एक्काईस) दिने सूचना र धितो लिलाम बिक्री हुने बारेको ३५(पैंतीस) दिने सार्वजनिक सूचना मिति २८१।०७।०५ मा प्रकाशन गर्दा समेत कर्जा भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकाले यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र बैंकको सम्पूर्ण लेना रकम चुक्ता गर्नुहुन कर्जा ग्राहक, धितो सुरक्षण मन्जुरीनामादिने, जमानत दिनुहुने व्यक्ति/संस्थालाई यो सार्वजनिक सूचना जारी गरीएको छ। उल्लेखित १५(पन्ध्र) दिन भित्र कर्जा चुक्ता नगरेमा बैंकलाई लेखिदिएको चल अचल सम्पत्ति/परियोजना बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ र यस बैंकको प्रचलित कर्जा असुली कार्यबिधि अनुसार देहाय बमोजिमको मितिमा धितो लिलाम डाँक बढाबढ गरिने हुँदा ईच्छुक व्यक्ति/संस्था तथा सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ। साथै, उपरोक्त अनुसार डाँक बढाबढद्वारा धितो लिलाम बिक्री हुन नसकेमा धितो सुरक्षणमा रहेको चल अचल सम्पत्ति बैंक आफैले सकार गरिलिन सक्ने व्यहोरा समेत जानकारी गराईन्छ।

**तपसील**

धितो लिलाम बिकी हुने मिति : २०८१ साल पौष महिना २५ गते बिहिवार (ग्राहक नं. १, २ र ३)
मिति : २०८१ साल पौष महिना २६ गते शुक्रवार (ग्राहक नं. ४, ५ र ६ )
मिति : २०८१ साल पौष महिना २८ गते आईतबार (ग्राहक नं. ७, ८ र ९ )
सम्बन्धित कार्यालय तथा लिलाम हुने कार्यालय/स्थान : कृषि बिकास बैंक लि. शाखा कार्यालय, बर्दिवास
धितो लिलाम बिकी हुने मिति : २०८१ साल पौष महिना २९ गते सोमबार (ग्राहक नं. १० र ११ )
सम्बन्धित कार्यालयः कृषि बिकास बैंक लि. शाखा कार्यालय, बर्दिवास
लिलाम हुने कार्यालय/स्थानः प्रदेश कार्यालय, जनकपुर

**ग्राहकको विवरण**

**(१) ग्राहकको नामः वासुदेव पासमान, बर्दिवास १३** ना.प्र.नं.: १८२६३८६९ जारी मितिः २०६३/०७/०२
जारी भएको कार्यालयः जिल्ला प्रशासन कार्यालय, महोत्तरी बाबुको नामः सौदागर पासमान, बाजेको नामः गोनैार पासमान

**लिलाम हुने अचल सम्पत्तिको विवरण**

| कर्जा शिर्षक/ कर्जा नं. | जग्गाधनीको नाम | जिल्ला | न.पा./ गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल |
|---|---|---|---|---|---|---|
| सरल कृषि कर्जार ७५५८८० | १) बचिया देवी, बासुदेव पासमान | महोत्तरी | बिजलपुरा | ३क | २०३ | ०-५-०-० |
| | २) सौदागर पासमान | महोत्तरी | बिजलपुरा | ३क<br>३ग | ३८७, ५७५<br>१३९, ३६२ | ०-०-१४-०, ०-१-१४-०<br>०-१-१०-०, ०-१०-०-० |

**व्यक्तिगत तथा धितो जमानीकर्ताको विवरण**

| नाम | ठेगाना | ना.प्र.नं. | नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय | पति/बाबु | बाजे/ससुरा |
|---|---|---|---|---|---|
| १) बचिया देवी | बर्दिवास १३ | ६६७४/२०८८ | महोतरी/२०४४/१२/२५/ जिल्ला प्रशासन कार्यालय | सौदागर पासमान | गोनैार पासमान |
| २) सौदागर पासमान | बर्दिवास १३ | १८२६१६६१ | महोतरी/२०३७/०४/२१/ जिल्ला प्रशासन कार्यालय | गोनैार पासमान | फुलचन पासमान |

**(२) ग्राहकको नामः डि.पि.आर. बंगुर तथा पशुपालन फर्म** फर्म दर्ता भएको कार्यालयः घरेलु तथा साना उद्योग कार्यालय, महोत्तरी
दर्ता नं.: ७५३३/४८१/०७७/०७८ दर्ता मितिः २०७७/०८/१६ पान नं.: ३०५६८९९७१

**लिलाम हुने अचल सम्पत्तिको विवरण**

| कर्जा शिर्षक/ कर्जा नं. | जग्गाधनीको नाम | जिल्ला | न.पा./गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल |
|---|---|---|---|---|---|---|
| युवा कृषि कर्जार १७४२६४९ | डम्बर बहादुर राउत | महोत्तरी | किसाननगर | ३क | २५६ | ०-५-११.५-० |
| | डम्बर बहादुर राउत | महोत्तरी | किसाननगर | ५क | २५५ | ०-५-११.५-० |
| | नन्दमाया राउत | महोत्तरी | किसाननगर | ५क | ४२८ | ०-२-०-० |

**प्रोप्राईटर/साझेदार/संचालकहरुको विवरण**

| नाम | ठेगाना | ना.प्र.नं. | नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय | पति/बाबु | बाजे/ससुरा |
|---|---|---|---|---|---|
| डम्बर बहादुर राउत | बर्दिवास १, महोत्तरी | १८३०७३/८७३ | महोत्तरी/२०६३/१०/०७/ जिल्ला प्रशासन कार्यालय | चन्द्र बहादुर राउत | भक्त बहादुर राउत |

**व्यक्तिगत तथा धितो जमानीकर्ताको विवरण**

| नाम | ठेगाना | ना. प्र.नं. | नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय | पति/बाबु | बाजे/ससुरा |
|---|---|---|---|---|---|
| नन्द माया राउत | बर्दिवास १, महोत्तरी | ४९६००७६२ | महोत्तरीर२०४४/१२/०९/ जिल्ला प्रशासन कार्यालय | चन्द्र बहादुर राउत | भक्त बहादुर राउत |

**(३) ग्राहकको नामः हेमा ईन्टर प्राईजेज** फर्म दर्ता भएको कार्यालयः घरेलु तथा साना उद्योग कार्यालय, महोत्तरी
दर्ता नं.: १२३५/४३६/०६५/०६६ दर्ता मितिः २०६५/११/०६ पान नं.: ३०१६२६६९९

**लिलाम हुने अचल सम्पत्तिको विवरण**

| कर्जा शिर्षक/कर्जा नं. | जग्गाधनीको नाम | जिल्ला | न.पा./गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल |
|---|---|---|---|---|---|---|
| व्यापार/६१००६९ | मलिराम भारती | महोत्तरी | ५ नं. बहादुरगंज | ६ | १८ | ०-१४-१-० |

**प्रोप्राईटरको विवरण**

| नाम | ठेगाना | ना.प्र.नं. | नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय | पति/बाबु | बाजे/ससुरा |
|---|---|---|---|---|---|
| मलिराम भारती | बर्दिवास १, महोत्तरी | ०४९५२३५९ | महोत्तरीर२०४५/०१/१९/ जिल्ला प्रशासन कार्यालय | अमरलाल भारती | पशुपतिलाल भारती |

**व्यक्तिगत तथा धितो जमानीकर्ताको विवरण**

| नाम | ठेगाना | ना.प्र.नं. | नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय | पति/बाबु | बाजे/ससुरा |
|---|---|---|---|---|---|
| मन्जु खडका भारती | बर्दिवास १, महोत्तरी | १५१०८८/१३०६९ | सिरहा/२०६८/०३/२०/ जिल्ला प्रशासन कार्यालय | मलिराम भारती | अमरलाल भारती |

**(४) ग्राहकको नामः नर बहादुर स्याङदन, बर्दिवास १३** ना.प्र.नं.: १८२६०४५७ जारी मितिः २०५६/७/२८
जारी भएको कार्यालयः जिल्ला प्रशासन कार्यालय महोत्तरी, बाबुको नामः दान बहादुर स्याङदन, बाजेको नामः मरदन सिंह, पत्नीको नामः राज कुमारी तामाङ

**लिलाम हुने अचल सम्पत्तिको विवरण**

| कर्जा शिर्षक/कर्जा नं. | जग्गाधनीको नाम | जिल्ला | न.पा./गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल |
|---|---|---|---|---|---|---|
| सरल कृषि कर्जा / ६१०२९० | नर बहादुर स्याङदन | महोत्तरी | बिजलपुरा | ६क<br>६क | २२०, १५८<br>१५७ | ०-१-५-०, ०-४-१५-०<br>०-१७-५-० |

**व्यक्तिगत तथा धितो जमानीकर्ताको विवरण**

| नाम | ठेगाना | ना.प्र.नं. | नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय | पति/बाबु | बाजे/ससुरा |
|---|---|---|---|---|---|
| १) राजकुमारी तामाङ | बर्दिवास १३ | १२८६६६१७ | धनुषा/२०४४/११/१७/ जिल्ला प्रशासन कार्यालय | नर बहादुर स्याङदन | दान बहादुर स्याङदन |
| २) पुष्पराज स्याङदन | बर्दिवास १३ | १८२६२२२०३ | महोत्तरी/२०४४/११/१४/ जिल्ला प्रशासन कार्यालय | दान बहादुर स्याङदन | मदन सिंह स्याङदन |

**(५) ग्राहकको नामः रामदयाल यादव, बर्दिवास १०** ना.प्र.नं.: ९०८११३२५ जारी मितिः २०३६र०५र३१
जारी भएको कार्यालयः जिल्ला प्रशासन कार्यालय, सिरहा, बाबुको नामः खटर यादव, बाजेको नामः बिसनु यादव, पत्नीको नामः जानकी देवी

**लिलाम हुने अचल सम्पत्तिको विवरण**

| कर्जा शिर्षक/कर्जा नं. | जग्गाधनीको नाम | जिल्ला | न.पा./गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल |
|---|---|---|---|---|---|---|
| सरल कृषि कर्जार ६१२२९३ | १) राम दयाल यादव | महोत्तरी | खयरमारा | ३घ | २०७ | २-१२-१६-० |

**व्यक्तिगत तथा धितो जमानीकर्ताको विवरण**

| नाम | ठेगाना | ना.प्र.नं. | नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय | पति/बाबु | बाजे/ससुरा |
|---|---|---|---|---|---|
| १) जानकी देवी | बर्दिवास १० | ४६४७४०२६ | महोतरी २०५८/०८/१४/ जिल्ला प्रशासन कार्यालय | रामदयाल यादव | खटर यादव |

**(६) ग्राहकको नामः रंजना पशुपंक्षी तथा मत्स्य फर्म,** फर्म दर्ता भएको कार्यालयः घरेलु तथा साना उद्योग कार्यालय, धनुषा
दर्ता नं.: ११०४०/९४०/०७५/७६ दर्ता मितिः २०७६/०१/१७ पान नं.: ६००१७७६९८

**लिलाम हुने अचल सम्पत्तिको विवरण**

| कर्जा शिर्षक/कर्जा नं. | जग्गाधनीको नाम | जिल्ला | न.पा./गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल |
|---|---|---|---|---|---|---|
| युवा कृषि कर्जा/ १८५५७९० | हिरालाल महतो | महोत्तरी | किसाननगर | ९ख | ४३५ | ०-४-१३.२५-२ |
| | हिरालाल महतो | महोत्तरी | किसाननगर | ९ख | ४३७ | ०-४-९-० |

**प्रोप्राईटरको विवरण**

| नाम | ठेगाना | ना.प्र.नं. | नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय | पति/बाबु | बाजे/ससुरा |
|---|---|---|---|---|---|
| हिरालाल महतो | बर्दिवास ६,महोत्तरी | ४९६२६३०० | महोत्तरी/२०५६/०४/३१/ जिल्ला प्रशासन कार्यालय | महाबिर महतो | जुगलाल महतो |

**व्यक्तिगत तथा धितो जमानीकर्ताको विवरण**

| नाम | ठेगाना | ना.प्र.नं. | नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय | पति/बाबु | बाजे/ससुरा |
|---|---|---|---|---|---|
| रन्जना देवी | बर्दिवास ६,महोत्तरी | ४९६२६८१९ | महोत्तरी/२०६२/०२/१७/ जिल्ला प्रशासन कार्यालय | हिरालाल महतो | महाबिर महतो |

**(७) ग्राहकको नामः ऋषि निर्माण सेवा** फर्म दर्ता भएको कार्यालयः घरेलु तथा साना उद्योग कार्यालय, जलेश्वर
दर्ता नं.: २२७६/२०/०६४/६५ दर्ता मितिः २०६४/०६/१० पान नं.: ३०२५५९५३६

**लिलाम हुने अचल सम्पत्तिको विवरण**

| कर्जा शिर्षक/कर्जा नं. | जग्गाधनीको नाम | जिल्ला | न.पा./गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल |
|---|---|---|---|---|---|---|
| संस्थागत ओ.डी./ ६०९७४१ | सोविन्द्र चौधरी | महोत्तरी | निगौल | ८क | २६७ | ०-७-१३-० |
| | सोविन्द्र चौधरी | महोत्तरी | औरही | ७ | २३४ | ०-०-४.५-० |
| | सोविन्द्र चौधरी | महोत्तरी | औरही | ७ | २३५ | ०-०-१२.२५-० |
| | सोविन्द्र चौधरी | महोत्तरी | औरही | ३ग | २६५ | ०-१-०-० |
| | सोविन्द्र चौधरी | महोत्तरी | औरही | ३क | ६७५ | ०-३-६.७५-० |
| | सोविन्द्र चौधरी | महोत्तरी | बिजलपुरा | ९घ | ३२२ | ०-४-३.५-० |
| | सोविन्द्र चौधरी | महोत्तरी | बिजलपुरा | ९घ | ३२४ | ०-२-१९.५-० |

**प्रोप्राईटरको विवरण**

| नाम | ठेगाना | ना.प्र.नं. | नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय | पति/बाबु | बाजे/ससुरा |
|---|---|---|---|---|---|
| सोबिन्द्र चौधरी | औरही १, महोत्तरी | ५३२/२८०२ | महोत्तरीर२०४९/११/११/ जिल्ला प्रशासन कार्यालय | अनुप चौधरी | वासुदेव चौधरी |

**व्यक्तिगत तथा धितो जमानीकर्ताको विवरण**

| नाम | ठेगाना | ना.प्र.नं. | नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय | पति/बाबु | बाजे/ससुरा |
|---|---|---|---|---|---|
| निलम चौधरी | औरही १ | ५४६४ | महोत्तरी/२०६३/०५/१८/ जिल्ला प्रशासन कार्यालय | सोविन्द्र चौधरी | अनुप चौधरी |

**(८) ग्राहकको नामः शम्भु नारायण यादव, बर्दिवास १०** ना.प्र.नं.: ४६४७३९१२ जारी मितिः २०५८/०८/१०
जारी भएको कार्यालयः जिल्ला प्रशासन कार्यालय, महोत्तरी बाबुको नामः रामदेव राय यादव, बाजेको नामः रामफल राय यादव

**लिलाम हुने अचल सम्पत्तिको विवरण**

| कर्जा शिर्षक/कर्जा नं. | जग्गाधनीको नाम | जिल्ला | न.पा./गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल |
|---|---|---|---|---|---|---|
| सरल कृषि कर्जार १९६८५९० | १) शम्भु नारायण यादव | महोत्तरी | खयरमारा | ३ख | २९३ | ०-३-०-० |
| | २) मोदियाईन कुमारी | महोत्तरी | खयरमारा | ३ख | ४४८ | ०-३-०-० |

**व्यक्तिगत तथा धितो जमानीकर्ताको विवरण**

| नाम | ठेगाना | ना.प्र.नं. | नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय | पति/बाबु | बाजे/ससुरा |
|---|---|---|---|---|---|
| मोदियाईन कुमारी | बर्दिवास १० | ३०६६२१७५ | महोतरी/२०४५/०२/०९/ जिल्ला प्रशासन कार्यालय | रामदेव राय यादव | रामफल राय यादव |

**(९) ग्राहकको नामः बबिता पशुपंक्षी फर्म** फर्म दर्ता भएको कार्यालयः घरेलु तथा साना उद्योग कार्यालय, महोत्तरी
दर्ता नं.: ८३२४/२२९/०७८/०७९ दर्ता मितिः २०७८/०६/११ पान नं.: ६१६५६९३२४

**लिलाम हुने अचल सम्पत्तिको विवरण**

| कर्जा शिर्षक/कर्जा नं. | जग्गाधनीको नाम | जिल्ला | न.पा./गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल |
|---|---|---|---|---|---|---|
| पशुपंक्षी पालनर १९७५८६५ | अम्बिका श्रेष्ठ | महोत्तरी | २५ नं. बहादुरगंज | ४क | १६७० | ०-०-१०-० |
| | | | | | २६५८ | ०-१-६-० |

**प्रोप्राईटरको विवरण**

| नाम | ठेगाना | ना.प्र.नं. | नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय | पति/बाबु | बाजे/ससुरा |
|---|---|---|---|---|---|
| बबिता कुमारी श्रेष्ठ | बर्दिवास २, महोत्तरी | १८/०५/७५/०१८०५ | महोत्तरी/२०७५/०१/२६/ जिल्ला प्रशासन कार्यालय | टिक बहादुर श्रेष्ठ | कृष्ण बहादुर श्रेष्ठ |

**व्यक्तिगत तथा धितो जमानीकर्ताको विवरण**

| नाम | ठेगाना | ना.प्र.नं. | नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय | पति/बाबु | बाजे/ससुरा |
|---|---|---|---|---|---|
| अम्बिका श्रेष्ठ | बर्दिवास २, महोत्तरी | ४९२४९२६ | महोत्तरी/२०४६/०२/०१/ जिल्ला प्रशासन कार्यालय | कृष्ण बहादुर श्रेष्ठ | नारायण श्रेष्ठ |
| टिक बहादुर श्रेष्ठ | बर्दिवास २, महोत्तरी | ३१०७४/२४४ | महोत्तरी/२०६७/०४/३१/ जिल्ला प्रशासन कार्यालय | कृष्ण बहादुर श्रेष्ठ | नारायण श्रेष्ठ |

**(१०) ग्राहकको नामः नवकल्प ट्रेडिंग प्रा.लि.** कम्पनि दर्ता भएको कार्यालयः कम्पनी रजिष्टारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौं कम्पनिको दर्ता नं.: ३१२८९४/७९/०८० दर्ता मितिः २०७७/०८/१६ पान नं.: ६१०५०४७३८

**लिलाम हुने अचल सम्पत्तिको विवरण**

| कर्जा शिर्षक/कर्जा नं. | जग्गाधनीको नाम | जिल्ला | न.पा./गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल |
|---|---|---|---|---|---|---|
| व्यापार,जमानतर ५२९३६७० | राम कुमारी | महोत्तरी | किसाननगर | २ | १५ | ०-१८-०-० |
| | राम कुमारी | महोत्तरी | किसाननगर | २ | १६ | १-०-०-० |
| | बाबुराम गैरे | काठमाडौं | थानकोट | १घ | ३०५ | ०-४-०-० |

**संचालकहरुको विवरण**

| नाम | ठेगाना | ना.प्र.नं. | नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय | पति/बाबु | बाजे/ससुरा |
|---|---|---|---|---|---|
| बाबु राम गैरे | तिलोतमा २, रुपन्देही | ७१३१५ | रुपन्देही/२०४०/११/१५/ जिल्ला प्रशासन कार्यालय | लोकनाथ गैरे | उमापति गैरे |
| राम कुमारी | बर्दिवास ८, महोत्तरी | ०४९७२५६८ | महोत्तरी/२०५०/१०/११/ जिल्ला प्रशासन कार्यालय | आनन्दहरी रवि राना | बल बहादुर राना |

बाँकि पृष्ठ ७ मा

# नेप्सेसँगै बढ्यो कारोबार रकम

**अभियान संवाददाता**

काठमाडौं

साताको तेस्रो कारोबार दिन मंगलवार नेप्सेसँगै कारोबार रकम पनि वृद्धि भएको छ । यस दिन नेप्से १४ दशमलव ३१ अंक बढेर २ हजार ६२६ दशमलव ५२ विन्दुमा पुगेको हो । यस दिन रू. ५ अर्ब २० करोडको कारोबार भएको छ । अघिल्लो कारोबार दिन भने रू. ४ अर्ब ४३ करोड बराबरको कारोबार भएको थियो ।

कारोबारमा आएका धितोपत्रमध्ये आत्मनिर्भर लघुवित्त वित्तीय संस्था, गुराँस लघुवित्त वित्तीय संस्था र सामुदायिक लघुवित्त वित्तीय संस्थाको शेयर मूल्य अघिल्लो कारोबार दिनको तुलनामा १० प्रतिशतका दरले वृद्धि भएको हो ।

यस दिन सपोर्ट लघुवित्त वित्तीय संस्थाका शेयरधनीले सबैभन्दा बढी गुमाएका छन् । यस कम्पनीको शेयर मूल्य अघिल्लो कारोबार दिनको तुलनामा १० प्रतिशत घटेको छ । यससँगै कम्पनीको शेयर मूल्य प्रतिकित्ता रू. ३ हजार ६२३ दशमलव ६० मा झरेको छ । सर्वाधिक शेयर मूल्य घट्ने सूचीको दोस्रोमा जानकी फाइनान्स छ । यस कम्पनीको शेयर मूल्य ८ प्रतिशत घटेर रू. ९०८ कायम भएको छ । सर्वाधिक शेयर खरीदविक्रीको हिस्सा पनि यही कम्पनीले ओगटेको छ । यस कम्पनीको रू. २० करोड बराबरको कारोबार भएको हो । सर्वाधिक शेयर खरीदविक्री हुने दोस्रोमा जोशी हाइड्रोपावर छ । यस कम्पनीको रू. १९ करोड २७ लाख बराबरको शेयर खरीदविक्री भएको हो ।

कारोबारमा आएका १३ समूहगत सूचकमध्ये दुई समूहको सूचक घटेको छ भने बाँकी समूहको सूचक बढेको छ । तीमध्ये विकास बैंक समूहको सूचक सबैभन्दा बढी १ दशमलव ७५ प्रतिशत बढेको छ । सर्वाधिक बढ्ने समूहगत सूचकमा विकास बैंक समूहपछि वित्त समूह छ । वित्त समूहको सूचक १ दशमलव ६२ प्रतिशत बढेको छ ।

त्यस्तै, उत्पादन तथा प्रशोधन समूहको सूचक सबैभन्दा बढी २ दशमलव ३२ प्रतिशत घटेको छ ।

**बजार पूँजीकरण बढ्यो**

मंगलवार बजार पूँजीकरण रू. २३ अर्ब ७४ करोडले बढ्दै रू. ४३ खर्ब ५६ अर्ब ६० करोड कायम भएको छ । अघिल्लो कारोबार दिन बजार पूँजीकरण रू. ४३ खर्ब ३२ अर्ब ८६ करोड थियो ।

**कुल कारोबारमा सर्वाधिक हिस्सा जलविद्युत् समूहको**

कारोबार रकमका आधारमा मंगलवार जलविद्युत् समूहले सर्वाधिक हिस्सा ओगटेको छ । कुल कारोबारमध्ये ४२ दशमलव ६३ प्रतिशत हिस्सा ओगटेको उक्त समूहको रू. २ अर्ब २१ करोड ७८ लाख बराबरको धितोपत्र किनबेच भएको छ। यस्तै, सर्वाधिक कारोबार गर्ने समूहमध्ये दोस्रो स्थानमा वित्त समूह रहेको छ। उक्त समूहको रू. ७४ करोड २० लाख बराबरको धितोपत्र किनबेच भएको छ ।

**ब्रोकर नं. ५८ बाट सर्वाधिक कारोबार**

मंगलवारको बजारमा ब्रोकर नं. ५८ सर्वाधिक कारोबार गर्नेमध्ये शीर्ष स्थानमा रहेको छ। उक्त ब्रोकरबाट रू. ५३ करोड ९७ लाख बराबरको धितोपत्र किनबेच भएको हो । कारोबार अवधिमा उक्त ब्रोकरबाट रू. २२ करोड १८ लाख बराबरको धितोपत्र विक्री भएको छ भने रू. ३१ करोड ७८ लाख बराबरको धितोपत्र खरीद भएको देखिन्छ । यस्तै, दोस्रोमा ब्रोकर नं. ४५ रहेको छ। जसबाट मंगलवारको बजारमा रू. ४१ करोड बराबरको धितोपत्र किनबेच भएको छ ।

**मूल्य घटबढका आधारमा शीर्ष ५ धितोपत्र**

| बढेका धितोपत्र | | | घटेका धितोपत्र | | |
|---|---|---|---|---|---|
| धितोपत्र | अन्तिम मूल्य रू. | फरक (प्रतिशत) | धितोपत्र | अन्तिम मूल्य रू. | फरक (प्रतिशत) |
| आत्मनिर्भर लघुवित्त वित्तीय संस्था लिमिटेड | ५,३९७.७० | १०.०० | सपोर्ट लघुवित्त वित्तीय संस्था लिमिटेड | ३,६२३.६० | -१०.०० |
| गुराँस लघुवित्त वित्तीय संस्था लिमिटेड | २,३७६.०० | १०.०० | जानकी फाइनान्स कम्पनी लिमिटेड | ९०८.०० | -८.०० |
| सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेड | २,०५४.८० | १०.०० | युनिलिभर नेपाल लिमिटेड | ४६,०००.०० | -७.२३ |
| सुपर मादी हाइड्रोपावर लिमिटेड | १,२७३.४० | ९.९९ | एनएमबि फिफ्टी | १०.०१ | -५.५७ |
| न्यादी हाइड्रोपावर लिमिटेड | ४४२.०० | ८.६० | सेञ्चुरी डिबेन्चर २०८८ | १,१४३.०० | -५.१५ |

**समूहगत परिसूचकमा आएको परिवर्तन**

| क्र.सं. | समूह | समूहगत परिसूचक | परिवर्तन (%मा) |
|---|---|---|---|
| १ | विकास बैंक | ५,५०३.०८ | १.७५ |
| २ | वित्त | ३,१५८.५५ | १.६२ |
| ३ | लघुवित्त | ४,९१५.२७ | १.०४ |
| ४ | लगानी | ९९.१४ | ०.९६ |
| ५ | होटल तथा पर्यटन | ६,४७७.८९ | ०.९४ |
| ६ | बैंकिङ्ग | १,४०२.४४ | ०.७६ |
| ७ | जलविद्युत् | ३,५४०.३६ | ०.७१ |
| ८ | निर्जीवन बीमा | १२,४९३.९२ | ०.५६ |
| ९ | अन्य | १,९४३.७५ | ०.४९ |
| १० | जीवन बीमा | १२,५३१.९१ | ०.२८ |
| ११ | म्युचुअल फण्ड | २०.३५ | ०.११ |
| १२ | व्यापार | ४,६१२.१५ | -०.४५ |
| १३ | उत्पादन तथा प्रशोधन | ६,८२३.३३ | -२.३१ |

**समूहगत कारोबार**

| क्र.सं. | समूह | कारोबार रकम (रू. करोडमा) | कारोबारमा हिस्सा(%मा) |
|---|---|---|---|
| १ | जलविद्युत् | २२१.७८ | ४२.६३ |
| २ | वित्त | ७४.२० | १४.२६ |
| ३ | विकास बैंक | ५१.४० | ९.८८ |
| ४ | लघुवित्त | ४४.८३ | ८.६२ |
| ५ | बैंकिङ्ग | ३८.९० | ७.४८ |
| ६ | लगानी | २१.२१ | ४.०८ |
| ७ | जीवन बीमा | १६.१६ | ३.११ |
| ८ | उत्पादन तथा प्रशोधन | १६.१४ | ३.१० |
| ९ | निर्जीवन बीमा | १०.७७ | २.०७ |
| १० | अन्य | ९.७६ | १.८८ |
| ११ | होटल तथा पर्यटन | ५.०३ | ०.९७ |
| १२ | संस्थापक शेयर | ३.३१ | ०.६४ |
| १३ | व्यापार | ३.१९ | ०.६१ |
| १४ | म्युचुअल फण्ड | ३.०१ | ०.५८ |
| १५ | ऋणपत्र | ०.४७ | ०.०९ |

**सर्वाधिक कारोबार भएका पाँच धितोपत्र**

| धितोपत्रको नाम | कारोबार रकम (रू. करोडमा) | अन्तिम मूल्य(रू.) |
|---|---|---|
| जानकी फाइनान्स कम्पनी लिमिटेड | २०.०७ | ९०८.०० |
| जोशी हाइड्रोपावर डेभलपमेन्ट क. लि. | १९.२७ | ५११.४० |
| नेपाल फाइनान्स लिमिटेड | ९.५२ | १,०७४.९० |
| माउन्टेन इनर्जी नेपाल लिमिटेड | ८.६३ | ७२८.२० |
| न्यादी हाइड्रोपावर लिमिटेड | ८.५९ | ४४२.०० |

**शीर्ष ५ ब्रोकर (रकम रू. करोडमा)**

| ब्रोकर नं. | खरीद रकम | विक्री रकम | जम्मा रकम |
|---|---|---|---|
| ५८ | ३१.७८ | २२.१८ | ५३.९७ |
| ४५ | २३.३८ | १७.६२ | ४१.०० |
| ३४ | १९.१३ | १८.४३ | ३७.५७ |
| ३८ | १८.६२ | १४.५७ | ३३.१९ |
| ६२ | १४.५८ | १७.२४ | ३१.८२ |

## नेको इन्सुरेन्सलाई हकप्रद निष्कासन गर्न बोर्डबाट अनुमति

काठमाडौं (अस) । नेको इन्सुरेन्स लिमिटेडले हकप्रद शेयर निष्कासनका लागि नेपाल धितोपत्र बोर्ड (सेबोन) बाट अनुमति पाएको छ । बोर्डले पुस ९ गते कम्पनीलाई हाल कायम चुक्तापूँजीको आधारमा २५ प्रतिशत हकप्रद शेयर निष्कासन गर्न अनुमति दिएको हो । हाल कम्पनीको चुक्तापूँजी २ अर्ब १ करोड २३ लाख रुपैयाँ छ । सोही पूँजीको आधारमा २५ प्रतिशतले हुन आउने ५० करोड ३० लाख ९० हजार रुपैयाँ बराबरको ५० लाख ३० हजार ९०१ दशमलव ५५ कित्ता हकप्रद शेयर निष्कासनका लागि बोर्डले कम्पनीलाई अनुमति प्रदान गरेको हो । यो हकप्रद शेयर निष्कासन तथा विक्री प्रबन्धकमा सानिमा क्यापिटल लिमिटेड रहेको छ । नेको इन्सुरेन्सले उक्त हकप्रद शेयर निष्कासनका लागि २०८० साल चैत ६ गते आवेदन दिएको थियो ।

यस कम्पनीलाई नियामकको निर्देशन बमोजिम २ अर्ब ५० करोड रुपैयाँ चुक्तापूँजी कायम गर्नुपर्ने अवस्था छ । पूँजी वृद्धिकै लागि कम्पनीले हकप्रद शेयर निष्कासन गर्न लागेको हो । यो हकप्रद शेयर निष्कासन तथा बाँडफाँट पछि कम्पनीको चुक्तापूँजी २ अर्ब ५१ करोड ५४ लाख रुपैयाँभन्दा बढी कायम हुनेछ ।

## महुली लघुवित्तको एफपीओमा अन्तिम दिनसम्म १७ लाख ८५ हजारभन्दा बढीको आवेदन

काठमाडौं (अस) । महुली लघुवित्त वित्तीय संस्था लिमिटेडको एफपीओमा अन्तिम दिनसम्म १७ लाख ८५ हजार ८५३ जनाको आवेदन परेको छ । सिडीएस एण्ड क्लियरिङ लिमिटेड (सिडीएससी) ले दिएको जानकारी अनुसार पुस ९ गते साँझ ५ बजेसम्म यी आवेदकहरूबाट २ करोड ४८ लाख ८५ हजार ८४० कित्ता एफपीओ खरीद माग भएको हो ।

कम्पनीले भने ४ लाख ७५ हजार ४४९ कित्ता एफपीओ जारी गरेको हो । अन्तिम दिनसम्म कम्पनीले निष्कासन गरेको एफपीओ कित्ताभन्दा ५२ दशमलव ३४ गुणा बढी आवेदन परेको सिडीएससीको तथ्यांकले देखाउँछ ।

मागभन्दा बढी आवेदन परेकाले कम्पनीको एफपीओ गोलाप्रथाको माध्यमबाट बाँडफाँट हुनेछ ।

**एफपीओ अपडेट**

| कम्पनी | महुली लघुवित्त वित्तीय संस्था लिमिटेड |
|---|---|
| दिन | २०८१ पुस ९ गते |
| एफपीओ निष्कासन भएको मूल्य | रू. १०० |
| कुल निष्कासन कित्ता | ४ लाख ७५ हजार ४४९ |
| आवेदक संख्या | १७ लाख ८५ हजार ८५३ |
| आवेदन परेको कित्ता | २ करोड ४८ लाख ८५ हजार ८४० |
| आवेदन परेको रकम | २ अर्ब ४८ करोड ८५ लाख ८४ हजार |
| निष्कासनको तुलनामा माग | ५२.३४ गुणा |
| निष्कासन बन्द भएको मिति | २०८१ पुस ९ गते |
| विक्री प्रबन्धक | लक्ष्मी सन्राइज क्यापिटल लिमिटेड |

स्रोत : सीडीएससी

## लाभांश प्रस्ताव सहित लुम्बिनी विकास बैंकले पुस २९ मा साधारणसभा गर्ने

काठमाडौं (अस) । लुम्बिनी विकास बैंक लिमिटेडले लाभांशलगायत प्रस्ताव पारित गर्न साधारणसभा बोलाएको छ । बैंकले पुस २९ गते काठमाडौंको कालिकास्थानस्थित अमृतभोगमा १७औं वार्षिक साधारणसभा बोलाएको हो । सो सभा बिहान साढे १० बजे शुरू हुनेछ ।

सभाले हाल कायम चुक्तापूँजीको ३ प्रतिशत बोनस शेयर र ४ प्रतिशत नगद लाभांश (कर सहित) वितरण गर्ने प्रस्ताव पारित गर्नेछ ।

साथै सभाले प्रबन्धपत्र तथा नियमावली संशोधन गर्न सञ्चालक समितिलाई अख्तियारी दिने, स्वतन्त्र सञ्चालकको नियुक्ति अनुमोदन गर्ने, लेखापरीक्षक नियुक्ति गर्ने लगायतका प्रस्तावहरू पनि पारित गर्नेछ ।

साधारणसभा तथा लाभांश वितरण प्रयोजनार्थ बैंकले पुस १९ गते एक दिनका लागि बुक क्लोज गर्ने भएको छ। यसअनुसार पुस १८ गतेसम्म नेप्सेमा कारोबार भई कायम शेयरधनीहरू बैंकको साधारणसभामा सहभागिता जनाउन तथा बैंकले वितरण गर्ने लाभांश प्राप्त गर्न सक्नेछन् ।

## सूर्यज्योति लाइफ इन्स्योरेन्सका शेयरधनीको बैंक खातामा नगद लाभांश जम्मा

काठमाडौं (अस) । सूर्यज्योति लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको पुस ६ गते बसेको साधारणसभाले पारित गरेको २० प्रतिशत नगद लाभांश (कर सहित) सम्बन्धित शेयरधनीको बैंक खातामा जम्मा भएको छ ।

कम्पनीले शेयरधनीको सम्बन्धित बैंक खातामा लाभांश पुस ६ गतेदेखि नै जम्मा भएको जनाएको छ ।

कम्पनीले हालसम्म पनि शेयर अभौतिकीकरण नगरेका र डिम्याट खातामा बैंक खाता अद्यावधिक नगरेका शेयरधनीलाई शेयर अभौतिकीकरण र अद्यावधिक गर्न समेत आग्रह गरेको छ ।

कम्पनीको शेयर रजिष्ट्रार एनआईसी एशिया क्यापिटल लिमिटेड रहेको छ ।

## कुमारी इक्विटी फण्डको नाफा घट्यो

काठमाडौं (अस) । कुमारी म्युचुअल फण्डअन्तर्गत सञ्चालित कुमारी इक्विटी फण्डले मङ्सिर मसान्तसम्मको खुद सम्पत्ति मूल्य विवरण सार्वजनिक गरेको छ ।

उक्त वित्तीय विवरणअनुसार फण्डको खुद नाफा र प्रतिइकाई खुद सम्पत्ति मूल्य (न्याभ) कात्तिक मसान्तको तुलनामा मङ्सिरमा घटेको छ ।

फण्डले कात्तिक मसान्तमा रू. १० करोड ८४ लाख नाफा कमाएकोमा मङ्सिरमा घटेर रू. ६ करोड ६३ लाखमा झरेको हो । मङ्सिर महीनामा फण्डको आम्दानी घटेकाले नाफा घटेको हो । कात्तिक महीनामा फण्डको कुल आम्दानी रू. ११ करोड ५४ लाख रहेकोमा मङ्सिर महीनामा घटेर रू. ७ करोड ४८ लाखमा सीमित भएको छ ।

फण्डले सूचीकृत शेयरमा लगानी घटाएको छ । फण्डले कात्तिक मसान्तसम्ममा सूचीकृत शेयरमा रू. ८६ करोड ६४ लाख लगानी गरेकोमा मङ्सिर मसान्तमा घटाएर रू. ८० करोड ७७ लाखमा पुगेको हो ।

## एफपीओ प्रस्ताव सहित हिमालयन बैंकले बोलायो साधारणसभा

काठमाडौं (अस) । हिमालयन बैंकले यही पुस २९ गते ३२ औं वार्षिक साधारणसभा बोलाएको छ। सभा काठमाडौंको भद्रकालीस्थित नेपाल आर्मी अफिसर्स क्लबमा बिहान १० बजे शुरू हुनेछ । सभामा ९२ लाख ५० हजार ४६९ कित्ता एफपीओ (थप सार्वजनिक निष्कासन) प्रिमियममा निष्कासन गर्ने प्रस्ताव पारित गरिनेछ । एफपीओ निष्कासनपछि जारी र चुक्तापूँजीमा वृद्धि हुने भएकाले त्यसअनुसार प्रबन्धपत्र तथा नियमावली संशोधनका लागि सञ्चालक समितिलाई अख्तियारी दिने प्रस्ताव पनि पारित गरिनेछ ।

बैंकले लाभांशसम्बन्धी कुनै प्रस्ताव पेश गरेको छैन। साथै सभाले गत आर्थिक वर्ष (आव)को वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्नुका साथै चालू आवको लागि लेखापरीक्षक नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने प्रस्ताव पनि पारित गर्नेछ ।

साधारणसभा प्रयोजनका लागि पुस १८ गते बुक क्लोज गर्ने बैंकले जानकारी गराएको छ। पुस १७ गतेसम्म कायम रहने शेयरधनी मात्र सभामा भाग लिन सक्नेछन् ।

## लाभांश प्रस्ताव सहित नागरिक लगानी कोषको साधारणसभा पुस २९ मा

काठमाडौं (अस) । नागरिक लगानी कोषले गत आर्थिक वर्षको मुनाफाबाट शेयरधनीहरूलाई वितरण गर्ने लाभांश प्रस्ताव सहित साधारणसभा बोलाएको छ ।

कम्पनीले पुस २९ गते आफ्नो केन्द्रीय कार्यालय, सिआईटी बिल्डिङ, नयाँ बानेश्वर, काठमाडौंमा ३० औं वार्षिक साधारणसभा बोलाएको हो । सो सभा बिहान ११ बजे शुरू हुनेछ ।

सभाले हाल कायम चुक्तापूँजीको ७ प्रतिशत बोनस शेयर र ६ प्रतिशत नगद लाभांश वितरण गर्ने प्रस्ताव पारित गर्नेछ । यसका साथै सभाले साधारणसभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्न शेयरधनीहरू तथा सञ्चालकहरूको तर्फबाट एक-एक जना प्रतिनिधि नियुक्ति गर्ने प्रस्ताव पनि पारित गर्नेछ ।

साधारणसभा तथा लाभांश वितरण प्रयोजनार्थ कम्पनीले पुस २२ गते एक दिनका लागि बुक क्लोज गर्ने भएको छ । यसअनुसार पुस २१ गतेसम्म नेप्सेमा कारोबार भई कायम शेयरधनीहरू कम्पनीको साधारणसभामा सहभागिता जनाउन तथा कम्पनीले वितरण गर्ने लाभांश प्राप्त गर्न सक्नेछन् ।

**एशियाली शेयर बजारका सूचक (अपडेट : २०२४ डिसेम्बर २४)**

| स्टक एक्सचेन्ज | सूचकको नाम | इन्डेक्स | फरक प्रतिशत |
|---|---|---|---|
| बम्बई स्टक एक्सचेन्ज | बीएसई सेन्सेक्स | ७८,४७२.८७ | -०.०९% |
| नेशनल स्टक एक्सचेन्ज | निफ्टी ५० | २३,७२७.६५ | -०.११% |
| जापान एक्सचेन्ज ग्रुप | निक्केइ २२५ | ३९,०३६.८५ | -०.३२% |
| हङकङ स्टक एक्सचेन्ज | हैंग सेंग | २०,०९८.२९ | १.०८% |
| संघाई स्टक एक्सचेन्ज | संघाई एसई कम्पोजिट इन्डेक्स | ३,३९३.५३ | १.२६% |

पृष्ठ ६ बाट....


**व्यक्तिगत तथा धितो जमानीकर्ताको विवरण**

| नाम | ठेगाना | ना. प्र.नं. | नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय | पति/बाबु | बाजे/ससुरा |
|---|---|---|---|---|---|
| भावना विमली | तिलोतमा २,रुपन्देही | ३४१५१७७०५ | झापा/२०४५/०२/२०/ जिल्ला प्रशासन कार्यालय | बाबुराम गैरे | यवराज विमली |
| भुगर्व गैरे | तिलोतमा २,रुपन्देही | ३७३०१३/४० | रुपन्देही/२०७०/०२/३०/ जिल्ला प्रशासन कार्यालय | बाबुराम गैरे | लोकनाथ गैरे |
| आयुशा गैरे | तिलोतमा २,रुपन्देही | ३७/०२/७४ /०१३७४ | रुपन्देही/२०७४/०२/१२/ जिल्ला प्रशासन कार्यालय | बाबुराम गैरे | लोकनाथ गैरे |
| आनन्द हरि रबि राना | बर्दिवास ८, महोत्तरी | ०४९७२७८९ | महोत्तरी/२०५५/०९/०५/ जिल्ला प्रशासन कार्यालय | बल बहादुर राना | नबाव सिंह राना मगर |
| बल बहादुर राना | बर्दिवास ८, महोत्तरी | ०४९७१३७१ | महोत्तरी/२०४४/०९/०६/ जिल्ला प्रशासन कार्यालय | नबाव सिंह राना मगर | |
| जानकी देवी | बर्दिवास ८, महोत्तरी | ०४९७१३७२ | महोत्तरी/२०४४/११/२२/ जिल्ला प्रशासन कार्यालय | बल बहादुर राना | नबाव सिंह राना मगर |

**(११) ग्राहकको नामः मां गढीमाई ईटा उद्योग** फर्म दर्ता भएको कार्यालयः घरेलु तथा साना उद्योग कार्यालय, महोत्तरी, जलेश्वरं
दर्ता नं.: ३१८४/१०५/०६८/०६९ दर्ता मितिः २०६८/०८/११ पान नं.: ३०५१७४८०४

**लिलाम हुने अचल सम्पत्तिको विवरण**

| कर्जा शिर्षक/ कर्जा नं. | जग्गाधनीको नाम | जिल्ला | न.पा./गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल |
|---|---|---|---|---|---|---|
| उद्योग संचालन / ६०९६९९ | प्रतिमा देवी | धनुषा | जनकपुर | ८ | ८७, ८६ | ०-०-१६-२, ०-०-६-२ |
| | प्रतिमा देवी | महोत्तरी | २५ नं. भंगहा | ३ख | २१०२ | ०-०-१०-० |
| | प्रतिमा देवी | महोत्तरी | भंगहा | १ख | ४८०, ४३९ | ०-१४-१०-०, ०-८-०-० |
| | प्रतिमा देवी | महोत्तरी | भंगहा | १ख | ४४३, ४८१ | ०-७-०-०, ०-२.५-०-० |
| | प्रतिमा देवी | महोत्तरी | भंगहा | १ख | ४७३, १८७ | ०-१३-५-०, ३-१५-५-० |
| | राम किशोर साह | महोत्तरी | भंगहा | १ख | २३३, २३२ | ०-२-०-०, ०-२-०-० |

**प्रोप्राईटरको विवरण**

| नाम | ठेगाना | ना.प्र.नं. | नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय | पति/बाबु | बाजे/ससुरा |
|---|---|---|---|---|---|
| प्रतिमा देवी | बर्दिवास १२, महोत्तरी | १८२६२६१६ | महोत्तरी/२०४६/११/२५/ जिल्ला प्रशासन कार्यालय | रामकिशोर साह | धनि साह तेली |

**व्यक्तिगत तथा धितो जमानीकर्ताको विवरण**

| नाम | ठेगाना | ना.प्र.नं. | नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय | पति/बाबु | बाजे/ससुरा |
|---|---|---|---|---|---|
| राम किशोर साह | बर्दिवास १२, महोत्तरी | १८२६१७२७ | महोत्तरी/२०४२/०६/०७/ जिल्ला प्रशासन कार्यालय | धनि साह तेली | जिया साहु |
| अमित कुमार साह | बर्दिवास १२, महोत्तरी | १८/१/०६३/३५ | महोत्तरी/२०६५/०२/२३/ जिल्ला प्रशासन कार्यालय | राम किशोर साह | धनि साह तेली |

**शर्तहरु :**

१) धितो लिलाम डाँक बढाबढ हुने तोकीएको दिन लिलामी कार्य सम्पन्न हुन नसकेमा वा सार्वजनिक बिदा परेमा सोको लगतै बैंक खुलेको दिन उक्त लिलामी कार्य हुनेछ ।
२) धितो लिलाम डाँक बढाबढमा ३(तीन) जना भन्दा कम व्यक्ति/संस्थाहरुले भाग लिएमा पनि लिलाम बढाबढ कार्य हुनेछ ।
३) धितो लिलाम डाँक बढाबढमा सबै भन्दा बढी बोलकबोल गर्ने व्यक्ति/संस्थाले बोलेको अंकको कम्तिमा १०(दश) प्रतिशत हुने रकम धरौटी वापत त्यसै दिन यस बैंकमा जम्मा भएको हुनु पर्नेछ ।
४) लिलाम सकार गर्ने व्यक्ति/संस्थाले लिलाम सदर भएको कम्तिमा ७(सात) दिन भित्र बाँकी रकम बुझाउनु पर्नेछ । बुझाउनु पर्ने बाँकी रकम तोकीएको मितिमा बुझाउन नसकेमा जम्मा भएको रकम स्वतः जफत हुनेछ ।
५) लिलाम सदर/बदरको निर्णय नभए सम्म धरौटी रकम फिर्ता माग गर्न र सोमा व्याज दाबी गर्न पाईने छैन ।
६) डाँक बढाबढको शुरुवात अंक उक्त चल अचल सम्पत्तिको मूल्यांकनबाट शुरुवात गरिनेछ ।
७) धितो लिलाम डाँक बढाबढ सदर वा बदर गर्नु अगावै सम्बन्धित ग्राहकले बैंकलाई भुक्तानी गर्नु पर्ने सम्पूर्ण रकम बुझाएमा लिलामी कारबाही हुने छैन ।
८) लिलाम सदर भए पश्चात दाखिल/खारेज नामसारी गर्दा सम्बन्धित निकायमा तिर्न बाँकी कर, राजश्व, मालपोत, रजिष्ट्रेशन दस्तुर लगायतका सम्पूर्ण राजश्व, कर, दस्तुर एवं अन्य भैपरी खर्च बोलपत्रदाताले नै ब्यहोर्नु पर्नेछ ।
९) डाँक बढाबढमा सबै भन्दा बढी बोलकबोल गर्ने व्यक्ति/संस्थालाई दिने वा नदिने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ ।
१०) अन्य जानकारीको लागि यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।

**कृषि विकास बैंक लि.**
**कर्जा असुली तथा संकलन विभाग**
**मुख्य कार्यालय, काठमाण्डौं**



*तस्वीर : सुनिल शर्मा/आर्थिक अभियान*

**हवाईजहाजबाट देखिएको सगरमाथा तथा अन्य हिमशृंखला। जलवायु परिवर्तनका कारण हिमालमा हिउँ हुने औसत समय घट्दै गएको छ।**

२४ खर्ब ९२ अर्ब पुग्यो सार्वजनिक ऋण

# साँवा ब्याज भुक्तानीमा विकास बजेटभन्दा बढी खर्च

| सार्वजनिक ऋण दायित्वको अवस्था (रू. करोड) | | | | | | |
|---|---|---|---|---|---|---|
| ऋणको विवरण | शुरू मौज्दात (२०८१ साउन) | २०८१/८२ मङ्सिरसम्मको प्राप्ति | २०८१/८२ मङ्सिरसम्मको भुक्तानी | विनिमयदर नाफा/नोक्सान | जम्मा तिर्न बाँकी ऋण | कुल गार्हस्थ्य उत्पादनको आधारमा ऋण प्रतिशत |
| जम्मा ऋण दायित्व | २४३४०९.९८ | १९२२९.१८ | १४४५५.९१ | -१०५७.९३ | २४९२४१.१७ | ४३.६९ |
| आन्तरिक ऋण दायित्व | ११८०९०.१८ | १६४००.०० | १२७२४.०० | ०.०० | १२१७६६.१८ | २१.३४ |
| बाह्य ऋण दायित्व | १२५३१९.७९ | २८२९.१८ | १७३१.९१ | -१०५७.९३ | १२७४७४.९९ | २२.३५ |

*स्रोत : सार्वजनिक ऋण व्यवस्थापन कार्यालय*

काठमाडौं (अस)। सार्वजनिक ऋणको दायित्व वर्षेनि बढ्दैसँगै उक्त ऋणको साँवा ब्याज भुक्तानी खर्च पनि बढ्दै गएको छ। विकास बजेटभन्दा बढी रकम सार्वजनिक ऋणको साँवा ब्याज तिर्नमा खर्च हुन थालेको छ।

सरकारले विकास निर्माणमा विनियोजन गर्ने वार्षिक बजेट अर्थात् पूँजीगत शीर्षकको तुलनामा सरकारी ऋणको साँवा ब्याज तिर्न छुट्याइने बजेट बढी छ।

चालू आर्थिक वर्षका लागि सरकारले पूँजीगत शीर्षकमा रू. तीन खर्ब ५२ अर्ब ३५ करोड बजेट विनियोजन गरेको छ, जब कि सरकारी ऋणको साँवा ब्याज तिर्न रू. चार खर्ब दुई अर्ब बजेट छुट्ट्याइएको छ। यी दुई शीर्षकमा मङ्सिर मसान्तसम्म भएको खर्चको अवस्था हेर्ने हो भने पूँजीगत बजेट खर्चभन्दा ऋणको साँवा ब्याज तिर्न भएको खर्च तीन गुणाले बढी छ। महालेखा नियन्त्रक कार्यालयका अनुसार मङ्सिर मसान्तसम्म सरकारको पूँजीगत खर्च रू. ४० अर्ब ८० करोड मात्रै छ। सो अवधिमा सार्वजनिक ऋणको साँवा ब्याजका लागि रू. एक खर्ब ७० अर्ब ५९ करोड भुक्तानी भएको कार्यालयले जनाएको छ।

सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले सार्वजनिक गरेको चालू आर्थिक वर्ष २०८१/८२ को मङ्सिर मसान्तसम्मको सार्वजनिक ऋणको प्रतिवेदनअनुसार सरकारी ऋण करीब रू. २५ खर्ब हाराहारी छ।

चालू आर्थिक वर्षको शुरूमा कुल सार्वजनिक ऋण रू. २४ खर्ब ३४ अर्ब ९ करोड रहेकोमा मङ्सिर मसान्तसम्ममा रू. ५८ अर्ब ३१ करोड थप भई कुल सार्वजनिक ऋण रू. २४ खर्ब ९२ अर्ब ४१ करोड पुगेको छ, जुन कुल गार्हस्थ्य उत्पादनको ४३ दशमलव ६९ प्रतिशत हो।

**सरकारले चालू आर्थिक वर्षका लागि रू. पाँच खर्ब ४७ अर्ब सार्वजनिक ऋण परिचालन गर्ने लक्ष्य राखेकोमा मङ्सिर मसान्तसम्ममा रू. एक खर्ब ९२ अर्ब २९ करोड ऋण उठाइसकेको छ।**

मङ्सिर महीनामा रू. ५८ अर्ब २४ करोड ऋण दायित्व भुक्तानी तथा २१ अर्ब २३ करोडमात्र ऋण प्राप्ति भएको र विनिमय दरमा भएको घटबढको प्रभावले कात्तिक मसान्तसम्मको तुलनामा मङ्सिर मसान्तसम्ममा रू. २५ अर्ब ६४ करोड ऋण दायित्व घटेको देखिन्छ।

कार्यालयका अनुसार सरकारले हालसम्म तिर्न बाँकी आन्तरिक ऋणको दायित्व रू. १२ खर्ब १७ अर्ब ६६ करोड १८ लाख छ। त्यसैगरी बाह्य ऋण दायित्व रू. १२ खर्ब ७४ अर्ब ७५ करोड छ।

सरकारले चालू आर्थिक वर्षका लागि रू. पाँच खर्ब ४७ अर्ब सार्वजनिक ऋण परिचालन गर्ने लक्ष्य राखेकोमा मङ्सिर मसान्तसम्ममा रू. एक खर्ब ९२ अर्ब २९ करोड ऋण उठाइसकेको छ। वार्षिक लक्ष्यको तुलनामा पाँच महीनाको कुल सार्वजनिक ऋण प्राप्ति ३५ दशमलव १५ प्रतिशत बराबर हो। चालू आर्थिक वर्षका लागि आन्तरिक ऋणतर्फ रू. तीन खर्ब ३० अर्ब उठाउने लक्ष्य रहेकोमा हालसम्म वार्षिक लक्ष्यको ४९ दशमलव ७० प्रतिशत अर्थात् रू. एक खर्ब ६४ अर्ब बराबर ऋण उठाइसकेको छ।

यसैगरी रू. दुई खर्ब १७ अर्ब बाह्य ऋण उठाउने लक्ष्य रहेकोमा हालसम्म वार्षिक लक्ष्यको १३ दशमलव शून्य ४ प्रतिशत अर्थात् रू. २८ अर्ब २९ करोड १८ लाख प्राप्त भएको छ। कुल गार्हस्थ्य उत्पादनको आधारमा मङ्सिर मसान्तसम्मको कुल ऋण सेवा खर्च दुई दशमलव ९९ प्रतिशत रहेको छ।

# रसुवागढी आयोजनाद्वारा विद्युत् उत्पादन शुरू



रसुवा। रसुवागढी हाइड्रोपावरले विद्युत् उत्पादन शुरू गरेको छ। उत्तरी रसुवाको टिमुरेस्थित रसुवागढी जलविद्युत् आयोजनाको परीक्षण उत्पादन शुरू गरिएको हो। जिल्लाको गोसाइँकुण्ड गाउँपालिका वडा नं १ र २ को तातोपानीस्थित भोटेकोशीको तटीय क्षेत्रमा आयोजना निर्माण गरिएको छ। उक्त विद्युत्गृहमा जडित ३७ मेगावाट क्षमताका तीनओटा युनिटबाट विद्युत् उत्पादन हुने बताइएको छ।

हाल चिसोयामका कारण खोलाको पानी बहाव घटेपछि पहिलो परीक्षणबाट ५२ मेगावाट विद्युत् उत्पादन गरिएको आयोजना प्रमुख सत्यराम ज्याख्वाले जानकारी दिए। तीनओटै युनिट चालू गराइसकिएको र वर्षायाममा क्षमताअनुसार विद्युत् उत्पादन हुने उनले बताए।

सो आयोजनाको कुल लागत १८ अर्ब ६९ करोड २० लाखको रहेको बताइएको छ। सन् २०१४ देखि पूर्ण रूपमा निर्माण शुरू भए पनि विगतमा भएको पेट्रोलियम पदार्थको अभाव, विसं २०७२ को विनाशकारी भूकम्प, भोटेकोशीमा बर्सातको समयमा आइरहने बाढी, वर्षायाममा राजमार्ग अवरुद्ध हुँदा सामान ढुवानीमा परेको असरले निर्माण सम्पन्न गर्न केही समय ढिलाइ भएको बताइएको छ।

रसुवागढी जलविद्युत् आयोजनाले वार्षिक रूपमा ६१ करोड ३८ लाख ७५ हजार युनिट विद्युत् उत्पादन गरेर ३ अर्ब २५ करोड आय गर्ने बताइएको छ। रसुवागढीमुनि भोटेकोशीमा बाँध बाधेर ४ हजार १ सय ८५ मिटर सुरुङको सहायताले टिमुरे गाउँको दुहार तातोपानीपारिको पहराभित्र निर्माण गरिएको विद्युत् गृहमा तीनओटा टर्बाइन जडान भएको र जडित सबै उपकरण चालू भइसकेको प्राविधिकले बताएका छन्। चिलिमे जलविद्युत् कम्पनीको भगेनी संस्था रसुवागढी जलविद्युत् कम्पनीमार्फत सो आयोजना निर्माण भएको हो। चिलिमे जलविद्युत् केन्द्रलाई धितो बन्धक राखेर कर्मचारी सञ्चय कोषको ऋण र नेपाल विद्युत् प्राधिकरण तथा स्थानीय निकाय समेतको शेयर लगानीमा सो आयोजना निर्माण सम्पन्न भएको हो। *रासस*

## वीरगञ्जबाट चारपांग्रे सवारी आयात घट्यो

वीरगञ्ज (पर्सा)। वीरगञ्ज भन्सार नाका हुँदै चालू आर्थिक वर्ष (आव)को पाँच महीनामा चारपांग्रे सवारीसाधनको आयात घटेको छ। वीरगञ्ज भन्सार कार्यालयका अनुसार चालू आवको पाँच महीनामा रू. ९२ करोड तीन लाख ३६ हजार मूल्यका चार सय ८२ जीप, कार र भ्यान आयात भएका छन्। गत आवको पाँच महीनाको तुलनामा चालू आवको सोही अवधिमा संख्याको आधारमा ३८ दशमलव १३ प्रतिशतले सवारीसाधनको आयात घटेको हो। गत आवको सोही अवधिमा रू. एक अर्ब २० करोड १४ लाख दुई हजार मूल्यका सात सय ७९ ओटा जीप, कार र भ्यानको आयात भएको थियो।

इन्धनबाट चल्ने जीप, कार र भ्यानको मात्रै नभएर वीरगञ्ज नाका हुँदै भित्रिने चारपांग्रे विद्युतीय सवारीसाधनको पनि आयात घटेको भन्सारको तथ्यांकले देखाएको छ। चालू आवको पाँच महीनामा यो नाका हुँदै रू. १४ करोड ७८ लाख ६ हजारका ९७ विद्युतीय जीप, कार र भ्यानको आयात भएको छ। गत आवको पाँच महीनाको तुलनामा चालू आवको सोही अवधिमा विद्युतीय सवारीसाधनको आयात ५९ दशमलव शून्य ७ प्रतिशतले घटेको देखिन्छ। *रासस*

माथिल्लो तामाकोशी जलविद्युत् आयोजना

# ८८ दिनपछि आंशिक उत्पादन शुरू

**अभियान संवाददाता**
काठमाडौं



४५६ मेगावाटको माथिल्लो तामाकोशी जलविद्युत् केन्द्रबाट आंशिक रूपमा विद्युत् उत्पादन शुरू भएको छ। गत असोज ११ र १२ गतेको वर्षाका कारण आएको पहिरोले क्षति पुऱ्याएका संरचनाको मर्मतसम्भार गरी ८८ दिनपछि मंगलवार बेलुकाबाट पुनः विद्युत् उत्पादन शुरू गरी राष्ट्रिय प्रसारण प्रणालीमा जोडिएको छ।

हाल नदीमा उपलब्ध पानीको बहावलाई पूर्ण रूपमा प्रयोग गरी १२० मेगावाट विद्युत् उत्पादन गरिएको आयोजनाले जानकारी दिएको छ। वर्षाका कारण तामाकोशी नदीमा पानीको बहाव उच्च भएपछि असोज ११ गते साँझदेखि केन्द्रबाट विद्युत् उत्पादन बन्द गरिएको थियो। असोज १२ गतेको पहिरोले बाँधस्थलभन्दा केही तल दायाँतर्फ रहेका नियन्त्रण कक्ष (कन्ट्रोल रुम) भवन, बालुवा थिग्य्राउने पोखरी (डिस्याण्डर) र बाँधबाट डिस्याण्डरसम्म पानी पुऱ्याउने भूमिगत नहर (कल्भर्ट)मा क्षति पुऱ्याएको थियो।

गोंगरस्थित विद्युत्गृहबाट लामाबगरस्थित बाँधस्थलतर्फ जाने करीब तीन सय मिटर पहुँचमार्ग खण्डमा ठूल्ठूला ढुंगा खसेर सडक अवरुद्ध भएको थियो। विष्फोटक पदार्थ प्रयोग गरी ढुंगा फुटाएर सडक खुलाइएको थियो।

दुईओटा डिस्याण्डरमध्ये बायाँतर्फको डिस्याण्डरको आंशिक मर्मतसम्भार सकेर विद्युत् उत्पादनका लागि तय गरिएको समयतालिकाभन्दा एक दिनअघिदेखि उत्पादन शुरू गरिएको आयोजनाले बताएको छ। आंशिक क्षति पुगेको डिस्याण्डरको पर्खालको पुरानो ढलान भत्काएर मर्मत गरिएको छ। यसैगरी कल्भर्टको भित्ता र सिलिङमा देखिएका चिराहरूको ग्राउटिङ गरी मर्मत गरिएको छ। पहिरोले क्षति पुऱ्याएको डिस्याण्डर आंशिक मर्मत गरी तत्कालका लागि माथिल्लो तामाकोशीलाई नदी प्रवाहीका रूपमा सञ्चालनमा ल्याइएको हो। डिस्याण्डरको बाँकी मर्मतसम्भार भइरहेको बताइएको छ। उक्त काम सम्पन्न भएपछि विद्युत् कम माग हुने समयमा पानी जम्मा गरी बढी माग हुने बिहान र बेलुकाको समय (पिक)मा केन्द्रलाई ४ घण्टा पूर्ण क्षमतामा चलाउन सकिन्छ। केन्द्रलाई पुसभित्र पिक समयमा चलाउन सक्ने गरी मर्मतसम्भार भइरहेको जानकारी आयोजनाले दिएको छ।

जलविद्युत् केन्द्रको प्रवर्द्धक कम्पनी अपर तामाकोशी हाइड्रोपावर सञ्चालक समितिका अध्यक्षसमेत रहेका नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ, कम्पनी सञ्चालक समितिका सदस्य, प्रमुख कार्यकारी अधिकृत (सिईओ)सहितको टोलीले मङ्सिर १८ मा स्थलगत अनुमगन गरी पुस १० भित्र मर्मतसम्भार सम्पन्न गरी विद्युत् उत्पादन शुरू गर्ने तालिका तय गरेको थियो।

कार्यकारी निर्देशक घिसिङले कम्पनी सञ्चालक समिति, व्यवस्थापन, परामर्शदाता र निर्माण व्यवसायीको निरन्तर प्रयास र रातदिनको खटाईबाट माथिल्लो तामाकोशीको मर्मत सम्भार सम्पन्न भई तालिकाभन्दा एक दिन अघि नै विद्युत् उत्पादन शुरू गर्न सफल भएको बताए।

'देशकै ठूलो विद्युत्गृह बन्द हुँदा विद्युत् आपूर्ति व्यवस्थापनमै असहजता उत्पन्न भएको थियो, केन्द्रबाट आंशिक रूपमा विद्युत् उत्पादन शुरू भएसँगै भारतबाट गरिने विद्युत् आयात सन्तुलन कायम गरी पिक समयको विद्युत् आपूर्तिमा सहजता हुनेछ,' उनले भने।

कम्पनीका सिईओ मोहनप्रसाद गौतमले कम्पनीका सञ्चालक समिति, विज्ञसमूहबाट विद्युत्गृह सञ्चालन गर्न प्राप्त सुझाव समेटेर मर्मत सम्भारका उपाय अवलम्बन गरी कार्ययोजनासहित काम गरिएको बताए। दायाँतर्फको अर्को डिस्याण्डर मर्मत आगामी वर्षायाम शुरू हुनुभन्दा अगाडि नै सक्ने गरी काम गर्न निर्माण व्यवसायी छनोटका लागि बोलपत्र (टेण्डर) आह्वान भइसकेको जानकारी उनले दिए।

जलविद्युत् केन्द्रका सम्पूर्ण संरचनाको बीमा गरिएकाले क्षति पुगेको संरचनाको मर्मतसम्भार खर्च बीमाबाट प्राप्त रकमबाट बेहोरिनेछ। कम्पनीले पहिरोले पुऱ्याएको क्षतिको १ अर्ब ७८ करोड रुपैयाँको प्रारम्भिक बीमा दावी गरेको थियो। कम्पनी र बीमक राष्ट्रिय बीमा कम्पनीबाट हाल संयुक्त रूपमा क्षतिको यकिन मूल्यांकन भइरहेको छ। उक्त काम सम्पन्न भएपछि बीमाको रकम भुक्तानी प्राप्त हुनेछ। यसैगरी, विद्युत् बिक्रीबाट प्राप्त हुने आम्दानीको तीन महीनाको बीमा गरिएको छ। बीमा सम्झौतामा उल्लिखित शर्तबमोजिम कम्पनीले दुई महीनाको आम्दानीको भुक्तानी पाउनेछ।

## तथ्यांकोवाच

### सुनको विश्व आयात

विश्व अर्थतन्त्रको सूचक धातुका रूपमा रहेको सुनको विश्व आयातले विश्व अर्थतन्त्रमा ठूलो अर्थ राख्दछ। यहाँ प्रस्तुत तथ्यांकले सुनको विश्व आयातका प्रमुख खेलाडी देशहरू र तिनले सुनमा लागू गरेको भन्सार दरले यसको महत्त्व एवं उपादेयतालाई पुष्टि गर्दछ। यहाँ प्रस्तुत तथ्यांकले आयातको तथ्यांक मात्र नभई मुलुकले कस्तो सुननीति अंगीकार गर्नुपर्दछ भन्ने मागदर्शन समेत गर्दछ।

| सन् २०२३ मा विश्वमा सुन आयात | | | | | |
|---|---|---|---|---|---|
| देश | कुल आयात (अर्ब अमेरिकी डलर) | सन्तुलन (अर्ब अमेरिकी डलर) | विश्व आयातमा अंश प्रतिशत | औसत भन्सार दर प्रतिशत | स्थिति |
| विश्व | ५५६.०१ | -३८.०२ | १०० | | खुद आयातक |
| **आयातका आधारमा प्रमुख मुलुक** | | | | | |
| स्विट्जरल्याण्ड | १०२.३३ | ४.९२ | १८ | - | खुद निर्यातक |
| चीन | ९२.१३ | -८८.०५ | १७ | ० | खुद आयातक |
| संयुक्त अरब इमिरेट्स | ७६.७५ | -२३.९२ | १४ | - | खुद आयातक |
| हङकङ, चीन | ५९.८५ | -१९.५५ | ११ | - | खुद आयातक |
| संयुक्त अधिराज्य बेलायत | ४८.०५ | १७.२० | ९ | - | खुद निर्यातक |
| भारत | ४२.५८ | -४२.५० | ८ | ८ | खुद आयातक |
| टर्की | ३०.०२ | -२५.६९ | ५ | - | खुद आयातक |
| संयुक्त राज्य अमेरिका | १५.१० | १०.९४ | ३ | १ | खुद निर्यातक |
| सिंगापुर | १२.५६ | ०.०० | २ | - | खुद निर्यातक |
| क्यानडा | ९.५३ | १०.९० | २ | ० | खुद निर्यातक |
| थाइल्याण्ड | ७.९६ | -२.०२ | १ | - | खुद आयातक |
| साउदी अरेबिया | ७.३१ | -५.९० | १ | - | खुद आयातक |
| इटाली | ६.६९ | -३.०४ | १ | - | खुद आयातक |
| अस्ट्रेलिया | ५.६९ | १३.१५ | १ | - | खुद निर्यातक |
| जर्मनी | ४.९२ | ५.३० | १ | - | खुद निर्यातक |
| अस्ट्रिया | ३.५३ | -१.२२ | १ | - | खुद आयातक |
| मलेसिया | २.८८ | -२.२३ | १ | - | खुद आयातक |
| इन्डोनेसिया | २.६० | -१.७५ | १ | ३ | खुद आयातक |
| फ्रान्स | २.३५ | ०.१४ | ० | - | खुद निर्यातक |
| इराक | २.१९ | -०.५९ | ० | ... | खुद आयातक |
| लेबनान | २.०९ | -१.७६ | ० | - | खुद आयातक |
| युगान्डा | १.९० | ०.३३ | ० | २३ | खुद निर्यातक |
| चिनियाँ ताइपेई | १.७१ | -०.५३ | ० | - | खुद आयातक |
| जोर्डन | १.३७ | -०.९८ | ० | - | खुद आयातक |
| आर्मेनिया | १.३७ | ०.४४ | ० | ७ | खुद निर्यातक |
| इरान | १.२२ | -१.२२ | ० | ५ | खुद आयातक |
| कोरिया गणतन्त्र | ०.९८ | ०.५६ | ० | २ | खुद निर्यातक |
| कुवेत | ०.९० | -०.७२ | ० | - | खुद आयातक |
| बंगलादेश | ०.८३ | -०.८३ | ० | ६ | खुद आयातक |
| ओमान | ०.७४ | -०.६४ | ० | - | खुद आयातक |
| दक्षिण अफ्रिका | ०.६७ | ४.९६ | ० | - | खुद निर्यातक |
| बहराइन | ०.५९ | -०.४९ | ० | - | खुद आयातक |
| स्पेन | ०.५८ | २.३९ | ० | - | खुद निर्यातक |
| स्वतन्त्र आर्थिक क्षेत्र | ०.४७ | -०.४७ | ० | ... | खुद आयातक |
| बेल्जियम | ०.३८ | ०.६४ | ० | - | खुद निर्यातक |
| कतार | ०.३५ | -०.३५ | ० | - | खुद आयातक |
| पोल्याण्ड | ०.३४ | -०.०७ | ० | - | खुद आयातक |
| नेदरल्याण्ड्स | ०.३० | -०.०४ | ० | - | खुद आयातक |
| डोमिनिकन रिपब्लिक | ०.३० | ०.८८ | ० | १२ | खुद निर्यातक |
| जापान | ०.२८ | १२.२२ | - | - | खुद निर्यातक |
| भियतनाम | ०.२७ | -०.२५ | - | १ | खुद आयातक |
| चेक गणतन्त्र | ०.२४ | -०.१५ | - | - | खुद आयातक |
| कम्बोडिया | ०.२२ | ०.६० | - | - | खुद निर्यातक |
| नेपाल | ०.१९ | -०.१९ | - | १५ | खुद आयातक |
| रूसी संघ | ०.१८ | १३.४१ | - | ७ | खुद निर्यातक |
| स्वीडेन | ०.१८ | ०.६५ | - | - | खुद निर्यातक |
| कजाकिस्तान | ०.१५ | ०.२८ | - | ६ | खुद निर्यातक |
| स्लोभेनिया | ०.१५ | -०.१३ | - | - | खुद आयातक |

*स्रोत : आइटिसी*

न्यू बिजनेश एज लि.द्वारा प्रकाशित प्रधान सम्पादक : मदन लम्साल सम्पादकीय निर्देशक : केशव गौतम कार्यकारी सम्पादक : पृथ्वीमान श्रेष्ठ पाञ्चायनमार्ग, थापाथली, काठमाडौं पो.ब.नं. १४१९७, फोन-०१-५३६७७१७ इमेल : editorial@abhiyan.com.np मुद्रक : समा पेपर्स एण्ड पब्लिकेसन लि., भैंसेपाटी, ललितपुर